प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ

५०औँ वार्षिक प्रतिवेदन

आ.व. २०८१/८२



२०८२ असोज

© प्रकाशकाधीन

प्रकाशक	:	प्रेस काउन्सिल नेपाल सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ
फोन	:	०१-५९१५३५४, ५९१९६७८
इमेल	:	info@presscouncilnepal.gov.np
वेबसाइट	:	http//www.presscouncilnepal.gov.np
प्रकाशन मिति	:	२०८२ असोज
मुद्रित प्रति	:	१०००
मुद्रक	:	धनश्री प्रिन्टर्स प्रा.लि., काठमाडौँ

विषयसूची

शीर्षक	पृष्ठ नं.
अग्रलेख	१
खण्ड १: वार्षिक कार्यक्रम र बजेट	९
१.१ वार्षिक कार्यक्रम र प्रगति	११
१.२ आर्थिक स्थिति	४०
खण्ड २: अनुगमन र कारबाही	४७
२.१ आचारसंहिता अनुगमन	४९
खण्ड ३: अभिलेख	१८९
३.१ सञ्चार माध्यमको अभिलेख	१९१
खण्ड ४: वर्गीकरण र मिडिया प्रवर्धन	२११
४.१ पत्रपत्रिका वर्गीकरण	२१३
४.२ प्रेस स्वतन्त्रता अनुगमन	२२२
४.३ मिडिया प्रवर्धन	२४९
४.४ प्रेस क्लिपिङ सेवा	२५४
खण्ड ५: पुरस्कार र सम्मान	२५७
अनुसूची	२६३
आ.व. २०७८/७९ को पत्रपत्रिका वर्गीकरण नतिजा	२६३

अग्रलेख

नयाँ सन्दर्भ, नयाँ चुनौती

मुलुक फेरि नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ । जेन-जी आन्दोलनको प्रभावले प्रतिनिधिसभा विघटन भएको छ । अन्तरिम सरकार गठन भएको छ र पुनः प्रतिनिधिसभा निर्वाचनको मिति तोकिएको छ । संसारभर राजनीतिक परिवर्तनका अघि र पछि सञ्चार क्षेत्रको सरोकार सधैँ चासोको विषय बन्छ । नेपालमा न्यु मिडियाको प्रभावमा आधारित राजनीतिक आन्दोलनको सफलता, आन्दोलनका दौरान सञ्चारक्षेत्रमा भएको भौतिक क्षति र अन्तरिम सरकार गठनसँगै नयाँ सन्दर्भमा सञ्चार क्षेत्रको भूमिका पुनः बहसको विषय बनेको छ । राजनीतिक सङ्क्रमणमा सबैभन्दा जिम्मेवार बन्नुपर्ने दायित्व सञ्चारक्षेत्रकै रहन्छ । सञ्चारक्षेत्रको जिम्मेवार भूमिकाले मात्रै सङ्क्रमणको अन्त्य, सुशासन स्थापना र नागरिक सर्वोच्चता स्थापित गर्न मद्दत पुऱ्याउँछ । प्रेस काउन्सिल नेपालले स्थापनाको ५६औँ वार्षिकोत्सव मनाइरहँदा मुलुकको बदलिएको राजनीतिक परिवेश र सञ्चारक्षेत्रका नयाँ चुनौतीको समीक्षा अपरिहार्य छ ।

नेपालको हरेक राजनीतिक आन्दोलनसँग नेपाली पत्रकारिता क्षेत्रको प्रत्यक्ष सम्बन्ध रहेको छ । २००७ सालको क्रान्तिपूर्व नेपालमा प्रजातन्त्रको औचित्य स्थापित गराउन प्रवासबाट प्रकाशन गरिएका पत्रपत्रिकाले योगदान दिए । २०३६ सालको जनमतसङ्ग्रहदेखि २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनाको अवधिसम्म चलेको 'मिसन पत्रकारिता' आज पनि पत्रकारिता इतिहासका लागि पठनीय छ । प्रजातन्त्र पुनःस्थापनासँगै व्यावसायिक अभ्यासमा अभ्यस्त हुन थाले पनि नेपाली पत्रकारिता क्षेत्रले निरन्तरको सङ्क्रमण सामना गरिरहनुपरेको छ । २०५२ साल फागुनदेखिको सशस्त्र सङ्घर्ष होस् वा २०६१ माघ १९ पछिको प्रत्यक्ष शाही शासन, नेपाली सञ्चारक्षेत्र निर्णायक भूमिकामै रहे । कहिले सत्ताको दमन त कहिले सङ्घर्ष गर्नेहरूको प्रहार खेपेर पनि नेपाली पत्रकारिता क्षेत्रले आफ्नो धर्म निर्वाह गर्दै आएको छ ।

२०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनको मुख्य शक्तिकै रूपमा स्थापित नेपालको पत्रकारिता क्षेत्रले त्यसयता संविधानसभाबाट संविधान निर्माण गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने कार्यभारलाई खबरदारीसहित सहयोग गऱ्यो । राजनीतिक परिवर्तनका लागि सधैँ निर्णायक सहयोगी रहे पनि नेपालको पत्रकारिता क्षेत्र सधैँ राजनीतिक शक्तिहरूको प्रभावक्षेत्र बनिरह्यो । गणतन्त्र स्थापनापश्चात नेपालको पत्रकारिता क्षेत्रले व्यावसायिक हिसाबले प्रभावकारी फड्को मारेको मान्न सकिन्छ । डिजिटल प्रविधिमा अभ्यस्त हुँदै नेपाली जनजीवनको एक महत्वपूर्ण हिस्साका रूपमा स्थापित भइसकेको नेपाली पत्रकारिता क्षेत्रले २०७२ को भूकम्प र कोरोनाकालसमेतमा निर्वाह गरेको भूमिका सधैँ सराहनीय छ ।

यसपटक २ दिनकै आन्दोलनले नेपालमा राजनीतिक कोर्स परिवर्तन गरेको छ । आन्दोलनको उद्घोष र सुरुवात मूलतः सोसल मिडिया प्लेटफर्महरूमा भएका थिए । बदलिएको राजनीतिक सन्दर्भले नेपाली पत्रकारिता क्षेत्रलाई पनि नयाँ चुनौती र नयाँ अवसरको बाटो देखाएको छ । इतिहासका हरेक कालखण्डमा सङ्घर्षपूर्ण ढङ्गले आफ्नो उपादेयता पुष्टि गर्दै आएको नेपाली पत्रकारिता क्षेत्रले पुनः एकपटक आफूलाई प्रमाणित गर्नुपर्ने बेला भएको छ ।

नयाँ परिवेशमा नेपाली प्रेस

मुलुकमा यतिबेला अन्तरिम सरकार छ । अन्तरिम शासन संसारभर संवेदनशील मानिन्छ । यस्तो संवेदनशील बेलामा पत्रकारिता क्षेत्रले पनि विशेष सचेतता अपनाउनुपर्छ । त्यस्तो सचेतता प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उच्चतम उपयोग गरेरै पनि गर्न सकिन्छ । जसरी राजनीतिक सङ्क्रमणबाट मुलुकलाई जतिसक्दो चाँडो निकास दिनु अन्तरिम नागरिक सरकारको प्राथमिकता हो, त्यसरी नै जनमतमा आधारित लोकतान्त्रिक शासन स्थापनाका लागि रचनात्मक र जिम्मेवार भूमिका निर्वाह गर्नु प्रेसको धर्म हो । सूचना प्रविधिको तीव्र विकासले पत्रकारिता आज कुनै क्लिष्ट परिभाषाको विषय रहेन । सूचनाको विनिमयमा नागरिकको पहुँच वृद्धिले सञ्चार माध्यम र सामाजिक सञ्जालबिच फरक छुट्याउन सकस परेको छ । यस्तो बेलामा जिम्मेवार सञ्चार माध्यमले दिने सामग्री नै विश्वसनीयताको पहिलो कदम हुनुपर्छ । सत्यतथ्यमा आधारित सूचनाको प्रवाहले नै पत्रकारितामाथिको भरोसा

अभिवृद्धि हुनसक्छ । राजनीतिक सङ्क्रमणका समयमा सङ्क्रमण लम्ब्याउन चाहने वा अस्थिरताको निरन्तरता चाहने पक्षले सधैँ सञ्चार माध्यमको दुरुपयोगको प्रयत्न गर्नसक्छ । यसतर्फ सजग रहँदै नेपाली प्रेसबाट विगतमा झैँ पुनः एकपटक जिम्मेवार र जवाफदेही भूमिका अपेक्षा गरिएको छ ।

नेपाली पत्रकारिता क्षेत्रले बितेको एक वर्षमा आफ्नो व्यावसायिक निष्ठाविरुद्ध उठेका प्रश्नहरू धेरै सामना गर्नुपऱ्यो । न्यु मिडियाको उदयका कारण सिर्जित चुनौतीसँग सामना गर्दागर्दै राजनीतिक दलहरूको कमजोरीसँग पनि नेपाली पत्रकारिता क्षेत्रलाई प्रत्यक्ष जोड्ने प्रवृत्ति क्रमशः बढ्यो । नियमित समाचार सम्प्रेषण, विचार निर्माण र खोजमूलक समाचार सम्प्रेषण गर्दागर्दै पनि पत्रकारिताको मूलधार क्रमशः कमजोर हुँदै गयो । सामाजिक सञ्जाल र आमसञ्चार माध्यमबिच सिर्जना भएको अदृश्य सङ्घर्षले नेपाली पत्रकारितालाई निकै गिजोल्यो । मूलधारको सञ्चारमाध्यममा नअटाएका विषयहरू वैकिल्पक माध्यमका रूपमा रहेका न्यू मिडिया र सामाजिक सञ्जालमार्फत सम्प्रेषण हुनथाले । समाचारको मूल स्रोतका रूपमा सामाजिक सञ्जाललाई नै विश्वास गर्ने तर मूलधारको पत्रकारिताप्रति शङ्काको दृष्टि राख्ने क्रमले नेपाली पत्रकारितालाई क्रमशः कमजोर बनाउँदै गयो । राजनीतिक दलहरू र सञ्चार संस्थाहरूप्रति साझा धारणा बन्नु स्वभाविक छैन । केही राजनीतिज्ञले नेपाली पत्रकारिता क्षेत्रको जिम्मेवार पक्षलाई नजरअन्दाज गरी हलुका टिप्पणी गर्नु र केही पत्रकारकै भूमिका पत्रकारिताको हितमा भन्दा विपक्षमा बढी उपयोगी हुनुले पनि नेपाली पत्रकारिता क्षेत्रलाई समस्यामा पारेको छ । नेपाली समाजमा पत्रकारिता क्षेत्रले बढी स्वतन्त्रता उपभोग गरेको, पत्रकारिता क्षेत्र आफैँमा जवाफदेही नरहेको तथा पत्रकारिताकै कारण मुलुकले विकास गर्न नसकेकोजस्ता आधारहीन भाष्य निर्माण गराउने प्रयास भएको छ । यस्तो प्रयासले पत्रकारिता नभएर लोकतान्त्रिक शासन प्रभावित हुनेतर्फ नागरिक समाज सचेत हुन जरुरी छ । पत्रकारिता क्षेत्रले पनि समाजद्वारा अपेक्षित जायज सुधारका लागि आफूलाई हमेसा तयार राख्नुपर्छ ।

नियमनको ऐतिहासिक सन्दर्भ

पत्रकारितामा स्वनियमको औपचारिक सुरुवात सन् १९१६ मा स्वीडेनबाट भयो । विश्वकै सबैभन्दा पुरानो प्रेस काउन्सिलका रूपमा रहेको स्वीडिस प्रेस

काउन्सिलको स्थापनाकालीन उद्देश्य र संसारभर आज प्रचलित प्रेस काउन्सिलहरूको सैद्धान्तिक उद्देश्यमा खास भिन्नता देखिँदैन । युरोपेली राष्ट्रहरूमा सञ्चार माध्यमहरू खुल्ने क्रम बढ्दै जाँदा सनसनीपूर्ण सूचना, व्यक्तिगत गोपनीयताका सामग्री र अपुष्ट जानकारीहरूको प्रवाह बढ्यो । समाचारका रूपमा प्रस्तुत हुने भ्रमपूर्ण सूचनाले तत्कालीन समाजमा पनि विश्रृङ्खलता बढायो । सञ्चार माध्यममाथि कडाइ र नियमनका आवाज उठे । सरकार र न्यायालयबाट सञ्चारक्षेत्रमा नियमन हुनु पत्रकारिताको मूल्यमा महङ्गो पर्न जाने विश्लेषणका आधारमा पत्रकारिता क्षेत्रकै अगुवाहरूले स्वनियमनको अवधारणा ल्याए । त्यसैको परिणामस्वरुप स्वीडेनमा विश्वकै पहिलो प्रेस काउन्सिल स्थापना भयो । जसको मुख्य उद्देश्य राज्यको हस्तक्षेपबिनै पत्रकारितालाई मर्यादित, विश्वसनीय र जवाफदेही बनाउनु थियो ।

विश्वमा प्रेस काउन्सिल स्थापनाको एकसय दश वर्ष लामो अवधिपछि पनि लोकतान्त्रिक मुलुकहरूमा प्रेस काउन्सिलका सैद्धान्तिक उद्देश्यहरू समान छन् । सञ्चार माध्यमको प्रकृति र प्रवृत्तिमा भिन्नता देखिएपनि नियमनको नियतमा फरक आएको छैन । यही कारण नेपालमा पनि प्रेस काउन्सिलले आफूलाई पत्रकारिताको व्यावसायिक र उच्चतम अभ्यासका लागि सहयोगीका रूपमा भूमिका निर्वाह गरिरहेको छ । प्रेस काउन्सिल ऐन २०४८ ले नेपालमा पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनको लागि प्रेस काउन्सिलको व्यवस्था गरेको छ । विगत ५६ वर्षदेखि यही उद्देश्यप्रति समर्पित रहेर प्रेस काउन्सिल नेपालले आफूलाई क्रियाशील राख्दै आएको छ ।

नेपालमा पछिल्लो समय पत्रकारिता क्षेत्रको न्यायाधीकरणका रूपमा प्रेस काउन्सिल नेपालको अझ विस्तारित भूमिका अपेक्षा गर्न थालिएको छ । सञ्चार माध्यमबाट सम्प्रेषण भएका समाचारमा चित्त नबुझ्ने पक्षले प्रेस काउन्सिलमार्फत नै न्यायिक उपचार पाउनुपर्छ भन्ने सार्वजनिक धारणा बलियो बन्दै गएको छ । पत्रकारिता क्षेत्रलाई नियमन गर्दै स्वस्थ पत्रकारिताका लागि उचित वातावरण बनाउन काउन्सिलले आफ्नो भूमिकालाई स्थापनाकालदेखि नै सन्तुलित र प्रभावकारी बनाउन प्रयत्न गरिरहेकै छ ।

क्रियाशीलता बढाउँदै काउन्सिल

प्रेस काउन्सिल नेपालका आफ्नै सीमितता छन् । यद्यपि यसप्रतिका अपेक्षाहरू असीमित छन् । प्रेस काउन्सिल ऐन, २०४८ ले प्रेस काउन्सिलाई नेपाली पत्रकारिता क्षेत्रको नियामक निकायका रूपमा प्रस्तुत गरेको छ । काउन्सिलमा पत्रकारिता क्षेत्रमै लामो समय क्रियाशील व्यक्तिहरूको प्रतिनिधित्व हुनेगरेका कारण पत्रकारिता क्षेत्रका समग्र सरोकारहरू पनि काउन्सिलबाटै सम्बोधन होस् भन्ने अपेक्षा रहेको पाइन्छ । काउन्सिलले आफ्नो सीमितता र अपेक्षाको दबाबबिच सक्रिय कार्यशैली अपनाइरहेको छ । पत्रकार र पत्रकारितासँग सम्बन्धित प्रत्येक सरोकारमा काउन्सिल जोडिएको छ ।

गत आर्थिक वर्षमा प्रेस काउन्सिल नेपालमा आचारसंहितासम्बन्धी ३ सय ४१ वटा उजुरी दर्ता भएका छन् । जसमध्ये २ सय ३ वटा फछ्यौंट भइसकेका छन् भने १ सय ३८ वटा उजुरीमाथि आवश्यक कारबाही भइरहेको छ । यसरी हेर्दा आचारसंहितातर्फ गत वर्ष प्राप्त उजुरीमध्ये करिब ४० प्रतिशत उजुरी टुङ्गोमा पुगिसकेका छन् । पत्रकार आचारसंहिता उल्लङ्घन गरेकै कारण १२ वटा अनलाइन सञ्चार माध्यमलाई कालोसूची/अवज्ञाकारीको सूचीमा राखिएको छ । सञ्चार माध्यमको रूपमा दर्ता नभइ सञ्चालनमा रही आचारसंहितासमेत उल्लङ्घन गर्ने ४३ वटा युट्युब च्यानलको अनुगमन गरी कारबाही प्रक्रिया अगाडि बढाइएको छ । गत आर्थिक वर्षमा काउन्सिलले आचारसंहिता पालना र प्रेस स्वतन्त्रता सदुपयोगका सन्दर्भमा केन्द्रित रहेर ९ वटा विज्ञप्ति तथा अपील जारी गरेको छ ।

प्रेस काउन्सिलको भूमिका तथा आचारसंहिता कार्यान्वयनबारे केन्द्रित रही गत आर्थिक वर्षमा ३१ वटा जिल्लामा स्थलगत अनुगमन तथा अन्तरक्रिया गरिएको छ । प्रेस काउन्सिल पत्रकार कल्याण कोषबाट ३६ जना पत्रकारलाई औषधी उपचार सुविधा उपलब्ध गराइएको छ । उपकरण खरिद अनुगमन कार्यक्रममार्फत १६ जना पत्रकारलाई ल्यापटप र ४ जना पत्रकारलाई क्यामेरा खरिदका लागि अनुदान रकम भुक्तानी गरिएको छ । शोत्रपत्र लेखन छात्रवृत्तिबापत ७ जना, रेडियो स्थापनातर्फ २ जना, सञ्चार केन्द्र स्थापनातर्फ १ जना र अफसेट प्रेसतर्फ १ जनालाई प्रत्यक्ष अनुदान उपलब्ध गराइएको छ ।

प्रेस काउन्सिल नेपालमा गत आर्थिक वर्षमा ५ सय ४ वटासहित हालसम्म जम्मा ५ हजार १ सय २६ वटा अनलाइन सञ्चार माध्यम सूचीकरण भएका छन् । पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्ध रहेका १ हजार २ सय ४५ पत्रपत्रिकाको ५ लाख २१ हजार ८ सय १० पृष्ठ अपलोड भइ डिजिटल दस्तावेज समेतका रूपमा सुरक्षित रहेका छन् ।

गत आर्थिक वर्षमा प्रेस काउन्सिले नेपालले '**नेपाली मिडियाको इतिहासः छापादेखि डिजिटलसम्म**' प्रकाशित गऱ्यो । नेपाली सञ्चारक्षेत्रका अध्येता एवं पाठकहरूबाट सो पुस्तकको रचनात्मक एवं सकारात्मक प्रतिक्रियाले काउन्सिललाई हौसला प्रदान गरेको छ । गत आर्थिक वर्षमै कर्णालीको पत्रकारितासम्बन्धी पुस्तकसमेत प्रकाशन गरिएको छ ।

प्रेस काउन्सिलले आफ्नो नियमित जिम्मेवारीसँगै पत्रकारिता क्षेत्रमा सुधारका सन्दर्भमा सरोकारवालाहरूसँग निरन्तर संवाद गरिरहेको छ । गत आर्थिक वर्षमा पनि सम्पादक संवाद कार्यक्रममार्फत पत्रकारिताक्षेत्रको श्रीवृद्धिका लागि रचनात्मक प्रयास भएका छन् । नेपाली सञ्चार क्षेत्रमा नयाँ सरोकार र चासोको रूपमा रहेको सामाजिक सञ्जालको नियमनतर्फ ध्यान केन्द्रित गर्दै प्रेस काउन्सिलले मिडियाले सञ्चालन गर्ने गरेका युट्युबसहितका सञ्जाललाई व्यवस्थित गर्न, युट्युब व्यवस्थापन, सूचीकरण तथा अभिलेखीकरणसम्बन्धी कार्यविधि, २०८० जारी गरी सञ्चार माध्यमद्वारा सञ्चालित युट्युब र फेसबुक च्यानलको नियमन समेत गरिरहेको छ ।

प्रस्तावित मिडिया काउन्सिलबारे

बदलिँदो परिवेशमा पत्रकारिताको प्रवृत्ति र चुनौती पनि बदलिएका छन् । नियमनको परम्परागत अवधारणाले अब पत्रकारितालाई व्यावसायिक, मर्यादित र जवाफदेही बनाउन नसक्ने चिन्ता विश्वभरका सञ्चारअध्येताहरूले गरिरहेका छन् । परम्परागत मिडियादेखि न्यु मिडिया हुँदै सोसल मिडियासम्मको विस्तारित प्रभावका आधारमा नेपालमा प्रेस काउन्सिलको भूमिकालाई अझ प्रभावकारी बनाउनुपर्ने माग लामो समयदेखि उठेकै थियो । प्रेस काउन्सिललाई मिडिया काउन्सिलको नाम दिएर अहिलेभन्दा अझ चुस्त र प्रभावकारी बनाउने उद्देश्यसहित मिडिया काउन्सिल विधेयक

प्रस्तावित थियो । प्रतिनिधिसभा विघटनसँगै तत्कालका लागि मिडिया काउन्सिल विधेयक कार्यान्वयन हुने सम्भावना टरेको छ । यद्यपि प्रस्तावित विधेयकमा विज्ञ र सरोकारवालाले दिएका सुझावहरू कार्यान्वयनका लागि अझ पर्याप्त समय उपलब्ध भएको छ । यिनै सन्दर्भमा राष्ट्रियसभामा उत्पत्ति एवं पारित भइ प्रतिनिधिसभामा विचाराधीन अवस्थामा रहेकै बेला प्रेस काउन्सिलले विज्ञहरूसँगको सुझावसमेतका आधारमा संस्थागत सुझाव लिखितरूपमै तयार गरेको थियो । प्रेस काउन्सिलले प्रस्तावित विधेयकको नाम, उद्देश्य, गठन प्रकिया, कार्य प्रणालीलगायतका विषयमा दिएको सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता पनि व्यक्त भएको थियो । यद्यपि नयाँ परिस्थितिमा अब नयाँ प्रतिनिधिसभाले नै नेपाली सञ्चार क्षेत्रको नियमन, पत्रकार आचारसंहिताको परिपालना लगायतका विषयमा उपयुक्त कानुन बनाउने छ भन्ने अपेक्षा गर्दछौं । पत्रकार आचारसंहिता परिपालनको विषयलाई राजनीतिक वा कुनै पनि स्वार्थ समूहको उद्देश्य पूर्तिको माध्यम नभइ पत्रकारिताको बृहत्तर हित, विश्वसनीयता वृद्धि एवं नागरिकसँग पत्रकारको हार्दिक सम्बन्ध निर्माणको आवश्यकताका रूपमा लिनुपर्छ भन्नेमा प्रेस काउन्सिल नेपाल सदाझैं दृढ रहेको छ ।

चुनौती चिरौं, अगाडि बढौं

विश्व इतिहास साक्षी छ, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उच्चतम अभ्यासले मात्रै लोकतान्त्रिक शासनको सौन्दर्य जोगाउनसक्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उच्चतम् अभ्यासका लागि जवाफदेही पत्रकारिता जरुरी छ । त्यसका लागि सञ्चार माध्यमले सूचना सम्प्रेषण गर्दा अधिकतम सावधानी अपनाउन जरुरी छ । बदलिँदो परिस्थिति, सूचना प्रविधिको उच्चतम प्रयोग, कृत्रिम बौद्धिकताको विस्तारित प्रभाव आदिका कारण मिथ्या सूचना वा गलत सूचना फैलने जोखिम बढ्दो छ । जिम्मेवार सञ्चार माध्यम र जवाफदेही पत्रकारले कुनै पनि सूचना वा समाचार सम्प्रेषण गर्नुअघि तथ्य परीक्षण गर्न जरुरी छ । सानो गलत सूचनाको प्रवाहले पनि ठुलो सार्वजनिक क्षति निम्त्याउनसक्ने उदाहरण हाम्रा निकट अतीतमै हामीले बेहोरेका छौं । अझ राजनीतिक सङ्क्रमणको समयमा, व्यवस्था बदलावको प्रयत्न चलिरहँदा आम सञ्चार माध्यममार्फत हुनसक्ने 'इन्फरमेसन वार'प्रति नेपाली

पत्रकारिता क्षेत्र सचेत हुनैपर्छ। पत्रकार आचारसंहिताको पूर्ण कार्यान्वयनले कुनै पनि पत्रकार वा सञ्चार माध्यमको सार्वजनिक विश्वसनीयता बढाउन सक्छ। विश्वसनीय पत्रकारिताले मात्रै समाज र राष्ट्रलाई सही दिशानिर्देश गर्नसक्छ। नेपाली पत्रकारिता क्षेत्रको श्रीवृद्धि, स्वस्थ र मर्यादित पत्रकारिताको विकास तथा पत्रकारको व्यावसायिक ता अभिवृद्धिका लागि नयाँ सन्दर्भका नयाँ चुनौतीहरू चिरौँ, अगाडि बढौँ।

प्रेस काउन्सिल नेपाल एक स्वशासित संस्था हो। नेपाली पत्रकारिता क्षेत्रलाई मर्यादित, व्यावसायिक एवं जवाफदेही बनाउँदै स्वच्छ पत्रकारिताको वातावरण निर्माणमा काउन्सिल सदैव प्रतिबद्ध छ। विगतमा पनि राजनीतिक व्यवस्था परिवर्तन वा नेतृत्व परिवर्तनको सन्दर्भले काउन्सिलको मूल मर्मलाई प्रवाहित गर्ने अवस्था थिएन। अहिले पनि नयाँ सन्दर्भमा देखा परेका चुनौतीलाई सामना गर्दै व्यावसायिक पत्रकारिताको उच्चतम अभ्यासका लागि उपयुक्त वातावरण बनाउन समयानुकूल भूमिका निर्वाह गर्न प्रेस काउन्सिल नेपाल सक्षम र प्रतिबद्ध छ।

खण्ड १

वार्षिक कार्यक्रम र प्रगति

१.१ वार्षिक कार्यक्रम र प्रगति

१.१.१ वार्षिकोत्सव एवं पुरस्कार वितरण कार्यक्रम

प्रेस काउन्सिल नेपालको ५५औँ वार्षिकोत्सव कार्यक्रम २०८१ असोज ६ गते राष्ट्रपति कार्यालयमा विशेष समारोह गरी सम्पन्न भयो । समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक परिवर्तन, सामाजिक रूपान्तरण र आर्थिक विकासमा नेपाली पत्रकारिता जगतले निर्वाह गरेको भूमिका प्रशंसनीय भएको बताउनुभयो । राष्ट्रपति पौडेलले आमसञ्चार माध्यम लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्ड भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रतिफल जनताको घर, आँगनसम्म पुऱ्याउने कामका लागि शासन सञ्चालनमा बसेकाहरूलाई घच्घचाएर लोकतन्त्रप्रति जनताको भरोसा अभिवृद्धि गर्ने काममा तपाइँहरूले अझै जिम्मेवार भएर काम गर्नुहुनेछ भन्ने पनि मैले विश्वास लिएको छु ।" कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सञ्चारसम्बन्धी केही कानुन समयानुकूल नभएकाले यसमा संशोधन आवश्यक रहेको बताउनुभयो । सरकार अहिले सामाजिक सञ्जालको सञ्चालन र व्यवस्थापनसम्बन्धी कानुन निर्माणमा लागेको उहाँले बताउनुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नकारात्मकता र गालीको संस्कृति हटाएर रचनात्मक र सहकार्यको विकासमा लाग्दा मात्र देशमा हरियाली आउने बताउनुभयो । पत्रकारिता बलियो भए देशमा अस्थिरता हटाउन बल पुग्ने र यसले पत्रकारिता फस्टाउने बताउनुभयो । सो अवसरमा प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार अखण्ड भण्डारी (काठमाडौँ) र नेपाल प्रेस इन्स्टिच्युट(एनपीआई)लाई संयुक्तरूपमा प्रदान गरियो । प्रेस काउन्सिल आचारसंहिता पुरस्कार रातोपाटी डटकम, प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार बद्री सिग्देललाई प्रदान गरियो । प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार पत्रकारत्रय कान्तिपुर दैनिकका होम कार्की, प्रकाशचन्द्र तिमिल्सेना, कान्तिपुर टेलिभिजनका श्याम श्रेष्ठ, कैलालीका पत्रकार शिवराज भट्ट र सुनसरीका पत्रकार लिलाराज भट्टराईलाई प्रदान गरियो । प्रेस काउन्सिल पत्रकारिता पुरस्कारका विभिन्न विधामा ४ सञ्चार संस्था, ४८ पत्रकार र काउन्सिलका ५ जना कर्मचारी पुरस्कृत भए । वार्षिकोत्सवका अवसरमा अग्रज पत्रकार, पूर्वसदस्य र पूर्वसदस्य सचिवलाई सम्मान गरियो । यससम्बन्धी विस्तृत विवरण यसै प्रतिवेदनको खण्ड ४ मा संलग्न छ ।

१.१.२ पत्रकार आचारसंहिता अनुगमन, उजुरी र कारबाही

प्रेस काउन्सिल नेपालले विगतमा झैं यसवर्ष पनि नियमितरूपमा पत्रकार आचारसंहिता अनुगमन, उजुरी सुनुवाइ, उजुरीको सम्बन्धमा अध्ययन अनुसन्धान, मेलमिलाप र कारबाही गरेको छ । यसवर्ष सामाजिक सञ्जाल (युट्युबसमेत)बाट सम्प्रेषित सामग्रीका सन्दर्भमा आएका उजुरी र जनगुनासोका आधारमा अनुगमनसमेत गरी कारबाही भएको छ । यस्तै स्वअनुगमनबाट देखिएको आचारसंहिता उल्लङ्घनका समाचार सामग्रीका विषयमा समेत कारबाही गरिएको छ । यसवर्ष विशेष स्थलगत अनुगमन गरी विभिन्न सञ्चार माध्यममा आचारसंहिता पालनाको अवस्था, काउन्सिलको अनुगमन, उजुरी र कारबाही प्रकियाबारे जानकारी गराउने कार्य भएको छ । यससम्बन्धी विस्तृत विवरण यसै प्रतिवेदनको खण्ड २ मा संलग्न छ ।

१.१.३ पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम

प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम मिति २०७८ चैतदेखि नियमित रूपमा सञ्चालन गर्दै आएको हो । आ.व. २०८१/८२ मा मात्र १८ वटा आचारसंहिता अभिमूखीकरण कार्यक्रम सम्पन्न भयो । आर्थिक वर्ष २०८१/८२ मा ४९७ वटा नयाँ अनलाइन सञ्चार माध्यमका सञ्चालक, सम्पादक र पत्रकार करिब एक हजार ८४ जनाले सहभागिता जनाएका थिए । पत्रकार आचारसंहिता र प्रेस काउन्सिलद्वारा जारी गरिएको चार वटा निर्देशिकाहरूका सम्बन्धमा दुई सत्रमा कार्यक्रम विभाजन गरी सञ्चालन गरिएको थियो । कार्यक्रममा स्रोतव्यक्तिको रूपमा पत्रकारिता क्षेत्रमा लामो अनुभव भएका व्यक्तित्व र काउन्सिलका सदस्य तथा कर्मचारीबाट समेत कार्यपत्र प्रस्तुत गरी कार्यक्रम सम्पन्न गरियो ।

१.१.४ काउन्सिलसँग सङ्घसंस्था

'न्युज रूम' मा रचनात्मक पत्रकारिता अभियान

यस आर्थिक वर्षमा प्रेस काउन्सिल नेपालले 'न्युज रुम'मा रचनात्मक पत्रकारिताको अभियान सुरु गऱ्यो । २०८१ साउनमा बसेको बोर्ड बैठकले 'न्युज रुम'मा रचनात्मक पत्रकारिताको बहस अघि बढाउने निर्णय गरेको थियो । सो अभियानको सुरुवात २०८२ वैशाख २४ गते गोरखापत्र संस्थानबाट गरिएको हो । संस्थानको एक सय २५औँ वार्षिकोत्सवका अवसरमा प्रेस काउन्सिल नेपाल र गोरखापत्र संस्थानद्वारा 'रचनात्मक एवं समाधानमुखी पत्रकारिताको बाटो' विषयक विशेष कार्यक्रम आयोजना गरियो ।

काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले केही हुँदैन भन्ने गलत भाष्य हटाइ आशाको सञ्चार गर्न सञ्चारकर्मीको विशेष भूमिका हुने बताउनुभयो ।

गोरखापत्र नेपालको पत्रकारिताको मानक भएकाले यहींबाट 'न्युज रुम'मा रचनात्मक र समाधानमुखी पत्रकारिताको बहसको सुरुवात गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "जनमानसमा कुनै बेला पत्रिका भनेको गोरखापत्र नै हो भनेर बुझिन्थ्यो । दक्षिण एसियाकै पुरानो सञ्चार संस्थामा पर्ने यसका प्रकाशनमार्फत रचनात्मक पत्रकारिताको अभियानलाई जोडिएको हो ।" सन् ६० को दशकदेखि रचनात्मक पत्रकारिता कुनै न कुनै तवरले आएपनि नेपालमा फाट्टफुट्ट मात्रै यसको प्रयोग भएको उहाँको भनाइ थियो । गोरखापत्र संस्थानका अध्यक्ष विष्णुप्रसाद सुवेदीले रचनात्मक पत्रकारिता वा विकास पत्रकारिता जे भनिएपनि अबको पत्रकारिताले समस्या मात्रै उजागर गर्ने नभएर समाधानको खोजी गर्नुपर्ने बताउनुभयो । गोरखापत्र विरासत र साधनस्रोतका हिसाबले अरू सञ्चार माध्यमभन्दा समृद्ध भएको उहाँले बताउनुभयो । संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले पत्रकारितामा विश्वास कायम राख्नका लागि पनि समाधानमुखी पत्रकारिताको महत्व रहेको बताउनुभयो ।

कार्यक्रमको सहजीकरण गर्दै काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलले निरन्तररूपमा रचनात्मक पत्रकारिताको छलफल अघि बढाइरहेको बताउनुभयो । उहाँले पत्रकारिताको पाठ्यक्रममा नै यसलाई समेट्न पत्राचार गरिएको उहाँले जानकारी दिनुभयो । गोरखापत्र दैनिकका निमित्त प्रधानसम्पादक शिवकुमार भट्टराईले काउन्सिलले गोरखापत्रले रचनात्मक पत्रकारिताको नेतृत्व गर्नसक्छ भनेर सोच्नु संस्थानका लागि महत्वपूर्ण विषय भएको उल्लेख गर्नुभयो । कार्यक्रममा मिडिया अनुसन्धानकर्ता टुमराज कोइरालाले रचनात्मक पत्रकारिताका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

जलवायु परिवर्तन, सगरमाथा संवाद र मिडियाको भूमिका

सरकारले २०८२ जेठ २ गतेदेखि ४ गतेसम्म सगरमाथा संवादको पहिलो कार्यक्रम गर्न लागेको सन्दर्भमा काउन्सिलले सगरमाथा संवादलाई राष्ट्रिय गौरवको विषय बनाउन पहल गरेको छ । सगरमाथा संवादलाई अन्तराष्ट्रियस्तरमा समेत चासोको विषय बनाउन सञ्चार माध्यमको भूमिकालाई प्रभावकारी कसरी बनाउने भन्नेबारे २०८२ वैशाख १७ गते पत्रकारसँग सुझाव लिएको हो । विश्वमा नै जलवायु परिवर्तनबाट परेको प्रभाव असर कारण र मानवजातिको भूमिकाबारे नेपालले अन्तराष्ट्रिय स्तरको सगरमाथा संवाद कार्यक्रम गर्न लागेको हो । काउन्सिल सभाहलमा भएको जलवायु परिवर्तन, सगरमाथा संवाद र मिडियाको भूमिका विषयक

कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले वातावरण तथा जलवायुको क्षेत्रमा कलम चलाइरहेका पत्रकारबाट सुझाव सङ्कलन गरी सरकारलाई सगरमाथा संवाद कार्यक्रम विश्वव्यापी बनाउन चाल्नुपर्ने कदमबारे रणनैतिक सुझाव दिइने बताउनुभएको थियो । "जलवायु परिवर्तनका विषयमा सरकार, सञ्चार माध्यम र पत्रकारलाई एक ठाउँमा राखेर काम गर्न काउन्सिलले पुलको काम गर्छ" भन्दै उहाँले भन्नुभयो, "नेपालका हिमालयदेखि समुन्द्री सतहसम्मका समस्या नेपालका मात्र नभइ विश्वकै हुन् यी विषय सगरमाथा संवादमा उठ्नुपर्छ ।" कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै विज्ञ पत्रकार कमलदेव भट्टराई, रमेश भुसाल र श्रीराम सुवेदीले नेपाली सञ्चार माध्यमले घटनाप्रधान विषयवस्तु प्रधान जानकारी आम मानिससमक्ष पुऱ्याउन सक्नुपर्ने बताउनुभयो । सरकारले अन्तराष्ट्रिय सञ्चार माध्यम र पत्रकारलाई समेत समेटेर सगरमाथा संवादको विषयलाई अन्तराष्ट्रियस्तरसम्म प्रभावकारी रूपमा लैजानसक्ने सुझाव उहाँहरूको थियो । पत्रकार कमलदेव भट्टराईले सगरमाथा संवाद सरकारको मात्र विषय नभइ यो समग्र राज्यको नै विषय भएकाले यसमा राज्यका सबै संयन्त्र समेटिनुपर्ने बताउनुभयो । रमेश भुसालले जलवायु परिवर्तनलाई वातावरणीय विषय मात्र नभइ आर्थिक राजनीतिक विषयका रूपमा समेत सञ्चार माध्यमले बुझाउन सक्नुपर्ने बताउनुभयो । श्रीराम सुवेदीले सगरमाथा संवादलाई राष्ट्रिय फोरमका रूपमा प्रयोग गर्नुपर्ने बताउनुभयो । पत्रकार सागर पण्डित, विजय पौडेल, सविन शर्मा, बालकृष्ण प्रसाद, चाँदनी हमाल, सुवास दर्नाल, टिका बन्धन, विकास रौनियारलगायतले नेपाली मिडिया र अन्तर्राष्ट्रिय मिडियाका नेपाल प्रतिनिधिलाई समेट्नेसम्बन्धमा धारणा राख्नुभएको थियो । वन तथा वातावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले कार्यक्रममा उठेका विषय र आएका सुझावलाई तत्काल सगरमाथा संवाद सचिवालयमा राखी अगाडि बढिने बताउनुभयो । सचिव मिश्रले सगरमाथा संवाद नेपाललाई विश्व मानचित्रमा चिनाउने अवसर भन्दै यससम्बन्धी विषय श्रृङ्खलाबद्धरूपमा सम्प्रेषण गरिदिन आग्रह गर्नुभयो । कार्यक्रम काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले सहजीकरण गर्नुभएको थियो ।

सञ्चार माध्यममा दलित समुदायका मुद्दाको प्रवेश र पहुँच विषयक अन्तरक्रिया

काउन्सिलको वार्षिक कार्यक्रम काउन्सिलसँग सङ्घसंस्थाअन्तर्गत यही २०८२ वैशाख ३१ गते काउन्सिल सभाहलमा सम्बन्धित सरोकारवाला र विज्ञसँग सञ्चार

माध्यममा दलित समुदायका मुद्दाको प्रवेश र पहुँच विषयक अन्तरक्रिया कार्यक्रम आयोजना भयो । कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले दलित समुदायका मुद्दाको सम्बोधनमा सरकारले न्याय दिन नसकिरहेको अवस्थामा सञ्चार माध्यममा यसका मुद्दाहरूको पहुँच हुनुपर्नेमा जोड दिनुभयो । काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालको स्वागत मन्तव्य रहेको कार्यक्रममा दलित अधिकार तथा विकास केन्द्रका अध्यक्ष मेघेन्द्र विश्वकर्माको प्रस्तुतीकरण रहेको थियो ।

काउन्सिलका शाखा अधिकृत गीता पराजुलीले सहजीकरण गर्नुभएको कार्यक्रममा ५० भन्दा बढी पत्रकारको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका निवर्तमान अध्यक्ष विपुल पोखेल, अभियन्ता त्रिभुवन चन्द वाग्ले, विनोद पहाडी, पत्रकार पवित्रा सुनार, धनबहादुर मिजार, रिता बुढाथोकी, केदार गान्धारी लगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा उठेका मुख्य विषयवस्तु

- समावेशी आमसञ्चारको कल्पना गरी नीति बनाउन लगानी कम पर्ने र कार्यान्वयन गर्न धेरै लगानी पर्ने हुँदा कार्यन्वयनमा कठिनाइ ।
- समाचार पक्षलाई मात्र समावेशी बनाउने कि सम्पूर्ण विषयलाई समावेशी बनाउने भन्ने अन्यौलता ।
- दलित आन्दोलन पछिपछि आमसञ्चार माध्यम अघिअघि भएका घटना रहेका छन् ।
- मिडियाले केही गरेन भन्ने विषयमा असहमत/विभिन्न घटनाहरूमा आम मिडिया गएर रिपोर्टिङ गरेको ।
- नीति बदल्ने हैन नियत बदल्न जरुरी छ ।
- नीति र नियत सँगसँगै बोकेर जानसके परिवर्तन राम्रो हुन्छ ।
- वर्गीय असमानता रहेको ।
- सङ्ख्यात्मक परिवर्तन भयो गुणात्मक पनि बनाउनुपर्ने ।
- दलितका विषयलाई मिडियामा बाध्यकारी स्थान दिनका लागि सोच्नुपर्ने
- दलित पत्रकार कम सङ्ख्यामा रहेको र कम रहेकामा पनि अन्य बिटमा काम गर्ने भएकाले दलितको सवाल नउठेको ।
- सबै समुदाय सँगसँगै बसेर नविन समुदायको परिकल्पना गर्ने कोणबाट सोच्नुपर्ने ।
- दलितका मुद्दालाई सामाजिकीकरण गरी राष्ट्रिय योजना बनाउनुपर्ने ।
- भौतिक प्रतिनिधित्व र विषयगत प्रतिनिधित्व हुनुपर्ने

कानुन व्यवसायीसँग छलफल

काउन्सिलको विद्यमान कानुनको अवस्था, अदालतमा विचाराधीन रहेका मुद्दा मामिला, छिनोफानो भएका मुद्दा मामिला र नजिर तथा आगामी कार्यदिशालगायतका विषयमा छलफल गर्ने हेतुले मिति २०८२ जेठ ६ गते कानुन व्यावसायीसँग विशेष छलफल कार्यक्रम आयोजना भयो । काउन्सिलका मुद्दा मामिलाका विषयमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा समेत सुझाव सङ्कलनका निम्ति यस किसिमको छलफल कार्यक्रम आयोजना भएको हो । कार्यक्रममा काउन्सिलका तर्फबाट अदालतमा बहस पैरवी गरिरहनुभएका विद्वान अधिवक्ता, कानुनी सल्लाहकार जानकार व्यक्तिलगायत काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, मुख्य अधिकृत एवं अधिवक्ता झविन्द्र भुसाल, काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहरा, उपप्रशासकीय अधिकृत राधेश्याम अधिकारी, सविता ढकाल तथा अन्य व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा काउन्सिलको कामकारबाही कानुनीरूपमा कसरी प्रभावकारी बनाउन सकिन्छ, विद्यमान कानुनमा के कस्ता सुधार आवश्यक छन् भन्नेबारेमा विज्ञ सहभागीबाट रचनात्मक सुझाव मागिएको थियो । मुख्य अधिकृत भुसालले सहजीकरण गर्नुभएको कार्यक्रममा अध्यक्ष बस्नेतको अध्यक्षता रहेको थियो । कार्यक्रममा काउन्सिलका कानुनी सल्लाहकार अधिवक्ता अनन्तराज लुइटेल, अधिवक्ता विकास भट्टराई, अधिवक्ता विशाल थापा, अधिवक्ता प्रतिमा उप्रेती, अधिवक्ता कृतिनाथ शर्मा पौडेल, अधिवक्ता लिलाधर उपाध्याय, काउन्सिलका अनुगमन अधिकृत महेन्द्रराज सिंह, शाखा अधिकृत सुवास राई र मिडिया अनुगमनकर्ता प्रेमचन्द्र बडुलगायतको सहभागिता रहेको थियो ।

छलफलमा उठेका मुख्य विषयवस्तु

- काउन्सिलको विद्यमान कानुनमा सुधार आवश्यक ।
- विभिन्न अदालतमा रहेका काउन्सिलका मुद्दा मामिलाबारे जानकारी ।
- मुद्दा मामिलाको वर्तमान स्थितिबारे ब्रिफिङ ।
- प्रेस काउन्सिल नेपालविरुद्ध विभिन्न अदालतमा परेका मुद्दामा सम्मानित अदालतबाट भएका फैसला र नजिरबारे जानकारी ।
- आगामी दिनमा कसरी अगाडि बढ्न सकिन्छ भन्नेबारे सुझाव सङ्कलन ।

सम्पादक संवाद

प्रेस काउन्सिल नेपालको आयोजनामा २०८२ जेठ १६ गते अनुपम फुडल्याण्ड,

काठमाडौँमा 'पत्रकारिता: विगतका पाठ र आजको प्रश्न' विषयक सम्पादक संवाद कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा पत्रकारिताको विगत र वर्तमान अवस्था तथा देखिएका चुनौती र भविष्यबारे विमर्श भएको थियो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले राम्रो पत्रकारले राम्रो पत्रिका जन्माउन सक्ने र राम्रो पत्रिका सधैँ चाहिने उल्लेख गर्नुभयो । काउन्सिललाई अझ प्रभावशाली बनाएर लैजानुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा नागरिक दैनिकका सम्पादक गुणराज लुइँटेल, दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठ, कान्तिपुर टेलिभिजनका सम्पादक विजय पौडेल, डिजिटल मिडिया फाउण्डेसनका अध्यक्ष प्रतिक प्रधान र डिजिटल मिडिया अलायन्स नेपालका उपाध्यक्ष मनिका सिंहले न्यु मिडियाले थपेका चुनौती र समाधानका उपायबारे आ-आफ्ना धारणा राख्नुभएको थियो । काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रका समस्या समाधानमा काउन्सिलले रचनात्मक अभियानस्वरूप सम्पादक संवाद कार्यक्रम थालिएको जानकारी दिनुभयो ।

कार्यक्रममा उठेका विषयवस्तु

- नेपालको सन्दर्भमा अखबारले अन्तिम सास फेर्दै गरेको अवस्था छ ।
- २०४६ सालपछि दैनिक पत्रिका रेडियोको बाढी आयो भने अहिले अनलाइनको बाढी आएको अवस्था छ ।
- पत्रकारिताबिना लोकतन्त्र बाँच्दैनरहेछ । बिनासेन्सर आफूखुसी सार्वजनिक सामग्रीका कारण स्वतन्त्रताले लोकतन्त्र खान्छ ।
- भिडले दिने जानकारीलाई नागरिक पत्रकारिता भनियो जुन गलत हो । यस्तो कुराले समाज एकोहोरिँदै छ ।
- पत्रकारितालाई अब AI प्रविधिमा लैजानुपर्दछ । सामाजिक सञ्जालको सहयोग हुने हो भने पत्रकारिता अझ राम्रो हुन्छ ।
- अबको १५ वर्षसम्म छापा माध्यम समाप्त हुने देखिन्छ ।
- पत्रकारिता माध्यम जे पनि हुन सक्छ । तर पत्रकारिताको विषय मर्म केहो भन्ने कुरा महत्वपूर्ण हुन्छ ।
- कार्यालय नभएका कर्मचारी नभएका एकहाते सामाजिक सञ्जाल सञ्चालकका कारण मिडियाको दुरूपयोग बढ्दैछ यसले लोकतन्त्र र गणतन्त्रलाई कहाँ पुऱ्याउने हो भाँडभैलोको अवस्था आउन सक्छ ।
- युट्युबले कसरी बिगारेको छ छलफल र समाधान निकालौँ ।

- न्यु मिडिया सञ्चालकले गाइडेन्स चाहिरहेका छन् । उनीहरूलाई सही अभिमुखीकरण कसले दिनुपर्ने हो ?
- माध्यम त परिवर्तन भइरहन्छ, कन्टेन्टमा ध्यान दिनुपऱ्यो ।
- दुरदराजको जनतासँग जोडिएर सञ्चार गर्नुपर्ने ।
- आचारसंहिता नमान्ने माध्यम सञ्चार माध्यम हुँदैन ।
- सञ्चार माध्यममा सरकारको आग्रह पूर्वाग्रह हुन नहुने ।

चिनियाँ पत्रकारसँग काउन्सिलको छलफल

प्रेस काउन्सिल नेपालले नेपाल भ्रमणमा रहेका चिनियाँ पत्रकारसहितको टोलीसँग पत्रकारितामा देखिएका समस्या समाधान गर्न संयुक्त प्रयास गर्न सकिनेबारे २०८२ असार ८ गते छलफल गरेको छ । चीनको सिचाङ प्रान्त (तिब्बत)बाट आएका तिब्बत सांस्कृतिक केन्द्र तथा पत्रकार महासङ्घका प्रतिनिधि र काउन्सिलका प्रतिनिधिबिच काउन्सिलमा दुई देशको संस्कार, संस्कृति, परम्पराबारे एकअर्को देशमा प्रचार गर्नुका साथै डिजिटल सञ्चारसँगै पत्रकारितामा देखिएका समस्या समाधानमा संयुक्त पहल गर्न सकिनेबारे छलफल भएको हो । कार्यक्रममा काउन्सिलका सदस्य विजयराज अधिकारीले भ्रमण टोलीलाई स्वागत गर्दै आपसी सद्भाव र सम्बन्ध बलियो बनाएर अघि बढ्न सकिने बताउनुभयो । उहाँले काउन्सिलको काम, कर्तव्य र मिडिया अनुगमनबारे जानकारी गराउनुभएको थियो । मुख्य अधिकृत झबिन्द्र भुसालले नेपाली मिडियाको अवस्था, कानुनी व्यवस्था, डिजिटल मिडियाका अवसर र चुनौतीबारे प्रस्तुति गर्नुभएको थियो । चिनियाँ भ्रमण टोलीका प्रमुख लिओ जुनले हजारौँपटक सुन्नुभन्दा एकपटक देख्नु प्रभावकारी हुने भन्दै नेपाली पत्रकारलाई तिब्बत भ्रमणका लागि प्रबन्ध मिलाउन काउन्सिलसँग आग्रह गर्नुभयो । चीनले पछिल्ला वर्षमा डिजिटल परिवर्तनमा ठुलो फड्को मारेको भन्दै उहाँले नेपालमा पनि सहकार्य गर्न सकिने बताउनुभयो । कार्यक्रममा चिनियाँ सिचाङ अन्तर्राष्ट्रिय सञ्चार केन्द्रका सिरेन सोङ्जिया, नगरपालिका मिडिया सेन्टरका निर्देशक गेसाङ डेजी, काउन्सिल सदस्य याङ जेङलिङलगायतले चिनियाँ पत्रकारिता अभ्यासबारे जानकारी गराउनुभएको थियो । शाखा अधिकृत सन्तोष अधिकारीले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा, उपप्रशासकीय अधिकृत राधेश्याम अधिकारी, सबिता ढकाल, शाखा अधिकृत सुवास राईलगायतको सहभागिता रहेको थियो ।

अनलाइन सञ्चार माध्यममा पत्रकार आचारसंहिता कार्यान्वयनको अवस्था

प्रेस काउन्सिल नेपालको वार्षिक कार्यक्रम (काउन्सिलसँग सङ्घसंस्था)अन्तर्गत यही २०८२ असार १६ गते प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घको संयुक्त आयोजनामा अनलाइन सञ्चार माध्यम अनलाइन सञ्चार माध्यममा पत्रकार आचारसंहिता कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । महासङ्घका सचिव रमेश खतिवडाको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण देविका घर्तीमगरले गर्नुभएको थियो । महासङ्घका अध्यक्ष निर्मला शर्माले सबै पत्रकारले आचारसंहिता पालनामा ध्यान दिँदै जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो । प्रेस काउन्सिल नेपालका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा काउन्सिलले खेल्दै आएको भूमिका र सञ्चार माध्यममा आचारसंहिता पालनाको अवस्थालगायतमा प्रस्तुतीकरण राख्नुभएको थियो । पत्रकार हरिबहादुर थापा र राजेश राईले आचारसंहिताको महत्व र पछिल्लो समय प्रेस स्वतन्त्रतालाई फौजदारी कानुनमार्फत हस्तक्षेप गर्न खोजिएका विभिन्न दृष्टान्त प्रस्तुत गर्नुभयो । कार्यक्रममा पत्रकार तथा सरोकारवाला निकायका प्रतिनिधिसहित ५० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा उठेका मुख्य विषय

- प्रिन्ट मिडिया सीमित भूगोलमा हुन्छ भने अनलाइन मिडियाको दायरा र पहुँच असीमित र फराकिलो रहेको ।
- सम्पादकको भूमिका अनलाइन मिडियामा कम भयो (पाठकसरह) ।
- डिजिटल प्लेटफर्मको सम्पादकलाई कठिन रहेको सत्य तथ्य र सन्तुलन कम हुँदैगएको ।
- नयाँ पुस्तामा विषयवस्तुको कमी छ तर प्रविधिको प्रयोग राम्रो भयो भने पुरानो पुस्तामा विषयवस्तुको ज्ञान राम्रो छ ।
- हल्लाले गर्दा सत्य समाचार ओझेलमा पर्ने पत्रकारिताको विश्वसनीयता सङ्कटमा
- विभिन्न प्रकारसँग सम्बन्धित सवालहरूमा अदालतले हर्ने कि काउन्सिलले हेर्ने ?
- प्रेस काउन्सिललाई बलियो बनाउनुपर्दछ ।

समाधान पत्रकारितासम्बन्धी कार्यशाला

प्रेस काउन्सिल नेपालले सोलुसन जर्नालिज्म नेटवर्कसँगको सहकार्यमा २०८२ असार ३१ गते 'समाधान पत्रकारिता (सोलुसन जर्नालिज्म)'सम्बन्धी कार्यशाला सम्पन्न

गरेको छ । सोलुसन जर्नालिज्म नेटवर्कका मान्यता प्राप्त प्रशिक्षक टुमराज कोइराला (कला अनुरागी)ले उक्त कार्यशालामा कार्यपत्रसहितको प्रस्तुति राख्नुभएको थियो । उहाँले समाधान पत्रकारिताको आधारभूत पक्ष, यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा भएका अभ्यासबारे चर्चा गर्नुभएको थियो । कार्यशालामा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यममा कार्यरत २० भन्दा बढी पत्रकारको सहभागिता रहेको थियो । कार्यशालामा काउन्सिल सदस्य बालकृष्ण अधिकारीले काउन्सिल प्रेस स्वतन्त्रताका संरक्षण गर्दै समाधान पत्रकारिताका लागि सहकार्य गर्दै अगाडि बढ्न तयार रहेको बताउनुभयो । तीन सत्रमा विभाजित कार्यशालामा पहिलोसत्रमा समाधान पत्रकारितासम्बन्धी कार्यपत्र प्रस्तुत गरिएको थियो । दोस्रोसत्रमा समाधान पत्रकारितासम्बन्धी नेपालमा भएका अभ्यासका सन्दर्भमा छलफल गरिएको थियो । त्यस्तै, तेस्रोसत्रमा समाधान पत्रकारिताका सन्दर्भमा अबको बाटो कस्तो हुनुपर्छ भन्नेबारेमा छलफल भएको थियो ।

छलफलमा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, नेपाल टेलिभिजनका कार्यकारी सम्पादक डा. राजेन्द्रराज तिमिल्सिना, गोरखापत्र दैनिकका सम्पादक तुलसीहरि कोइराला, नेपाल टेलिभिजनका वरिष्ठ समाचार सम्पादक देवीप्रसाद सापकोटा, नेपाल समाचारपत्र दैनिकका डेक्स सम्पादक प्रमुख यदुप्रसाद भट्ट, नागरिक दैनिकका सह-सम्पादक तिलकप्रसाद सापकोटा, राजधानी दैनिका वरिष्ठ संवाददाता सुवास साह, नयाँपत्रिका दैनिकका वरिष्ठ संवाददाता टेकराज थामी, अन्नपूर्णपोष्ट दैनिकका समाचार संयोजक रामकला खड्का, सामुदायिक रेडियो नेटवर्क 'सिआइएन'का संवाददाता सुशीला श्रेष्ठ, जलवायु डटकमका सम्पादक सौगात मिश्रलगायतले यससम्बन्धमा धारणा राख्नुभएको थियो । जिज्ञासाको जवाफ मुख्य अधिकृत झविन्द्र भुसाल र प्रशिक्षक टुमराज कोइरालाले दिनुभएको थियो । कार्यक्रमको संयोजन उपप्रशासकीय अधिकृत सविता ढकालले गर्नुभएको थियो ।

डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसंहितासम्बन्धी अन्तरक्रिया

प्रेस काउन्सिल नेपालले २०८२ असार ३२ गते 'डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसंहितासम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ । प्रेस काउन्सिल नेपालको सभाहलमा बुधबार विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकार महिलाका लागि 'डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसंहिता'सम्बन्धी एक अन्तरक्रिया कर्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको संयोजन क्रियाशील महिला पत्रकार (डब्लुडब्लुजे) गरेको उक्त कार्यक्रममा विभिन्न मिडियामा कार्यरत ३२ महिला

पत्रकारको उपस्थिति रहेको थियो । काउन्सिल सदस्य नकुल अर्यालले स्वागत मन्तव्य रहेको कार्यक्रममा सदस्य शन्तराम बिडारीले पत्रकार आचारसंहिताको विषयमा विस्तृत जानकारी दिनुभयो । काउन्सिलका पूर्व सदस्य शुभेच्छाविन्दु तुलाधरले काउन्सिलले जारी गरेका महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६, ज्येष्ठ नागरिकमैत्री सञ्चार निर्देशिका, २०७८, अपाङ्तामैत्री सञ्चार निर्देशिका, २०७३, बालमैत्री सञ्चार निर्देशिका, २०७३ लगायत विषयमा जानकारी दिनुभयो । उहाँले यी निर्देशिका नेपालको राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूलाई विस्तृत अध्ययन गर्नुका साथै सम्बन्धित सरोकारवालाको रायसुझाव सङ्कलन गरी यी निर्देशिका तयार पारेको स्मरण गर्नुभयो । मुख्य अधिकृत झविन्द्र भुसालले युट्युब व्यवस्थापनमा काउन्सिलले काम गरिरहेको जानकारी गराउनुभयो । डब्लुडब्लुजेकी अध्यक्ष रामकला खड्काले हाल प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्ताक्षेप बढ्दै जानु गम्भीर प्रकृतिको विषय रहेको बताउँदै पत्रकारले आचारसंहिताको पालना गर्दै मर्यादित, उत्तरदायी र व्यावसायिक पत्रकारितालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

काउन्सिलसँग कलेज कार्यक्रम

पत्रकारिता तथा आमसञ्चार विषय अध्ययन गर्दै गरेका विभिन्न विद्यालय कलेजका विद्यार्थीले आफ्नो प्रयोगात्मक शैक्षिक भ्रमण कार्यक्रमअन्तर्गत प्रेस काउन्सिल नेपालको अवलोकन भ्रमण गर्ने तथा अन्तरक्रियात्मक कार्यक्रममा सहभागिता जनाउने गरे । यस आर्थिक वर्षमा ३ वटा विद्यालय तथा कलेजका १६५ विद्यार्थीले काउन्सिलको अवलोकन गरे । साथै २०८१ साउन १५ गते पशुपति बहुमुखी क्याम्पस, २०८१ साउन १६ र २०८२ जेठ ७ गते काठमाडौँ स्कुल अफ ल र २०८१ साउन २८ र फागुन २८ गते जिपि कोइराला मेमोरियल कलेजका विद्यार्थीसँग पत्रकार आचारसंहितासम्बन्धी अभिमुखीकरण गरियो ।

१.१.५ प्रकाशन

आ.व. २०८१/८२ मा प्रेस काउन्सिल नेपालको ४९औँ वार्षिक प्रतिवेदन प्रकाशन भयो । यस्तै, संहिता त्रैमासिक ६२औँ, ६३औँ, ६४औँ र ६५औँ अङ्क र अङ्ग्रेजी भाषाको वर्ष पुस्तक 'मिडिया इयर बुक'को चौथो अङ्क प्रकाशन भयो । ४९ औँ वार्षिक प्रतिवेदन इयर बुक काउन्सिलको ५५ वार्षिकोत्सव २०८१ असोज ६ गते सार्वजनिक गरिएको थियो । यसबाहेक यस वर्ष विभिन्न पुस्तक प्रकाशन एवं सार्वजनिकीकरण भए ।

भाषा विशेषाङ्क संहिता र मातृभाषामा अनुवादित आचारसंहिता सार्वजनिक

नेपालमा मातृभाषा पत्रकारिताको अवस्था विशेषाङ्का रूपमा प्रकाशन गरिएको संहिता जर्नलको ६४ औँ अङ्क र विभिन्न ८ मातृभाषामा अनुवादित पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)को ५ भाषाका पुस्तिका मिति २०८२ जेठ ९ गते सार्वजनिक गरियो । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेत, भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर र राष्ट्रिय समाचार समातिका अध्यक्ष धर्मेन्द्र झाले भोजपुरी, राई वान्तावा, तामाङ, डोट्याली, लिम्बु भाषामा अनुवादित पत्रकार आचारसंहिता सार्वजनिक गर्नुभयो । यसअघि काउन्सिलले थारु, मैथिली र नेपाल भाषामा अनुवादित आचारसंहिता सार्वजनिक गरिसकेको थियो । कार्यक्रममा भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले स्थानीयपन नहुने र मौलिकता छोडियो भने मातृभाषा नरहने बताउनुभयो । अध्यक्ष ठाकुरले पत्रकारिताको माध्यमबाट मातृभाषाको संरक्षण गर्न जरुरी भएको उल्लेख गर्नुभयो । काउन्सिलले आचारसंहिता मातृभाषामा अनुवाद गर्नु प्रशंसनीय कार्य भएको बताउनुभयो, 'भाषा एकबाट अर्कोमा अनुवाद गर्नु आफैँमा नयाँ सिर्जना हो, यो एक एड्भेन्चर हो' उहाँले भन्नुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले देशका विभिन्न भू-भागमा बोलिने मातृभाषाको प्रबर्धनमा पत्रकारिताको महत्वपूर्ण योगदान रहने बताउनुभयो । उहाँले सञ्चारको सबैभन्दा नजिकको र बुझिने भाषा नै मातृभाषा भएकाले यसको प्रबर्द्धनका निम्ति काउन्सिलले काम गरेको उल्लेख गर्नुभयो । 'मातृभाषाका सञ्चार माध्यम नेपाली पत्रकारिताका सुन्दरता र राज्यको वैभव हुन् ।' राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाले देशका धेरै भुभागमा अझै पनि नेपाली भाषा बुझ्ने समुदाय नभएकाले मातृभाषामा पत्रकारिता गर्नु जरुरी भएको उल्लेख गर्नुभयो । सार्वजनिक सेवा प्रसारणका सञ्चालक समिति सदस्य फुलमान बलले मातृभाषा सबल बनाउन तत् भाषामा पत्रकारिता गर्नु जरुरी रहेको बताउनुभयो । पत्रपत्रिका रेडियो र टेलिभिजन मात्र नभइ न्यू मिडियाको माध्यमबाट मातृभाषामा पत्रकार आचारसंहिताको प्रचारप्रसार गरिनुपर्ने उहाँको भनाइ थियो । गोरखापत्रका महाप्रबन्धक लाल ऐरीले गोरखापत्रले लामो समयदेखि मातृभाषाको प्रबर्धन हुनेगरी प्रकाशन गरिरहेको उल्लेख गर्दै काउन्सिलले मातृभाषा पत्रकारिताको प्रबर्धनका लागि गरेको प्रयास सह्रानीय रहेको बताउनुभयो । कार्यक्रममा लेखक एवं पत्रकार डा. कृष्णराज सर्वहारी, नृपेन्द्रलाल श्रेष्ठ, पुष्कर माथेमा, पदम राई, अमर तुम्वाहाङ, विष्णुमाया सिङ्गक, गणेश राई, अर्जुन तामाङ, बुनु थारु,

मनोज वर्मा, वीणा सिन्हा, धनबहादुर मगर लगायतले भाषागत पत्रकारिताको अवस्था र अनुभव सुनाउनुभएको थियो । कार्यक्रमको सहजीकरण काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले गर्नुभएको थियो ।

नेपाली मिडियाको इतिहासः छापादेखि डिजिटलसम्म

प्रेस काउन्सिल नेपालले यस वर्ष नेपाली मिडियाको इतिहासः छापादेखि डिजिटलसम्म अनुसन्धानमूलक पुस्तक प्रकाशन गरी सार्वजनिक गऱ्यो । मिति २०८२ जेठ १६ गते काठमाडौँमा आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले पुस्तक लोकार्पण गर्नुभयो । कार्यक्रममा बोल्दै मन्त्री पन्तले नेपाली पत्रकारिताको अध्ययन अनुसन्धानका लागि यो पुस्तक महत्वपूर्ण दस्तावेजका रूपमा रहने उल्लेख गर्नुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले काउन्सिलले पुस्तक प्रकाशनमार्फत पत्रकारिता क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको उल्लेख गर्नुभयो । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले पुस्तकबारे पत्रकारिता क्षेत्र र विज्ञहरूबाट आएका सुझाव समेटेर आगामी दिनमा थप परिष्कृत गरी प्रकाशन गरिने उल्लेख गर्नुभयो । पुस्तकमा पत्रकार तीर्थ कोइराला, कुन्दन अर्याल, रघु मैनाली, जगत नेपाल, शुभेच्छाविन्दु तुलाधर, उज्ज्वल आचार्य, भुवन के.सी र रुद्र खड्काका अनुसन्धानमूलक लेखहरू समावेश गरिएका छन् । कार्यक्रममा पुस्तकमाथि वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीले समीक्षात्मक टिप्पणी राख्नुभएको थियो । रेग्मीले नेपाली पत्रकारिताका विद्यार्थीका लागि पुस्तक उपयोगी हुने उल्लेख गर्दै पत्रकार र सञ्चारक्षेत्रको अवस्थाबारे बुझ्न पुस्तकले सहयोग गर्ने बताउनुभयो ।

कर्णालीको पत्रकारिता

प्रेस काउन्सिल नेपालले यस वर्ष कर्णाली प्रदेशको पत्रकारिताको अवस्थाबारे अध्ययन/अनुसन्धानपश्चात इतिहास समेटिने गरी कर्णालीको पत्रकारिता पुस्तक प्रकाशन गरेको छ । पुस्तकमा नेपालको पत्रकारिता, कर्णाली क्षेत्रमा पत्रकारिताको इतिहास, पत्रकारिताको वर्तमान अवस्थाबारे उल्लेख गरिएको छ । तत् जिल्लामा सञ्चालित सञ्चार माध्यमको तथा पत्रकारको विवरण पुस्तकमा उल्लेख छ । कर्णाली क्षेत्रमा पत्रकारिता शिक्षाको सुरुवात र विकासक्रम तथा पत्रकारितामा यहाँका अवसर, समस्या र चुनौतीबारे उल्लेख भएको पुस्तक कर्णाली क्षेत्रको पत्रकारिता बुझ्नका लागि उपयुक्त छ । यसबाहेक कर्णालीको पत्रकारिता पुस्तकमा प्रेस काउन्सिल नेपालले उक्त

क्षेत्रमा गरेको योगदान र सम्बद्ध सङ्घ संस्थाले विभिन्न समयमा त्यस क्षेत्रबाट जारी गरेका घोषणापत्रहरू पुस्तकमा समावेश छन् । पत्रकार नवराज महतारा र प्रकाश बुढाथोकीले लेख्नुभएको पुस्तक काउन्सिलले सम्पादन गरी प्रकाशन गरेको हो ।

१.१.६ कर्मचारी तालिम

यस वर्ष काउन्सिलले कर्मचारीका लागि केही तालिम/प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो। यसक्रममा २०८१/०८/१४ गते प्रेस काउन्सिल नेपाल र यसको वर्तमान कार्यभार, कर्मचारी आचरण र व्यवहारसम्बन्धमा प्रशिक्षण कार्यक्रम आयोजना गरियो । २०८१/०८/१६ - जीवन र जगत्लाई कसरी उन्नत र आनन्दित बनाउने भन्ने सम्बन्धमा पत्रकार घनश्याम खड्काले प्रशिक्षण दिनुभयो । २०८१/०८/२१ गते प्रशिक्षक रामप्रसाद रेग्मी र किरण लिम्बु (करअधिकृत)ले आन्तरिक राजश्वसम्बन्धी जानकारी तथा आधारभूत सेवासम्बन्धी प्रशिक्षण दिनुभयो । २०८१/०९/१२ गते नागरिक लगानी कोषका वरिष्ठ अधिकृत प्रशिक्षक रिता पाठकले नागरिक लगानी कोषबाट प्रदान गरिने आधारभूत सेवासम्बन्धी जानकारी दिनुभयो । २०८१/०९/१९ गते प्रशिक्षक श्याम पौडेलले कर्मचारी सञ्चय कोषबाट प्रदान गरिने आधारभूत सेवासम्बन्धी प्रशिक्षण दिनुभयो । २०८१/०९/२६ गते सामाजिक सुरक्षा कोषका शाखा अधिकृत पूर्णबहादुर नेपाली सामाजिक सुरक्षा कोषबाट प्रदान गरिने सेवासम्बन्धी जानकारी तथा प्रशिक्षण दिनुभयो । २०८२/०२/१४ देखि १५ गते सकारात्मक सोच र क्षमता अभिवृद्धि सीप विकास तालिम गरियो । २०८२/०१/२६ देखि २०८२/०३/१७ गतेसम्म अफिस प्याकेजसम्बन्धी तालिम आयोजना गरियो ।

१.१.७ पत्रपत्रिका वर्गीकरण

वितरण सम्परीक्षण समितिमार्फत प्रत्येक वर्ष पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण) हुँदै आएको छ । त्यसलाई पुनरालोकन समिति बनाइ काउन्सिलले अन्तिम रूप दिने गर्दै आएको छ। प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा रहेको वितरण सम्परीक्षण समितिको सिफारिस र काउन्सिलको निर्णयानुसार यसवर्ष आ.व. २०७८/७९ को पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण)को नतिजा सार्वजनिक भयो । आ.व. २०७९/८० को पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण)को नतिजा प्रकाशनका लागि कार्य सम्पादन भइरहेको छ । आ.व. २०७८/७९ को पत्रपत्रिका वर्गीकरणसम्बन्धी विस्तृत विवरण खण्ड ४ मा समावेश छ ।

१ १.८ पदपूर्ति

यस वर्ष सहायकस्तर पाँचौं एक र चौथो एक गरी दुई पद पदपूर्तिको लागि लोकसेवा आयोगबाट लिखित परीक्षा सञ्चालन भयो भने करार (कर्मचारी) नियुक्तिसम्बन्धी मापदण्ड निर्माण गरी आ.व. २०८१/०८२ को असार मसान्तसम्मका लागि ५ जना मिडिया अनुगमनकर्ता करारमा पदपूर्ति गरिएको छ ।

१.१.९ कर्मचारी अवकाश कोष वृद्धि

काउन्सिल सेवाबाट अलग हुने कर्मचारीलाई प्रेस काउन्सिल कर्मचारी विनियमावलीले गरेको व्यवस्था अनुसारको सुविधा भुक्तानी गर्ने प्रयोजनार्थ स्थापना भएको कर्मचारी अवकाश कोषमा यस वर्ष विनियोजन भएको रकम १२ लाख थप गरी वृद्धि गरिएको छ ।

१.१.१० सिस्टम अपडेट

काउन्सिलमा सञ्चार माध्यमको अभिलेख र अनुगमन प्रयोजनका लागि केही सिस्टम सञ्चालित छन् । पत्रपत्रिका प्रकाशनको अभिलेख गर्ने पुस्तकालय प्रणाली, पत्रपत्रिका व्यवस्थापन प्रणाली (पिडिएफ सिस्टम) अनलाइन रेडियो अनुगमन सिस्टम, अनलाइन मिडिया अनुगमन सिस्टम सञ्चालितमा रहेका छन् । टेलिभिजन अभिलेख र अनुगमन सिस्टममा गत वर्षदेखि समस्या आइ मर्मतसम्भारसहितका अन्य विकल्पका बारेमा छलफल भइरहेको छ । सबै सिस्टमहरू नियमित सञ्चालित छन् । प्रत्येक वर्ष यी सिस्टमलाई समयानुकूल अपडेट गर्नुपर्नेमा बजेट अभावका कारण सो हुनसकेको छैन । तर नियमित सञ्चालनका लागि वार्षिक मर्मत-सम्झौता (AMC) गरी काम हुँदैआएको छ । आर्थिक कारोबारका लागि एकाउन्टिङ सिस्टममार्फत कार्य हुँदै आएको छ । अनलाइन सूचीकरणका लागि सिस्टम निर्माण कार्य अघि बढेको छ ।

१.१.११ संस्थागत आतिथ्यमा अध्यक्ष

- ✓ २०८१ चैत २० - एसिया प्यासिफिक अप्टिमिस्टिक कन्फ्रेन्स ।
- ✓ २०८१ चैत २९ - रोहित भण्डारीको कृति 'दिए पुग्छ' सार्वजनिकीकरण कार्यक्रम ।
- ✓ २०८२ वैशाख २० - हिमालय खबर डटकमको १५ औँ वार्षिकोत्सव कार्यक्रम ।
- ✓ २०८२ जेठ ३ - डा. विन्दा पाण्डेको पुस्तक 'भुइँमान्छे'को विमोचन तथा विमर्श कार्यक्रम ।

१.१.१२ अन्य कार्यक्रम/गतिविधि

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार

प्रेस काउन्सिल नेपालले छिमेकी मुलुक भारत, बङ्गलादेश, म्यानमार, साइप्रससँग द्विपक्षीय सम्झौता गरी अनुभव आदानप्रदान गर्ने सम्बन्ध विस्तारका लागि द्विपक्षीय सम्झौता (MOU)को नवीकरणका लागि पत्राचार गरी पुनः अनुरोध गरेको छ।

अध्ययन/अनुसन्धान

- प्रेस काउन्सिल नेपालका सदस्य चिरञ्जीवी मास्केले विदेशमा दर्ता भइ नेपाली भाषामा सञ्चालन भएका अनलाइन सञ्चार माध्यमको नेपालमा दर्ता र सूचीकरणसम्बन्धी अध्ययन/अनुसन्धान गरी प्रतिवेदन २०८१ मङ्सिर २४ गते काउन्सिललाई पेस गर्नुभयो। उक्त प्रतिवेदनमा अनलाइनबाटै दर्ता/सूचीकरणसहितको प्रक्रिया सुरु गर्नुपर्ने, अनलाइन मिडिया सञ्चालन प्रयोजनका लागि कम्पनी दर्ता प्रक्रिया सहज हुने व्यवस्था मिलाउने। कुन देशबाट चलेका अनलाइन छन्, सो देशको नेपाली दूतावासमार्फत समन्वय/सहकार्य गर्ने गरी कानुनी व्यवस्था गर्न सकिने उल्लेख छ। यस्तै, उहाँले २०८१ फागुन ५ गते पत्रपत्रिका वर्गीकरण तथा सामुदायिक रेडियोको प्रभावकारिताका लागि हुलाक कार्यालयको भूमिकासम्बन्धी अध्ययन प्रतिवेदन पनि पेस गर्नुभयो। उक्त प्रतिवेदनमा हुलाक कार्यालयलाई पत्रपत्रिकाको
- अभिलेख नियमित गर्ने, दर्ता/सूचीकरणका प्रमाणपत्र उपलब्ध गराउने गरी
- कार्य गर्न सकिने र यसको लागि मन्त्रालयले सहजीकरण गर्नुपर्ने उल्लेख छ।
- २०८१ मङ्सिर १८ गते बसेको काउन्सिलको बैठकबाट सदस्य हरिप्रसाद जोशीको संयोजकत्वमा गठित 'वरिष्ठ पत्रकारसम्बन्धी अध्ययन उपसमिति'ले वरिष्ठ पत्रकार उपाधी प्रदान गर्नुपर्नेसम्बन्धी मापदण्ड तयार गरी पेस गऱ्यो। उक्त प्रतिवेदनमा इलाइट हिमालय एड्भेन्चर प्रा.लि.विरुद्ध दि हिमालयन टाइम्स डटकमको उजुरी सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्न आचारसंहिता अनुगमन उपसमितिको मिति २०८१ असोज १८ गते बसेको बैठकबाट काउन्सिलका सदस्य ठाकुर बेलबासेको संयोजकत्वमा गठित अध्ययन अनुसन्धान कार्यदलबाट २०८१ फागुनमा प्रतिवेदन प्राप्त भयो। वरिष्ठ पत्रकार डा. रघु मैनाली र काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहरा सदस्य रहनुभएको

उक्त कार्यदलले तयार पारेको प्रतिवेदनमा सो विषयमा प्रसारित कतिपय सामग्री आचारसंहिता प्रतिकूल देखिएकाले आचारसंहिता बमोजिम कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो ।

राष्ट्रपतिसँग काउन्सिल

राष्ट्रपति रामचन्द्र पौडेलले मिडियाको मर्यादित भूमिकाबाट मात्र आम नागरिकको मर्यादा र सम्मान जोगिने बताउनुभयो । त्यसका लागि प्रेस काउन्सिल नेपालको भूमिका अहम् हुने उहाँको भनाइ थियो । २०८१ साउन २१ गते राष्ट्रपति कार्यालय शितलनिवासमा काउन्सिलका पदाधिकारीसँग भेट्दै उहाँले नयाँ मिडियासहितले ल्याएका चुनौतीलाई सम्बोधन गर्ने गरी काउन्सिलले आफ्ना गतिविधि केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतसहितको टोलीले नेपाली मिडियामा देखिएका पछिल्ला प्रवृत्ति, समस्या, नयाँ प्रयोगबारे सङ्क्षिप्त रूपमा अवगत गराएको थियो । अध्यक्ष बस्नेतले युट्युबसहित सामाजिक सञ्जालमार्फत चलेका सञ्चार माध्यमलाई नियमन गर्न काउन्सिलले विभिन्न कार्य गर्दै आएको जानकारी दिनुभयो । अबको पत्रकारिताको धार समाधानमुखी र रचनात्मक बनाउन काउन्सिलले विभिन्न संवाद श्रृङ्खलाहरू थालेको उहाँले बताउनुभयो । भेटमा काउन्सिलका तर्फबाट अध्यक्ष बस्नेत, बोर्ड सदस्यहरू दुर्गा भण्डारी पौडेल, लालबाबु शेख, रामप्रसाद दाहाल र मुख्य अधिकृत झविन्द्र भुसाल हुनुहुन्थ्यो । राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेल पनि भेटमा सहभागी हुनुहुन्थ्यो ।

एक सय १७ जनाको आँखा परीक्षण

काउन्सिलले आफ्नो ५५औँ वार्षिकोत्सव तथा संविधान दिवसको अवसरमा २०८१ असोज ४ गते निशुल्क आँखा शिविर सञ्चालन गऱ्यो । शिविरमा एक सय १७ जनाले आँखा परीक्षण गराएका थिए । तिलगङ्गा आँखा प्रतिष्ठानको प्राविधिक सहयोगमा भएको शिविरमा काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल पत्रकार महासङ्घ र सूचना तथा प्रसारण विभागका कर्मचारीलगायत विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थिति रहको थियो । शिविरको उद्घाटन गर्दै काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार समाजको तेस्रो आँखा भएकाले सोहीअनुरूपको भूमिका प्रभावकारी ढङ्गले निभाउनुपर्ने बताउनुभयो । प्रतिष्ठान र काउन्सिलबीचको सहकार्य र समन्वय आगामी दिनमा अझै प्रगाढ बनाइने

उहाँले स्पष्ट पार्नुभयो । बोर्ड सदस्य शरद अधिकारीले प्रतिष्ठानका स्वास्थ्यकर्मी टोलीलाई स्वागत गर्नुभएको थियो । मुख्य अधिकृत झबिन्द्र भुसालले वार्षिकोत्सवको अवसरमा विशेष कार्यक्रम गरिँदै आएको र यसको निरन्तरताका रूपमा आँखा शिविर गरिएको बताउनुभयो । वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले शिविरले काउन्सिल र प्रतिष्ठानबिच सम्बन्ध सुमधुर बनाएको बताउनुभयो । प्रतिष्ठानका वरिष्ठ मानव संशाधन व्यवस्थापक मुकेशकुमार सिंहले राज्यको चौथो अङ्ग पत्रकारले मोबाइल र कम्प्युटरमा लामो समय काम गर्नुपर्ने हुँदा आँखामा समस्या आउने जोखिम बढिरहेको बताउनुभयो ।

मिडिया व्यवस्थापन सम्बन्धमा सामूहिक छलफल

वि.सं. २०८१ कार्तिक २३ गते सङ्घीयताको ढाँचामा मिडिया व्यवस्थापनलाई कसरी राम्रो बनाउने सम्बन्धमा काउन्सिलमा सामूहिक छलफल गरियो । अध्यक्ष बस्नेतले यस विषय उपस्थित सबै निकायको साझा उद्देश्य भएकाले समन्वय र सहकार्य गर्नुपर्ने बताउनुभयो । बागमती प्रदेश प्रेस सञ्चारका रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले सङ्घीय संरचनामा स्थापित पहिलो सञ्चार रजिष्ट्रारको कार्यालय बागमती भएको हुँदा कामको थुप्रै अप्ठ्यारा आएको बताईँदै सेवा प्रवाह र नियमनका सम्बन्धमा राष्ट्रिय आमसञ्चार मापदण्ड बनाइ कार्य गरिने बताउनुभयो । गण्डकी प्रदेश प्रेस रजिष्ट्रार बिमला भण्डारीले आएको प्रदेशमा नियमावलीहरू बन्दै गरेको बताउनुभयो । सूचना तथा प्रसारण विभागका निर्देशक भरत गौतमले न्युज एजेन्सीहरूको व्यवस्थापन तथा नियमनका लागि कानुन बनाउन जरुरी भएको बताउनुभयो । मुख्य अधिकृत झबिन्द्र भुसालले मिडियासँग सम्बन्धित निकायहरूसँग तथ्याङ्क आदानप्रदान र छलफल कम्तिमा दुई महिनामा छलफलमा तथा प्रसारण विभाग र सञ्चार रजिष्ट्रारहरूमा दर्ता/नवीकरण भइ सूचीकरण/नवीकरणकाका लागि काउन्सिलमा आउने अनलाइन मिडियाका सम्बन्धमा देखिएका समस्या र समाधानका विषयमा काउन्सिलको तर्फबाट सुझाव दिइएको थियो । छलफलबाट मिडिया क्षेत्रको विकास र व्यवस्थापनका सम्बन्धका लागि सरोकारवाला निकाय र मिडियाहरूसमेतको उपस्थितिमा बृहत् छलफल आयोजना गर्ने निर्णय गरिएको थियो ।

स्वागत र बिदाइ

✓ **सदस्यहरूलाई स्वागत**

प्रेस काउन्सिल नेपालको रिक्त सदस्य पदमा नियुक्त सदस्यहरूलाई काउन्सिलमा

स्वागत गरियो । २०८२ जेठ २९ गते काउन्सिल सभाहलमा भएको स्वागत कार्यक्रममा नवनियुक्त सदस्यहरूलाई स्वागत गर्दै मुख्य अधिकृत झविन्द्र भुसालले नयाँ सदस्यहरूको कार्यकाल रचनात्मक र उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो । नवनियुक्त सदस्यहरू कुमारी निमा काफ्ले (कञ्चनपुर), भीमलाल श्रेष्ठ (गोरखा), शन्तराम बिडारी (मकवानपुर), पदमराज जोशी (बैतडी), बालकृष्ण अधिकारी (धादिङ) र नकुल अर्याल (चितवन)लाई काउन्सिलका ऐन, कानुन, विनियमावली तथा कार्यविधिलगायत सामग्री हस्तान्तरण गर्दै नेपाल पत्रकार महासङ्घ अध्यक्ष एवं काउन्सिल सदस्य निर्मला शर्माले काउन्सिलको काम, कारबाही, भूमिका र आगामी कार्यनीतिबारे जानकारी हासिल गर्न सघाउने उल्लेख गर्नुभयो । नवनियुक्त सदस्यहरूलाई स्वागत गर्दै काउन्सिलका सदस्य विजयराज अधिकारी, केशवशरण लामिछानेले नयाँ सदस्यहरूसँगको सहकार्यबाट काउन्सिललाई गतिशील बनाउन थप सहज हुने विश्वास व्यक्त गर्नुभयो । नवनियुक्त सदस्यहरूले विद्यमान ऐन, कानुन र नीतिको अधिनमा रहेर प्रेस स्वतन्त्रताको संरक्षण गर्दै नेपालको पत्रकारिता क्षेत्रलाई मर्यादित बनाउन, काउन्सिलको भूमिका अझै सशक्त र चलायमान गराउन भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सरकारले गत जेठ १२ र १९ गतेको मन्त्रीस्तरीय निर्णयबाट काउन्सिलको रिक्त सदस्य पदमा ६ जनालाई नियुक्त गरेको थियो । कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल र सहप्रशासकीय अधिकृत रामशरण बोहरासहित विभिन्न शाखाका प्रमुखले काउन्सिलका सदस्यहरूलाई बधाइ एवं शुभकामना दिँदै उहाँहरूको कार्यकाल सफल बनाउन सचिवालय कटिबद्ध भएर लाग्ने प्रतिबद्धता जनाउनुभयो । स्वागत कार्यक्रमपश्चात पछिल्लो समय पत्रकार पक्राउ पुर्जी जारी भएको तथा प्रकाशित समाचार हटाउनका लागि अदालतले आदेश दिएको विषयमा गम्भीर छलफल भइ पत्रकारिता क्षेत्रमा विकसित घटनाक्रम सम्बन्धमा धारणा सार्वजनिक गर्ने निर्णय गरियो ।

✓ अध्यक्ष तथा सदस्यहरूको बिदाइ

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतको कार्यकाल सकिएसँगै २०८२ जेठ २० गते बिदाइ गरियो । मिति २०७८ जेठ २० गतेको मन्त्रिपरिषद् निर्णयबाट ४ वर्षका लागि नियुक्त भइ आउनुभएका अध्यक्ष बस्नेतले बिदाइ कार्यक्रममा आफूले संस्थाको हित सोचेर कार्य गरेको उल्लेख गर्नुभयो । उहाँले काउन्सिलको संस्थागत विकासका लागि नेतृत्वमा आउनेले व्यक्तिगत स्वार्थबाट माथि उठेर काम गर्नुपर्ने बताउनुभयो ।

यस्तै सदस्यहरू पनि गणेश पोखरेल, शरदप्रसाद अधिकारी, दुर्गा भण्डारी पौडेल, हरिप्रसाद जोशी, चिरञ्जीवी मास्के, लालबाबु शेख, ठाकुर बेलबासेलाई समेत बिदाइ गरियो । मिति २०८१ फागुन ९ र २०८१ फागुन १८ मा भएका कार्यक्रममा उहाँहरूले पत्रकारिता क्षेत्रमै रहेर निरन्तर सहकार्य गर्ने उल्लेख गर्नुभयो ।

स्थलगत अनुगमन

यस वर्ष चितवन, नवलपुर, झापा, सुनसरी, मोरङ, रौतहट, बारा, सर्लाही, पर्सा, मकवानपुर, पर्वत, म्याग्दी, धादिङ, रूपन्देही, पाल्पा, कपिलवस्तु, लमजुङ, स्याङ्जा, रामेछाप, महोत्तरी, दोलखा, सिन्धुली, डडेल्धुरा, कन्चनपुर, इलाम, मुस्ताङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक र काभ्रे गरी ३० जिल्लामा पत्रकार तथा सञ्चार माध्यमको अवस्था र प्रेस काउन्सिल नेपालबाट प्रदान हुने मिडिया विकास कोषको सुविधा प्रभावकारिताबारे स्थलगत अनुगमन गरी प्रतिवेदन तयार भएको छ ।

विशेष अनुगमन

सञ्चार माध्यमहरूमा समाचार कक्षका समस्या, गुनासा, आचारसंहिता पालनाको अवस्था, पत्रकारले भोगेका समस्या, समाचारका विषयवस्तु र समस्या समाधानलगायतका विषयमा काउन्सिलले आर्थिक वर्ष २०८१/८२ मा पनि जिल्लागत अनुगमनलाई निरन्तरता दियो । यसैक्रममा काउन्सिलका कर्मचारीबाट विभिन्न जिल्लामा स्थलगत अनुगमन गरियो अनुगमनका क्रममा आम सर्वसाधारणको मिडियाप्रतिको बुझाइ कस्तो छ ? हुलाक कार्यालयले मिडियासँग कसरी समन्वय गरिरहेको छ ? पत्रकारको धारणा, समस्या गुनासा र काउन्सिलप्रतिको अपेक्षा के छ ? भन्ने प्रश्नमा केन्द्रित भइ धारणा सङ्कलन गरिएको थियो ।

स्याङ्जा र लमजुङ

स्याङ्जा र लमजुङ जिल्लामा पत्रकारको प्रवर्धनका लागि लोककल्याणकारी विज्ञापन कोष खडा गरिएको पाइयो । स्थानीय तहमा जिल्ला बाहिरका मिडियाहरूले अनावश्यक बिल पठाउने र भुक्तानीको लागि धम्की दिने र नगरपालिकाविरुद्ध गलत समाचार सम्प्रेषण गर्ने प्रवृत्ति रहेको देखियो । साथै स्थानीय तहबाट मिडिया प्रवर्धनका लागि बजेट विनियोजन भएको पाइयो । स्याङ्जा सन्देश साप्ताहिक, पब्लिक आवाज साप्ताहिक, गल्याङ पोष्ट साप्ताहिक र ज्यारदी खोलाको तरङ्ग त्रैमासिक ४ वटा पत्रिका स्थानीय बजारमा न्यून सङ्ख्यामा देखियो ।

पत्रकारले नागरिकका समस्यालाई गहन रूपमा उठान नगरेको र समसामयिक विषयमा भन्दा राजनीतिमा बढी केन्द्रित रहेकाले पत्रकारले समाचार सम्प्रेषण गर्न नसकेको स्थानीयबासीले बताए । गलत सूचना बढी आउनाले कुन सही मिडिया हो भनी छुट्याउन नसकेको जानकारी प्राप्त भयो । स्थानीयबासीले अनलाइन पत्रकारको बढ्दो चापका कारण पत्रिकाको बजारीकरणमा समस्या देखिएको तर्क गरे ।

रामेछाप र महोत्तरी

'अक्षता' राष्ट्रिय दैनिक नियमित बजारमा आउने गरेको थाहा भयो । अन्य पत्रिका बजारमा कम देखिए । ग्रामीण क्षेत्रको समुदायमा रेडियो लोकप्रिय नै देखिएता पनि सञ्चालनमा भने कम रहेको पाइयो तर इन्टरनेटको पहुँच विस्तारसँगै रामेछापमा केही अनलाइन न्युज पोर्टलहरू सक्रिय रहेको र उक्त पोर्टलहरूबाट स्थानीय समाचार, विचार, सूचना, विज्ञापन आदि प्रकाशित हुने गरेको पाइयो ।

महोत्तरी जिल्लामा सञ्चार र मिडियाको अवस्था क्रमिक रूपमा विकास हुँदै आएको बुझियो । जिल्लाको ग्रामीण क्षेत्रमा अझै पनि मिडियाको पहुँच सीमित छ भने डिजिटल पहुँच विस्तार भइसकेको छ । स्थानीय पत्रिका पब्लिक टुडे राष्ट्रिय दैनिक, जलेश्वर टुडे राष्ट्रिय दैनिक, मधेशदृष्टि राष्ट्रिय दैनिक, जनकपुर टुडे दैनिक नियमित बजारमा आउने गरेको स्थानीय पाठकबाट जानकारी प्राप्त भयो ।

मोरङ र झापा

मोरङ्ग र झापा जिल्लामा युट्युबलगायतका सामाजिक सञ्जाल र एआई (आर्टिफिसियल ईन्टेलिजेन्स)को प्रयोगले दिनप्रतिदिन चुनौती थपेको पत्रकारको गुनासो थियो । सर्वसाधारणले कुन आधिकारिक मिडिया हो भनेर एकिन गर्न नसकेको देखियो । पत्रपत्रिका प्रकाशनको लागि कागज र छपाइ महङ्गो र पर्याप्त विज्ञापन नभएकोले खर्च धान्न नसकेर पत्रपत्रिका नियमित प्रकाशन नभएको प्रेस सञ्चालकले बताए ।

दोलखा र सिन्धुली

दोलखा जिल्लाका स्थानीय धेरै पत्रिकाहरू नियमित प्रकाशित नभए पनि वर्गीकरण प्रक्रियामा सामेल भइ लोककल्याणकारी विज्ञापन पाइरहेको पाइयो । सिन्धुलीमा प्रकाशित पत्रपत्रिका नै देखिएन । जिल्लामा टिभी र ठुला पत्रिका छैनन्, भएका सानातिना स्थानीय पत्रिका पनि नियमित छैनन् । स्थानीयस्तरमा धेरै समाचार छन् तर खोजी हुँदैनन्, केही रेडियो र धेरैजसो मोबाइलबाट चलिरहेका अनलाइनले पत्रकारिता धानिरहेका छन् । अधिकांश अनलाइन व्यक्तिगत रूपमा कार्यालयबिना नै सञ्चालित छन्, जसको अनुगमन गर्नुपर्ने देखिन्छ ।

कञ्चनपुर र डडेल्धुरा

दुवै जिल्लामा पत्रकारले पत्रकारिताबाहेक वैकल्पिक पेसा अपनाउनुका साथै शिक्षण, राजनीति, वकालत, लेखापरीक्षण, कृषि र व्यापार व्यवसायमा संलग्न रहेको पाइयो । एकै प्रेसबाट धेरै पत्रपत्रिका छपाइ र प्रकाशन हुने गरेको र प्रकाशन भए पनि श्रद्धाञ्जली, बधाइ र शुभकामनाका विज्ञापनले पृष्ठ भरिने गरेको पाइयो । स्थानीय तहले पत्रकार र सञ्चार माध्यमलाई समान रूपमा व्यवहार नगरेको र आफ्नो राजनीतिक पार्टीको प्रभावमा रहेका सञ्चार माध्यमलाई मात्र विज्ञापन र सूचना दिने गरेको पत्रकारको गुनासो रहेको थियो ।

सर्लाही, रौतहट र बारा

सर्लाहीमा ५, रौतहटमा ६ र बारामा ७ वटा पत्रिका नियमित प्रकाशनमा रहेका पाइयो । ती पत्रिका नियमित वर्गीकरण प्रक्रियामा सामेल भइ लोककल्याणकारी विज्ञापनको सुविधा पाइरहेका छन् । कतिपय पत्रिका नियमित प्रकाशन भइ बजारमा आएता पनि वर्गीकरणका लागि निवेदन दिएको पाइएन । रौतहटको दिव्य जागरण दैनिक पत्रिका, वञ्जिकावाणी साप्ताहिक, रौतहट दृष्टि साप्ताहिक अभिलेखमा रहे पनि वर्गीकरणमा भने सामेल छैन । वर्गीकरणका लागि निवेदन दिइ सुविधा पाइरहेका पत्रपत्रिकाहरू स्थानीय स्टेशनरी पसलमा भने भेटिँदैनन् । केही राष्ट्रिय र स्थानीय दैनिक पत्रिका भने नियमित स्टेशनरीहरूमा पाइने गरेको पाइयो । मधेस प्रदेश सरकारले पत्रकारका लागि बिमा कार्यक्रम तथा अनलाइनका लागि लोककल्याणकारी विज्ञापनले केही राहत प्रदान गरेको देखियो । प्रेस काउन्सिलले जिल्लामा कार्यक्रम गर्दा पत्रकार सञ्चार माध्यमसहित सर्वसाधारणलाई पनि सहभागी गराउनुपर्ने सुझाव प्राप्त भयो ।

गोरखा र तनहुँ

पत्रपत्रिकाको प्रभावकारिता घट्दो क्रममा रहेको र पत्रपत्रिका पढने चलन ज्यादै न्यून देखियो । मूलधारका मिडिया विचारभन्दा सामाजिक सञ्जालमा देखिने मिथ्या सूचनामा भर गर्ने प्रवृत्ति बढ्दो पाइयो । स्टेशनरी पसलको अवलोकन गर्दा स्थानीय पत्रिका बिक्री हुनै छोडेको र बढ्दो न्यून मिडियाको प्रयोगको कारण स्टेसनरीमा पत्रपत्रिका मात्र नभइ क्यालेण्डरसमेत बिक्री गर्न कठिन भएको बुझियो । स्थानीय बजारमा पत्रपत्रिका खासै भेटाउन सकिएन ।

मकवानपुर, बारा र पर्सा

मकवानपुर जिल्ला प्रशासन कार्यालयको अभिलेखअनुसार हालसम्म जम्मा

१५१ वटा पत्रत्रिका दर्ता रहेको पाइयो । यसमध्ये नियमित रही लोककल्याणकारी विज्ञापनबापत भुक्तानी लिने पत्रपत्रिकाहरू २१ वटा रहेको जानकारी गराउँदै जिल्लामा रहेका स्टेशनरी पसलहरूमा पुग्दा एकदुईवटाबाहेक राष्ट्रियस्तर तथा स्थानीय स्तरका पत्रिका भेटिएन । नेपाल पत्रकार महासङ्घ बारा शाखाले पत्रकारिता क्षेत्रलाई प्राथमिकतामा राखी लोककल्याणकारी विज्ञापनको रकम वृद्धि हुनुपर्ने देखिन्छ । राज्यले दिने रकमको सदुपयोग भए नभएकोबारे प्रभावकारी अनुगमन हुनुपर्ने धारणा आयो । एउटै व्यक्तिले धेरै पत्रिका चलाइरहेको बुझियो । नेपालको मिडिया क्षेत्रमा विशेषगरी न्यु मिडियाको बढ्दो प्रभाव र त्यसबाट सिर्जित आचारसंहिता चुनौतीलाई उजागर गरेको र छापा माध्यमको सङ्कट र लोककल्याणकारी विज्ञापनको महत्वमाथि पनि बहस सिर्जना गरी लोककल्याणकारी विज्ञापनको सदुपयोगमा जोड दिनुपर्ने देखियो । पर्साको वीरगञ्जस्थित विभिन्न ६ वटा स्टेशनरी पुस्तक पसलमा पुगी पत्रपत्रिकाको अनुगमनसमेत भयो । लक्ष्मी पुस्तक भण्डारबाहेक कुनै पनि स्टेशनरीमा पत्रपत्रिका बिक्रीका लागि राखेको देखिएन । स्थानीय पत्रिका प्रतिक दैनिक, कान्तिपुर दैनिक सिमित सङ्ख्यामा आउने गरेको अध्ययनका क्रममा पाइयो ।

नुवाकोट र रसुवा

नुवाकोट जिल्लाका अधिकांश पत्रिका काठमाडौँका अपसेट प्रेसमा छापिने गरेको पाइयो । नुवाकोटबाट प्रकाशन भइरहेका नुवाकोट जागरण र उत्तरगया साप्ताहिक पत्रिका वर्गीकरण प्रक्रियामा सामेल नभएको पाइयो । जिल्ला सदरमुकाममा रहेका केही पुस्तक पसलमा पुग्दा राष्ट्रिय र स्थानीय पत्रिकाहरू एउटा पसलमा मात्र देखियो अन्य पुस्तक पसलहरूले पत्रिका बिक्रीमा राख्न छोडेको प्रतिक्रिया दिए । रसुवा जिल्लामा कुनै पनि पत्रिका प्रकाशनमा रहेको पाइएन । जिल्लाका केही पुस्तक पसलमा पुग्दा केही पुराना पत्रपत्रिका मुना लगायतका मासिक पत्रिका बेच्न राखेको पाइयो ।

समग्रमा अनुगमनबाट प्राप्त सुझाव

- ग्रामीण पत्रकारलाई लक्षित गरी जिल्लास्तरीय तालिम, आचारसंहिता कार्यशाला र मिडिया कानुनबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- डिजिटल पत्रकारिता, अनुसन्धानात्मक पत्रकारिता, फोटो पत्रकारिताजस्ता आधुनिक विधामा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- पत्रकार सुरक्षा कोषमार्फत सङ्कटमा परेका पत्रकारलाई राहत दिने व्यवस्था गर्नुपर्ने,

- अनलाइन सूचीकरण, नवीकरण र वर्गीकरण कार्यलाई अनलाइन बनाउनुपर्ने,
- अनलाइन सञ्चार माध्यमलाई थप व्यवस्थित गर्दै वर्गीकरण गरिनुपर्ने,
- काउन्सिलबाट प्रदान गरिने विभिन्न सुविधाहरू (मिडिया विकास कोष, पत्रकार औषधि उपचारलगायत अन्य सुविधाको बारेमा पत्रकारलाई जानकारी गराउनुपर्ने,
- प्रेस काउन्सिलले जिल्ला भिजिट वा कार्यक्रममा आउँदा नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय र पदाधिकारीसँग मात्र समन्वय गर्ने हुनाले डेक्समा कार्यरत पत्रकारको समस्यालाई बुझ्न नसकेको गुनासो,
- पत्रकारलाई पेसामा टिकाइरहनका लागि बैङ्कहरूमा मिडिया हाउसलाई सहुलियतको ऋण दिनका लागि काउन्सिलले सरकारसँग लबिङ गर्नुपर्ने,
- सरकारले कुनै कामको टेन्डर गर्नुपर्दा राष्ट्रिय स्तरको "क" वर्गको पत्रिकामा मात्र सूचना निकाल्नुपर्ने नियमलाई संशोधन गरी आफ्नै स्थानीय सञ्चार माध्यमबाट पनि प्रकाशित गर्न मिल्ने बनाउन पहल गर्नुपर्ने,
- पत्रकारले नागरिकका समस्यालाई गहन रूपमा उठान नगरेको,
- पत्रकारको योग्यता तथा सम्बन्धित पेसाको लाइसेन्स प्रणाली कायम गर्नुपर्ने,
- केही सञ्चार माध्यमहरूले विनाअनुमति विज्ञापन प्रकाशन गरी भुक्तानीको लागि माग गर्ने देखियो । स्थानीय पत्रिकाले राष्ट्रिय दैनिक भनेर विज्ञापन माग गर्ने प्रवृत्ति देखिएको हुनाले यसको नियन्त्रण गर्नुपर्ने,
- रेडियोलाई लोककल्याणकारी विज्ञापनको रकम भुक्तानी मासिक रूपमा हुनुपर्ने ।
- वर्गीकरणका सम्बन्धमा आएको अस्पष्टतालाई हटाउनुपर्ने । वर्गीकरणमा परेका पत्रिकाहरूको नियमित अनुगमन गर्नुपर्ने । वर्गीकरणको नतिजा समयमै प्रकाशित गर्नुपर्ने । मोफसलका पत्रिकाहरूलाई वर्गीकरण गर्ने छुट्टै मापदण्ड तोक्नुपर्ने । धेरै समयसम्म एउटै वर्गमा राख्ने प्रवृत्तिमा सुधार गर्नुपर्ने ।
- काउन्सिलको वेबसाइटमा सम्बन्धित जिल्लाको नाम टाइप गर्दा उक्त जिल्लामा रहेका सम्पूर्ण पत्रपत्रिकाको डिटेल जानकारी आउने गरी व्यवस्थापन गर्नुपर्ने । काउन्सिलले कार्यप्रक्रिया सरलीकरण गरी हुलाकबाट नै प्रमाणपत्र पाउने गरी व्यवस्था गर्नुपर्ने ।
- विज्ञापनको समानुपातिक वितरण गर्नुपर्ने । विज्ञापनको दररेट तोक्नुपर्ने । विज्ञापनका लागि हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्नुपर्ने । लोककल्याणकारी विज्ञापनको रकममा वृद्धि गर्नुपर्ने ।
- प्रेस काउन्सिल नेपालले प्रादेशिक कार्यालय खोल्नुपर्ने ।

निष्कर्ष

प्रेस काउन्सिल नेपाल सम्पूर्ण नेपाली पत्रकारको अभिभावक संस्थाको रूपमा रहिआएको छ। यो स्थापनाकालदेखि नै समग्र पत्रकारिता क्षेत्रको उन्नयन र विकासका लागि अनवरत रूपमा लागिरहेको छ । यसले नेपालको पत्रकारिता क्षेत्रको समग्र वस्तुस्थितिका बारेका अध्ययनअनुसन्धान गर्दै यस क्षेत्रको अनुगमन र नियमन पनि गरिरहेको छ । सीमित स्रोत र साधनका बाबजुद काउन्सिलले देशव्यापी रूपमा मोफसलका मिडियाको अनुगमन गरी अवस्था, समस्या, चुनौतीलगायतका विषयमा अध्ययन अनुसन्धान गरिरहेको छ। उक्त अध्ययन तथा अनुसन्धानले समग्र मिडियाको वस्तुस्थिति, समस्या, चुनौती, अवसर र सम्भावना पहिल्याई समस्या समाधान सहयोगी बन्नेछ भन्ने अपेक्षा रहेको छ। यस्ताखाले अनुगमनले कर्मचारीलाई भौगोलिक अनुभव समेत दिलाउने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने, जनसम्पर्क स्थापित हुने एवं काउन्सिल र पत्रकारबिचको सम्बन्धलाई नवीकरण गरी उनीहरूको काउन्सिलप्रतिको धारणा बुझ्न समेत सहयोगी बन्ने हुनाले यसलाई नियमित गर्नु वाञ्छनीय देखिन्छ।

१.१.१३ सूचना/प्रेस विज्ञप्ति/अपिल

सूचना

- ✓ २०८१/०४/०४ - खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लिखित नतिजा तथा सूचना प्रविधि सीप परीक्षण र अन्तर्वार्तासम्बन्धी
- ✓ २०८१/०४/०९ - पत्रिकाको अभिलेख (हार्डकपी तथा पिडिएफ दुवै) अद्यावधिक गर्नेसम्बन्धी
- ✓ २०८१/०४/१८ - आ.व. २०७८/७९ को पत्रपत्रिका वर्गीकरणको प्रारम्भिक नतिजासम्बन्धी
- ✓ २०८१/०४/२३ - पत्रपत्रिका वितरण/सम्परीक्षण मूल्याङ्कन विशेषज्ञको सूची (Roster) अद्यावधिकको लागि आवेदन दिनेसम्बन्धी
- ✓ २०८१/०४/२६ - वि.नं. १/०८०-८१ को अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- ✓ २०८१/०४/२८ - नियुक्तिका लागि सम्पर्क राख्न आउनेसम्बन्धी ।
- ✓ २०८१/०५/०५ - शिलबन्दी दरभाउपत्र सम्बन्धी ।
- ✓ २०८१/०६/०२ - २०८१ असोज ४ गते निःशुल्क आँखा शिविर हुनेसम्बन्धी ।
- ✓ २०८१/०६/०६ - कार्यालय बिदा हुनेसम्बन्धी ।
- ✓ २०८१/०६/०८ - अवज्ञाकारी/कालोसूचीमा रहेका सञ्चार माध्यमहरू -

२०८१ /८२ सम्बन्धी ।

- ✓ २०८१/०६/२१ - आ.व. २०७८/०७९ को पत्रपत्रिका वर्गीकरणको पुनरावलोकनसहितको अन्तिम नतिजासम्बन्धी ।
- ✓ २०८१/०८/११ - मिडिया विकास कोषसम्बन्धी ।
- ✓ २०८१/०९/११ - आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरण छुट कागजात बुझाउनेसम्बन्धी ।
- ✓ २०८१/०९/१४ - पत्रपत्रिकाको अभिलेख (हार्ड कपि तथा पिडिएफ) अद्यावधिक गराउनेसम्बन्धी ।
- ✓ २०८१/१०/०४ - आ.व. २०८०/८१ को पत्रपत्रिका वर्गीकरणका लागि आवेदन फाराम भर्नेसम्बन्धी ।
- ✓ २०८१/१२/०१ - करार सेवामा मिडिया अनुगमनकर्ता भर्नासम्बन्धी ।
- ✓ २०८१/१२/०८ - खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापनसम्बन्धी ।
- ✓ २०८२/०१/२२ - लिखित परीक्षा कार्यक्रम/प्रवेश पत्र वितरणसम्बन्धी ।
- ✓ २०८२/०२/०५ - मिडिया अनुगमनकर्ता (करार)को छोटोसूची प्रकाशन एवं परीक्षा कार्यक्रमसम्बन्धी ।
- ✓ २०८२/०२/०६ - पत्रपत्रिकाको अभिलेख नियमित अद्यावधिक गराउनेसम्बन्धी।
- ✓ २०८२/०२/२३ - लिलाम बढाबढसम्बन्धी ।
- ✓ २०८२/०२/२८ - मौजुदा सूची (२०८२/८३) दर्तासम्बन्धी ।
- ✓ २०८२/०३/२३ - छोटोसूचीमा नपर्ने उम्मेदवारहरूको परीक्षा दस्तुर फिर्तासम्बन्धी ।
- ✓ २०८२/०३/२४ - 'पिसिएन इयर बुक'का लागि अनुसन्धानमूलक लेखका लागि अनुरोधसम्बन्धी ।

प्रेस विज्ञप्ति

- २०८१/०४/०९ - त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा भएको जहाज दुर्घटनाका समाचार सम्बन्धमा ।
- २०८१/०४/११ - नेपाल कम्युनिष्ट पार्टी (विप्लव) समर्थित विद्यार्थीद्वारा जनआस्था साप्ताहिकका सम्पादकलाई धम्की दिइएको सम्बन्धमा ।
- २०८१/०४/१५ - सामाजिक सञ्जाल (युट्युब च्यानल)का सामग्री अनुगमन गरी कारबाही गरिएको सम्बन्धमा ।

- २०८१/०४/१६ - आर्थिक वर्ष २०८०/८१ मा भएका प्रेस स्वतन्त्रता हनन्का घटना सम्बन्धमा ।
- २०८१/०६/०५ - प्रेस काउन्सिलको वार्षिकोत्सवका अवसरमा वितरण गरिने पुरस्कार सम्बन्धमा ।
- २०८१/०६/१८ - विशेष अनुगमन भएका सञ्चार माध्यमका सम्बन्धमा ।
- २०८१/०६/२१ - कालोसूचीमा परेका अनलाइन र कारबाही सिफारिस भएका चुट्युब च्यानल सम्बन्धमा ।
- २०८१/०६/२३ - दशैँ बिदामा समेत अनुगमन कार्य निरन्तर हुने सम्बन्धमा ।
- २०८१/०७/२५ - कालोसूचीमा परेका अनलाइन, विशेष अनुगमन र कारबाही सिफारिस भएका चुट्युब च्यानल सम्बन्धमा ।
- २०८१/०८/०४ - सामाजिक सञ्जाल (युट्युब च्यानल)का सामग्री अनुगमन गरी कारबाही गरिएको सम्बन्धमा ।
- २०८१/०८/०६ - उपनिर्वाचन आचारसंहिता लागु भएको सम्बन्धमा ।
- २०८१/०८/१० - सामाजिक सञ्जाल (विशेषगरी युट्युब)लाई कारबाही गरिएको सम्बन्धमा ।
- २०८१/०८/१४ - उपनिर्वाचन, २०८१ को मौन अवधि सम्बन्धमा ।
- २०८१/१०/२० - कालोसूचीमा परेका तथा कारबाही फुकुवा भएका सञ्चार माध्यम सम्बन्धमा ।
- २०८१/१०/२२ - पछिल्लो तीन महिनामा भएका प्रेस स्वतन्त्रता हनन्का घटनासम्बन्धमा ।
- २०८१/१०/२३ - झापा घटनाका विषयमा सामग्री सम्प्रेषण गरी कारबाहीमा परेका युट्युब च्यानल सम्बन्धमा ।
- २०८१/१२/१७ - सडक प्रदर्शनका क्रममा सञ्चार माध्यममाथि भएको आक्रमणका सम्बन्धमा ।
- २०८२/०१/११ - प्रेस स्वतन्त्रता हनन्का घटनासम्बन्धमा ।
- २०८२/०२/०७ - पत्रकार र सञ्चार माध्यमबाट सम्प्रेषित सामाचार आचारसंहिताविपरीत भएका गुनासा प्राप्त भएको सम्बन्धमा ।
- २०८२/०२/१४ - प्रेस प्रतिनिधिपत्र लिएर सञ्चारकर्म गर्नेसम्बन्धमा ।
- २०८२/०२/२९ - सामाजिक सञ्जालमा राखिएका सामग्रीका विषय र पत्रकार पक्राउ पुर्जी सम्बन्धमा ।

- २०८२/०३/२९ - विभिन्न निर्णयसहित काउन्सिल बैठक सम्पन्न भएको सम्बन्धमा ।

अपिल

- २०८१/०५/०५ - प्रेस सङ्ग्रहालयका लागि सामग्री उपलब्ध गराउने सम्बन्धमा।
- २०८१/०७/२७ - सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा ।
- २०८२/०३/१६ - प्रेससँग असम्बन्धित कानुन आकर्षित भएको सम्बन्धमा ।

शोक वक्तव्य/शोक बिदा

- २०८१/१२/१० - काउन्सिलका पूर्वअध्यक्ष माथवर सिंह बस्नेतको निधनमा आधा दिन शोक बिदा
- २०८१/१२/१९ - काउन्सिलका पूर्वसल्लाहकार कमल कोइरालाको निधनमा शोक वक्तव्य

१.१.१४ काउन्सिलका प्रमुख निर्णय र कार्यान्वयन अवस्था

बैठक सङ्ख्या: १७

- २०८१ साल साउन १६ गतेको बैठकबाट प्रेस काउन्सिल कर्मचारी विनियमावली २०७९ को विनियम १०६ को उपविनियम (१) र (६) मा व्यवस्था भएअनुसार काउन्सिलको सेवाबाट सेवानिवृतपश्चात भुक्तानी हुने सुविधा रकम सम्बन्धमा स्पष्ट गरी पठाउन कर्मचारी सञ्चय कोषबाट अनुरोध भइ आएकोले ऐ.विनियमको उपविनियम (१), (२), (३), (४), (५) समेतका आधारमा अध्ययन गर्दा निवृत्तिभरण नभइ उपदान भुक्तानी दिनुपर्ने हुँदा सेवानिवृत्त (राजीनामा वा अवकाशबाट)पश्चात एकमुस्ट उपदान प्रदान गर्ने गरी योगदानमा आधारित उपदान कोषको सञ्चालन र व्यवस्थापनका लागि कर्मचारी सञ्चय कोषमा पत्राचार एवं सम्झौता गर्ने निर्णय भएको छ ।
- २०८१ साल साउन १७ गतेको बैठकबाट आ.व. २०७८/७९ को पत्रपत्रिका वितरण सम्परीक्षण समितिको प्रतिवेदन उपर छलफल भइ वर्गीकरण नतिजा वितरण सम्परीक्षणको मापदण्डमा उल्लेख भएअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुझाइ सो अनुसारको सार्वजनिक गर्ने । त्यस्तै सार्वजनिक भएको वर्गीकरणको नतिजामा चित्त नबुझे पुनर्योग/पुनःमूल्याङ्कनको लागि आधार प्रमाणसहित निवेदन दिन सूचना प्रकाशन गर्ने निर्णय भएको छ ।

- विदेशमा दर्ता भइ नेपाली भाषामा सञ्चालन भएका अनलाइन सञ्चार माध्यमको नेपालमा दर्ता, सूचीकरणसहित व्यवस्थापन कसरी गर्न सकिन्छ ? सूचना तथा प्रसारण विभाग र प्रदेशका सञ्चार रजिष्ट्रार कार्यालय वा आमसञ्चार प्राधिकरणमा दर्ता भएका अनलाइनको सूचीकरण, एवं पत्रकार परिचय पत्र वितरणमा देखिएका कठिनाई, अनलाइन दर्ता एक वा सोभन्दा बढी ठाउँमा हुने वा नहुने, आचारसंहिता उल्ङ्घनमा उजुरी गर्दा देखिएको अन्यौलताजस्ता पछिल्लोपटक सञ्चार माध्यमको अनुगमन र व्यवस्थापनमा देखिएका कठिनाइका बारेमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन पेस गर्न सदस्य चिरञ्जीवी मास्केलाई जिम्मेवारी दिने निर्णय भएको थियो (अध्ययनपश्चात प्रतिवेदन प्राप्त भएको) ।
- मिति २०८१ साल मङ्सिर १८ गतेको बैठकबाट प्रेस काउन्सिल ऐन, २०४८ को दफा ५ (ङ) को उद्देश्य प्राप्त गर्न लामो समयदेखि पत्रकारितामा संलग्न, पत्रकारितामार्फत राष्ट्रलाई विशेष योगदान पुऱ्याएका स्थापित पत्रकारको सम्मान गर्दै पत्रकारिता जगतको मर्यादा अभिवृद्धि गर्न वरिष्ठ पत्रकारको उपाधि प्रदान गर्ने । यस प्रयोजनका लागि हालसम्म वरिष्ठ पत्रकारको मापदण्ड नभएकोले मापदण्ड बनाइ उपाधि प्रदान गर्न काउन्सिलका सदिस्य श्री हरिप्रसाद जोशीको संयोजकत्वमा विज्ञसहितको वरिष्ठ पत्रकारसम्बन्धी अध्ययन उपसमिति गठन गरि जिम्मेवारी दिने निर्णय भएको थियो (उक्त उपसमितिले प्रतिवेदन पेस गरिसकेको छ) ।
- मिति २०८१ फागुन ८ गतेको बैठकबाट सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने विधेयकको सम्बन्धमा छलफल हुँदा सञ्चार माध्यमले सञ्चालन गर्ने सामाजिक सञ्जालको नियमन र अन्य नागरिकले प्रयोग गर्ने सामाजिक सञ्जालको नियमनको व्यवस्था स्पष्ट गरी प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्ने गरी यस्ता सञ्जाल सञ्चालन गर्नेलाई जवाफदेही बनाउन कानुन बनाउनुपर्ने विषय आवश्यक देखिएको हुँदा उक्त विधेयक थप अध्ययन एवं सरोकारवालासँग छलफल गरी सुझाव पेस गर्ने निर्णय भएको, साथै मिडिया काउन्सिल विधेयकमा काउन्सिलको तर्फबाट सुझाव पेस गर्ने निर्णय भएको छ ।
- २०८२ असार २७ गते बसेको बैठकमा पत्रकार र प्रेसका विषयमा अदालतमा पुगेका विषय, कतिपय पत्रकारबाट भएका प्रेस स्वतन्त्रता दुरूपयोगका गतिविधि, प्रेसमा देखिएका आर्थिकलगायत विभिन्न सङ्कट आदिजस्ता नेपाली पत्रकारिता

तथा आमसञ्चारका क्षेत्रमा देखिएका पछिल्ला समसामयिक विषयमा गम्भीर छलफल भइ देहायअनुसार निर्णय भएको ।

- संविधानका प्रावधानविपरीत पत्रकार र सञ्चार माध्यमप्रति कहींकतैबाट हुने प्रेस स्वतन्त्रताविरोधी कुनै पनि कार्यमा प्रेस काउन्सिल सहमत नहुने
- पत्रकार र सञ्चार माध्यमलाई आचारसंहिता पालना र प्रेस स्वतन्त्रता सदुपयोग गर्न अपील गर्दै तालिम/प्रशिक्षण/अभिमुखीकरणमार्फत पत्रकारलाई यसप्रति ध्यानाकर्षण गराइरहने पत्रकार आचारसंहिता अभिमुखीकरणका लागि विज्ञ-सूची अद्यावधिक गर्ने
- काउन्सिलको क्षेत्राधिकारअनुसार अगामी चार वर्षका लागि कार्ययोजना बनाएर अगाडि बढ्न तयारी गर्ने
- पत्रकार आचारसंहिता, सञ्चार निर्देशिकालगायत काउन्सिलका कार्यविधिहरूमा संशोधनका विषयमा छलफल गर्दै जाने, युट्युबलगायत डिजिटल प्लेटफर्ममार्फत हुने पत्रकारितालाई थप व्यवस्थित गर्ने ।
- मित्रराष्ट्रका प्रेस काउन्सिलहरूसँग द्विपक्षीय सम्झौता गर्ने र छिमेकी मुलुकमा रहेका प्रेस काउन्सिलहरूसँग सहकार्य गर्न यसअघि भएका द्विपक्षीय सम्झौतालाई निरन्तरता दिने
- लामो समयदेखि संशोधन हुन नसकेका प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, आर्थिक प्रशासन विनियमावली, प्रेस काउन्सिल कर्मचारी विनियमावली संशोधनका लागि थप पहल गर्ने
- काउन्सिललाई अझ बलियो बनाउन सामूहिक धारणा बनाएर संस्थागतरूपमा एकद्वार प्रणालीबाट निर्णयहरू सार्वजनिक गर्ने र बोर्ड बैठकमा भएका छलफल एवं निर्णयहरू प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

१.२ आर्थिक स्थिति

प्रेस काउन्सिल नेपालको दैनिक प्रशासन सञ्चालन एवं कार्यक्रम सम्पादन गर्नको लागि अधिकांश बजेट नेपाल सरकारबाट उपलब्ध हुने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा चालु बजेट शीर्षकमा ४ करोड ५० लाख बजेट निकासा भएको थियो । आ.व २०८१/८२ असार महिनासम्मको विनियोजित तथा खर्च विवरण देहायबमोजिम रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट र खर्च (रू.)

ख	विवरण	२०८१/८२ को बजेट बाँडफाँड	साउनदेखि असार मसान्तसम्मको खर्च	बाँकी रकम
२६४१२	तलब	१९,९३३,०००.००	९,३२२,८९६.०४	६१०,१०३.९६
२६४१२	मिडिया अनुगमनकर्ता (जनशक्ति खर्च)	४,०६४,०००.००	२,९६६,२३०.२२	१,०९७,७६९.७८
२६४१२	पदाधिकारी अन्य भत्ता	१२०,०००.००	-	१२०,०००.००
२६४१२	सञ्चार महसुल	१,४८०,०००.००	१,०८५,७०४.२०	३९४,२९५.८०
२६४१२	कार्यालयसम्बन्धी खर्च (मसलन्द, पत्रपत्रिका, विज्ञापन, छपाइ, सेवा अन्य)	१,६७०,०००.००	१,६७०,०००.००	-
२६४१२	भ्रमण खर्च	१,६००,०००.००	१,५१८,६७८.६७	८१,३२१.३३
२६४१२	महङ्गी भत्ता	१,००८,०००.००	८८१,४१३.६६	१२६,५८६.३४
२६४१२	बैठक भत्ता र परिवहन	३,०००,०००.००	३,०००,०००.००	-
२६४१२	पोशाक	४२०,०००.००	३४०,०००.००	८०,०००.००
२६४१२	औषधी उपचार सुविधा	१००,०००.००	-	१००,०००.००
२६४१२	इन्धन	९००,०००.००	६६३,४१३.००	२३६,५८७.००
२६४१२	पानी तथा बिजुली महसुल	८००,०००.००	५८६,४७१.७२	२१३,५२८.२८
२६४१२	मर्मत तथा सम्भार (गाडी, मेसिनरी औजार)	१,२६०,०००.००	१,२६०,०००.००	-
२६४१२	परामर्श तथा सेवाशुल्क (गाडी, बीमा, कर्मचारी)	१,२३०,०००.००	१,०७९,०२२.१०	१५०,९७७.९०
२६४१२	विविध खर्च	७०८,०००.००	७०८,०००.००	-
२६४१२	तालिम (क्षमता अभिवृद्धि)	२००,०००.००	२००,०००.००	-

ख	विवरण	२०८१/८२ को बजेट बाँडफाँड	साउनदेखि असार मसान्तसम्मको खर्च	बाँकी रकम
२६४१२	सिस्टम अपग्रेड तथा अन्य मर्मतसम्भार र सुरक्षा AMC	१,५००,०००.००	९२५,८८४.९०	५७४,११५.१०
२६४१२	संहिता जर्नल, वार्षिक प्रतिवेदन र अन्य प्रकाशन	१,५००,०००.००	१,५००,०००.००	-
२६४१२	पदपूर्ति कार्यक्रम	५००,०००.००	४७६,१४५.००	२३,८५५.००
२६४१२	वार्षिकोत्सव समारोह र विधागत पुरस्कार	१,४००,०००.००	१,३६९,७६२.००	३०,२३८.००
२६४१२	कर्मचारी अवकाश कोष वृद्धि	१,२००,०००.००	१,२००,०००.००	-
२६४१२	काउन्सिल र विभिन्न सङ्घसंस्थासँगको छलफल कार्यक्रम	४०७,०००.००	३९४,५४१.००	१२,४५९.००
	जम्मा रकम	४५,०००,०००.००	४१,१४८,१६२.५१	३,८५१,८३७.४९

आम्दानी खर्चको पछिल्लो आठ वर्षको विवरण

२०७४/७५ निकासा रू. ५३१२५ (हजारमा) खर्च रू. ४४३५७ (हजारमा)
२०७५/७६ निकासा रू. ४७९०० (हजारमा) खर्च रू. ४१२५० (हजारमा)
२०७६/७७ निकासा रू. ५१९०० (हजारमा) खर्च रू. ३८६०४ (हजारमा)
२०७७/७८ निकासा रू. ५०४०० (हजारमा) खर्च रू. ३९९४७ (हजारमा)
२०७८/७९ निकासा रू.४६९०० (हजारमा) खर्च रू. ४२१४६ (हजारमा)
२०७९/८० निकासा रू.४६८०० (हजारमा) खर्च रू. ३९९७५ (हजारमा)
२०८०/८१ निकासा रू.४८४०० (हजारमा) खर्च रू. ४३२५० (हजारमा)
२०८१/८२ निकासा रू ४५००० (हजारमा) खर्च रू ४११४८ (हजारमा)

विभिन्न प्रयोजनका खाता र रकमको अवस्था

कर्मचारी अवकाश कोष

कर्मचारी अवकाशपश्चात्को सुविधा भुक्तानीको लागि कर्मचारी अवकाश कोष खाता रहेको छ । आ.व. २०८२ असार मसान्तसम्म मुद्दतीमा ७ करोड १७ लाख ८७ हजार रहेको छ । उक्त कोष बाट ३२ लाख ५३ हजार २ रूपैया ०९ पैसा ब्याज आम्दानी प्राप्त भएकोमा आर्थिक वर्ष २०८१/८२ मा कर्मचारी हर्कबहादुर श्रेष्ठलाई रू. ५९ लाख ७३ हजार ०८ सय ६ रूपैया २६ पैसा र जजिन राईलाई रू.५८ हजार ९ सय ३१ रुपैयाँ ६० पैसा गरि जम्मा रू ६० लाख ३२ हजार ०१ सय ७ रुपैयाँ ८६ पैसा अवकास रकम भुक्तानी गरिएको छ ।

उक्त कोषमा असार मसान्तसम्म बाँकी रकम रू.७ करोड २६ लाख ४६ हजार ६ सय ३५ रुपैयाँ ८८ पैसा रहेको छ । प्रत्येक वर्ष वार्षिक बजेटबाट विनियोजित साथै कोषबाट प्राप्त ब्याजबाट कोष वृद्धि हुँदै आएको छ । मुद्दती खाताको प्राप्त ब्याज रकम र मुद्दतीमा रहेको रकमबाट कर्मचारी विनियममा व्यवस्था भएअनुसार कर्मचारी अवकाश हुँदा त्यस्ता कर्मचारीलाई सुविधा उपलब्ध हुने गरेको छ ।

कर्मचारी सापटी कोष

सापटी कोषमा रहेको रकमबाट प्रेस काउन्सिल कर्मचारी विनियमावलीमा व्यवस्था भएअनुसार ६ महिने, १ वर्षे र ३ वर्षे तलब सापटी उपलब्ध हुने गरेको थियो । उक्त सापटी सुविधा प्रयोगबापत विनियमावलीमा उल्लेख भएअनुसार कर्मचारीबाट सयकडा ३ प्रतिशतका दरले ब्याज लिइने गरिएको छ । यस कोषबाट २०८२ असार मसान्तसम्म रू.५३ लाख ६४ हजार ५ सय ९५ रुपैयाँ ७२ पैसा कर्मचारीलाई तलब सापटीस्वरूप उपलब्ध गराइएको छ । कर्मचारी विनियमावलीअनुसार दिइएको सापटी रकम सम्बन्धित कर्मचारीको तलबबाट नियमानुसार प्रत्येक महिना कट्टा गरी असुल गर्ने व्यवस्था छ ।

यस कोषमा गत वर्ष रू.९० लाख ७८ हजार १ सय ८७ रुपैयाँ २ पैसा रहेकोमा यो वर्ष रू. ९४ लाख ७८ हजार ३ सय ९३ रुपैयाँ १२ पैसा रहेको छ ।

प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोष

प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार वितरण गर्नका लागि स्थापित अक्षय कोषको रकम रू. ३५ लाख रहेको छ । मुद्दती खातामा राखिएको सो रकमको ब्याजबाट पुरस्कार वितरण गर्ने गरिएको छ । आ.व.२०६७/६८ बाट पुरस्कारको राशि

रू. १ लाख कायम गरिएकोमा आ.व. ०७३/७४ बाट रू. १ लाख पाँच हजार र आ.व. ०७५/७६ बाट रू. १ लाख ५१ हजार कायम गरिएको छ। आ.व. २०८१/८२ को ब्याज आम्दानी रू. १ लाख २३ हजार १ सय ३८ रुपैयाँ ३७ पैसा रहेको छ। यो कोषमा हाल रु. ३९ लाख २० हजार ३ सय ५४ रुपैयाँ ११ पैसा रहेको छ।

प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार कोष

प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार वितरण गर्नका लागि २०७३ सालमा स्थापित अक्षयकोषको रकम रू. २६ लाख रहेको थियो । मुद्दती खातामा राखिएको सो रकमको प्राप्त ब्याजबाट पुरस्कार वितरण गर्ने गरिएको छ। आ.व २०७५/०७६ बाट सो पुरस्कार स्थापना गरी वितरण गरिएको सो पुरस्कारको राशि रू. १ लाख ५ हजार कायम गरिएकोमा आ.व. २०७७/७८ देखि पुरस्कारको पुँजी वृद्धि गरी रू. २८ लाख र पुरस्कार राशि रू. १ लाख १० हजार पुऱ्याइएको छ। उक्त कोषको चल्ती खातामा आ.व. २०८१/८२ को ब्याज आम्दानी रू. ९५ हजार १ सय ७१ रुपैयाँ २९ पैसासहित जम्मा रू.५ लाख १७ हजार ३ सय ६८ रुपैयाँ १७ पैसा रहेको छ। असार मसान्तसम्म रू. ३२ लाख २२ हजार १ सय ९६ रुपैयाँ ८८ पैसा मौज्दात रहेको छ।

प्रेस काउन्सिल पुरस्कार अक्षय कोष

आर्थिक वर्ष २०७८/७९ बाट प्रेस काउन्सिल नेपालले प्रदान गरिने पुरस्कारको निरन्तरतालाई मध्यनजर गर्दै छुट्टै पुरस्कार कोष स्थापना गर्ने उद्देश्यले रू. १० लाखबाट स्थापित पुरस्कार अक्षयकोषलाई कोष वृद्धि गर्दै हाल रू.४० लाख पुऱ्याइ मुद्दती खातामा राखिएको छ। उक्त मुद्दती खाताबाट आर्थिक वर्ष २०८१/८२ मा १ लाख ९५ हजार ६ सय ९३ रूपैया ४६ पैसा ब्याजसहित चल्ती खातामा जम्मा रू.१४ लाख ८ हजार ७ सय रुपैयाँ रहेको छ। असार मसान्तसम्म रु. ५२ लाख १३ हजार १३ रुपैयाँ ५१ पैसा मौज्दात रहेको छ।

योगदानमा आधारित कर्मचारी अवकास कोष

लामो समयसम्म करारमा कार्यरत कर्मचारीहरू करार समाप्तपछि घर जाने समयमा केही सुविधा होस् भन्ने उद्देश्यका लागि आर्थिक वर्ष २०७८/७९ मा योगदानमा आधारित कर्मचारी अवकाश कोष खाता खोली रू. ८ लाख मुद्दती खातामा राखिएको छ। उक्त मुद्दती खातामा राखिएको रकमबाट आ.व. २०८१/८२ मा रू. ३९ हजार ११ रुपैयाँ ५१ पैसा ब्याजसहित चल्ती खातामा जम्मा रू. २ लाख

५३ हजार २ सय ७७ रुपैयाँ ५३ पैसा रहेको छ। उक्त कोषको मुद्दती र चल्ती खातामा आ.व. २०८१/८२ को ब्याज आम्दानी समेत गरी रु. १० लाख ५३ हजार २ सय ७७ रुपैयाँ ५३ पैसा मौज्दात रहेको छ।

पत्रकार कल्याण कोष

यो कोषबाट उपसमितिको निर्णयानुसार स्वास्थ्योपचार गराउनुपर्ने पत्रकारलाई नेपाल पत्रकार महासङ्घ (केन्द्रीय कार्यालय)को सिफारिससहित तोकिएको कागजातका आधारमा कार्यविधिको अधिनमा रही औषधोपचार सुविधा प्रदान हुँदैआएको छ। औषधोपचार सुविधा उपलब्ध गराउने प्रयोजनका निमित्त काउन्सिलले २०५२ सालमा पत्रकार कल्याण कोष नामक एउटा छुट्टै अक्षयकोष स्थापना गरेको छ। रू.१० लाखबाट प्रारम्भ भएको अक्षय कोषको रकम हाल रू. १ करोड ६ लाख ११ हजार ३२ रुपैयाँ ०४ पैसा पुगेको छ। सो कोषबाट आर्जित ब्याज रकमबाट बिरामी पत्रकारलाई सहयोग गरिन्छ। रोगको अवस्था हेरी रकम सिफारिस गर्न पत्रकार कल्याण कोष उपसमिति गठन गरिएको छ।

पत्रकार कल्याण कोषमा आ. व. २०८१/८२ मा रू. ५लाख १९ हजार १ सय ८४ रुपैयाँ ०६ पैसा ब्याज आम्दानी भएको छ। उक्त आम्दानीबाट यस आर्थिक वर्ष ३६ जना पत्रकारलाई स्वास्थोपचारका लागि रू. ४ लाख ५४ हजार आर्थिक सहयोग प्रदान गरिएको छ। कोष स्थापनादेखि हालसम्म ७५४ जना बिरामी पत्रकारलाई रू.८० लाख १६ हजार १ सय ५६ रुपैयाँ ०९ पैसा औषधोपचार सुविधा प्रदान गरिएको छ। यस वर्षको अन्त्यसम्म कोषमा रू. १ करोड ०६ लाख ११ हजार ३२ रुपैयाँ ०४ पैसा रहेको छ।

मिडिया विकास कोष

मिडियालाई स्वतन्त्र, आधुनिकीकरण तथा व्यावसायीकरण बनाइ नेपाली पत्रकारिता क्षेत्रको समुचित विकासका लागि मोफसलका सञ्चार माध्यमको गुणात्मकतामा अभिवृद्धि गर्न र आत्मनिर्भर बनाउन नेपाल सरकार र डेनमार्क सरकारको संयुक्त सहयोगमा सन् १९९५ को अक्टुबर (वि.सं.२०५२ असोज)मा मिडिया विकास कोष स्थापना भएको हो। मोफसलका पत्रपत्रिकाले भोग्नुपरेका विविध समस्याको प्रारम्भिक निराकरणमा सहयोग पुऱ्याउनु नै मिडिया विकास कोषको उद्देश्य रहेको छ।

मिडिया विकास कोषमा नेपाल सरकारबाट प्राप्त रू. १ करोड ५० लाखसहित

डेनिस सरकारबाट प्राप्त रू. १ करोड ७५ लाख र ब्याजबाट खोलेको मुद्दतीसमेत जम्मा रू. ४ करोड ७१ लाख को कोष रहेको छ। यस आ.व. २०८१/८२ मा रू.२४ लाख ९६ हजार ७ सय ७८ रुपैयाँ ६० पैसा ब्याज प्राप्त भएको छ।

यस आ.व नेपाल पत्रकार महासङ्घ पर्वत शाखालाई सञ्चार केन्द्र स्थापनाको लागि रू. १ लाख ५० हजार रुपैयाँ अनुदान प्रदान गरिएको छ। ल्यापटप खरिदमा दिइएको अनुदान रू.६ लाख २५ हजार ११ रुपैयाँ, क्यामरा खरिदमा दिइएको अनुदान रू. २ लाख २ हजार ८ सय १० रुपैयाँ, सोधपत्र लेखन छात्रवृत्तिबापत रू.१ लाख ७५ हजार, अफसेट प्रेस खरिदमा दिइएको अनुदान रकम रू.१ लाख ५० हजार रेडियो स्थापना अनुदान रू. ३ लाख र अन्य कार्यक्रम खर्चसमेत रू. ३ लाख १ हजार ७ सय ३७ रुपैयाँ गरी जम्मा रू.२३ लाख ४ हजार ५ सय ५८ रुपैयाँ खर्च भएको छ। मिडिया विकास कोषको २०८१ साउनदेखि २०८२ असार मसान्तसम्म भुक्तानी गरिएको अनुदान खर्च विवरण छुट्टै रहेको छ।

प्रेस क्लिपिङ सेवा

आर्थिक वर्ष २०८१/८२ मा प्रेस क्लिपिङ सेवा प्रदान गरेबापत ग्राहकबाट रू. १८ लाख १४ हजार १ सय ९२ रुपैयाँ ५६ पैसा आम्दानी भएको छ। यस सेवाको कोषबाट यो वर्ष रू. ९० हजार ९ सय २६ रुपैयाँ ४० पैसा ब्याज प्राप्त भएको छ। यस आर्थिक वर्षमा प्रेस क्लिपिङतर्फ पारिश्रमिक, इन्धन, मसलन्द खरिद, सेवा शुल्कसमेत जम्मा रू.१५ लाख २७ हजार ७ सय ५२ रुपैयाँ ८९ पैसा खर्च भएको छ। आ.व.को असार मसान्तमा यसअन्तर्गत रू.४० लाख १८ हजार २ सय १९ रुपैयाँ ३९ पैसा बचत रहेको छ।

खण्ड २

अनुगमन र कारबाही

२.१ आचारसंहिता अनुगमन

काउन्सिलले पत्रकार आचारसंहिता नियमित अनुगमन गर्ने, आचारसंहितासम्बन्धी उजुरी लिने र आवश्यकताअनुसार कारबाही गर्ने गर्दैआएको छ । यस वर्ष आचारसंहितासम्बन्धी उजुरी, स्वअनुगमन र कारबाहीको विवरण निम्नानुसार रहेको छ :

क.सं.	विवरण	उजुरी	स्वअनुगमन	जनगुनासो	जम्मा
१	दर्ता/अभिलेख	३४१	३६३	९	
२	फछ्यौंट	२०३	३६१	१	
३	प्रकियामा	१३८	२	८	

नोट : स्वअनुगमनअन्तर्गत कुल ३६३ वटा सामग्री अनुगमन भएकोमा ७७ वटा आचारसंहिता प्रतिकूल देखिएकोले स्वअनुगमन खण्डमा ७७ वटामात्र राखिएको ।

सञ्चार माध्यमले पत्रकार आचारसंहिता उल्लङ्घन गरेको भन्दै आ.व. २०८१/८२ मा कुल ३४१ उजुरी दर्ता भएका छन् । जसमध्ये २०३ वटा यसै आ.व.मा फछ्यौंट भएका छन् भने १३८ वटा प्रकियामा रहेका छन् । यसैगरी काउन्सिलको नियमित स्वअनुगमनबाट ३६३ सामग्री स्वअनुगमन भएकोमा ७७ वटा सामग्री आचारसंहिता प्रतिकूल देखिएकोमा ७५ वटा फछ्यौंट भएका छन् भने हेलो सरकारलगायतबाट प्राप्त भएका जनगुनासाहरू कुल ९ वटा दर्ता भएकोमा १ वटा यस आ.व.मै फछ्यौंट भएका छन् भने ८ वटा प्रकियामा रहेको छ ।

आ.व. २०८१/८२ मा प्राप्त उजुरीको सङ्ख्यात्मक विवरण

क.स.	संस्थागत उजुरी	व्यक्तिगत उजुरी		अन्य
		महिला	पुरुष	
	१०६	४४	१८९	२
	१०६	२३३		२
	३४१			

२०८१/८२ मा दर्ता भइ फछ्र्यौट भएका उजुरीहरू

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१	कैलाशबाबु गेलाल	लोकान्तर डटकम	करोडमाथि मूल्य पर्ने स्काइवेल ईटी-५: 'सेफ्टी रेटिङ' अति कमजोर, सुरक्षामा गम्भीर खेलाँची' शीर्षक राखी बिना प्रमाण आधारहीन तथ्य राखी तस्विर दुरूपयोग गर्दै भ्रमपूर्ण सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन ७ मा उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्र्यौट ।
२	राप्ती नगरपालिका	कायाकैरन दैनिक	'भण्डारा अस्पतालमा कर्मचारी अभाव' शीर्षक राखी सम्बन्धित पक्षसँग आवश्यक सोधपुछ र तथ्याङ्कबिना झुटा समाचार प्रकाशन गरेको भनी २०८१ साउन ११ मा उजुरी परेको	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमाकुनैप्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गते निर्णयानुसार फछ्र्यौट ।
३	नारायण डाँगी	अनलाइनखोजखबर डटकम	'बाँके डिएसपीको ध्यान शान्ति, सुरक्षाभन्दा पोष्ट इन्चार्जतर्फ केन्द्रित' शीर्षकमा कपोलकल्पितरूपमा व्यक्तिगत पूर्वाग्रही भइ चरित्र हत्या गर्ने दुषित मनसायका साथ सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन १३ मा उजुरी परेको ।	सञ्चार माध्यमबाट सम्बन्धितको सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्र्यौट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४	मनिष खड्का	सुनौलोमिडिया नेटवर्क, ताजाखबर टिभी	'श्रीमान्ले अर्कै केटी लिएर हिडेपछि प्रमाणसहित श्रीमती रुँदै मिडियामा' र 'हैट यी महिलाले लोग्नेलाई लगाइन् सुन्नै नसकिने आरोप, दुई केटीसँग लोग्नेले पालैपालो...' शीर्षकमा सामग्री सम्प्रेषण गरी चरित्रहत्या गरेको भनी २०८१ साउन १५ मा उजुरी परेको ।	सम्बन्धित मिडियाका युट्युब च्यानल र फेसबुकपेज उक्त सामग्री हटाइ पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार सचेत गराइ फछ्यौंट ।
५	उपेन्द्र महतो	खबरहब डटकम	'एनसेल प्रकरण: उपेन्द्र महतोलाई कारबाही गर्न सिफारिस' शीर्षकमा नाम तथा तस्बिरसमेत प्रकाशित गरी इज्जतमा आघात पुऱ्याएको, सामाजिक प्रतिष्ठामा गम्भीर चोट पुऱ्याएको भनी २०८१ साउन १६ मा उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
६	ओमप्रकाश घिमिरे	बेत्रावतीभिलेज न्युज फेसबुक पेज	'समाजका धमिरा' शीर्षकमा विभिन्न लाञ्छना लगाई सामग्री सम्प्रेषण गरी मानमर्दन गरेको भनी २०८१ साउन १६ मा उजुरी परेको ।	मिडियाअन्तर्गत रही दर्ता सूचीकरण नभएको उक्त फेसबुक पेजलाई सामग्री सम्प्रेषण नगर्न, त्यस्ता सामग्री हटाउन निर्देशन एवं सचेत गराए पनि सामग्री प्रसारण भइरहेपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार नेपाल प्रहरीलाई अनुसन्धान तथा कारबाहीका लागि पत्राचार गर्दै उजुरीकर्तालाई जानकारी गराइ फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
७	राजकुमार केसी	ओझेलकाखबर डटकम	'गुल्मीमा प्रहरी निरीक्षकको दादागिरीले नागरिक त्रसित' शीर्षकमा मादक पदार्थ सेवन (मापसे) गरेका दुईजना युवाहरूलाई आफ्नो स्टुडियोमा लगी घटना तोडमोड गरी नशाको तालमा बोल्न लगाई भिडियो सामग्री बनाइ सामाजिक सञ्जालमा सम्प्रेषण गरेको भनी २०८१ साउन १६ मा उजुरी परेको ।	दर्ता/सूचीकरणबिनै सम्प्रेषित सामग्री तत्काल हटाउन एवं उप्रान्त समाचारजन्य सामग्री सम्प्रेषण नगर्न र अविलम्ब दर्ता/सूचीकरण गरी सामग्री सम्प्रेषण गर्न निर्देशन/ सचेत गराइएपछि सामग्री हटाएको जानकारी उजुरीकर्तालाई दिइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
८	नारायण डाँगी	एबिपीकाइम डटकम	'बागेश्वरी मन्दिरमा प्रहरीको हस्तक्षेप असइको रजगज' शीर्षकमा अवाञ्छित तथा जबर जस्तीपूर्ण तवरले झुठा र भ्रमपूर्ण समाचार सम्प्रेषण गरेको भनी २०८१ साउन १७ गते उजुरी परेको ।	मिडियाअर्न्तगत दर्ता/सूचीकरण भइ सामग्री सम्प्रेषण गर्न निर्देशन दिइएकोमा निर्देशन पालना नगरेपछि २०८१ भदौ ११ गतेको निर्णयबाट नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि पत्राचार भइ कार्यान्वयन भएर २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
९	रामप्रसाद जोशी	कर्मचारीप्रेस डटकम	'चोर' अधिकृतका अनेकन चर्तिकला' शीर्षकमा चरित्रहत्या गर्ने दुष्प्रयास गरी अनुमतिबिना फोटो र किताबहरूको दुरूपयोगसमेत गरेको भनी २०८१ साउन १७ गते उजुरी परेको ।	सञ्चार माध्यमलाई अशिष्ट, अमर्यादित शब्द/भाषाको सम्पादन एवं निजको तस्विरलाई ब्लर गरी समाचार सामग्रीमा प्रयोग भएको किताबको तस्विर हटाइ खण्डन सम्प्रेषण गर्न निर्देशन दिइएकोमा निर्देशन पालना गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
१०	बालाराम खड्का	फरकनेपाल डटकम	'टिप्पणी : नगर सभा साईड इफेक्ट- मेयर र हाकिमविरुद्ध चारित्रिक हमला, साइबर काइम कानुन आकर्षित' शीर्षकमा मेरो अभिव्यक्तिलाई अन्य कसैको निजी जीवनसँग जोडेर समाचार बनाएको भनी २०८१ साउन १६ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
११	फिक्कल गाउँपालिका	सिन्धुलीप्रेस डटकम	'फिक्कल गाउँपालिकाले ऐनविपरीत अध्यक्ष र उपाध्यक्षको नाममा बजेट राखेर अपारदर्शीरूपमा खर्च गरेको पाइयो ।', 'फिक्कलमा जनप्रतिनिधि र कर्मचारीको मनपरी, ऐन, कानुनको धज्जी उडाउँदै भत्ता र पेश्की लिएको पाइयो ।' लगायत शीर्षकमा संस्था र व्यक्तिको चरित्रहत्या गर्ने मनसायले समाचार सम्प्रेषण गरेको भनी २०८१ साउन २१ गते उजुरी परेको	नियमानुसार दर्ता तथा सूचीकरण भएको नदेखिएपछि दर्ता/सूचीकरण नभइ सम्प्रेषण नगर्न नगराउन र उक्त सामग्री तत्काल स्थगन गर्न निर्देशन दिइएकोमा निर्देशन पालना गरी जानकारी गराएको विषय उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
१२	नेपाल डेरी एशोसिएसन	ग्यालेक्सीखबर डटकम, दोलखान्युज फेसबुक पेज	'बजारमा दुधको नाममा विष बेचिदै' र 'दुधमा यसरी हुनसक्छ मिसावट !' शीर्षकमा दुग्ध क्षेत्रलाई नै बद्नाम हुने गरी समाचार प्रसारण गरेको र भनी २०८१ साउन २१ गते उजुरी परेको ।	सम्बन्धित सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा मिडियाबाट पेस भएको सकारात्मक खण्डनलाई विशेष धन्यवाद दिँदै प्रतिक्रिया पेस भएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१३	डम्बर बिसी	कान्तिपथ डटकम	'गाउँसभा अलपत्र पारेर अध्यक्षको काठमाडौँको दोहोरी साँझमा मस्ती' शीर्षकमा सम्प्रेषित सामग्रीका सम्बनधमा २०८१ साउन १६ गते उजुरी परेको	सम्बन्धित मिडियाबाट सम्प्रेषित सामग्री अनुगमन गर्दा सम्बन्धित मिडियाबाट सोही मितिमा खण्डन सम्प्रेषण गरेको देखिएकोले खण्डनसहित उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
१४	टिका ओली	सेतोपाटी डटकम	'एमाले कर्णाली अध्यक्ष गुलाबजंग शाहविरुद्ध यौन दुर्व्यवहारको उजुरी, पार्टीले छानबिन गर्दै' शीर्षकमा मेरो पारिवारिक जीवन नै तहसनहस हुने गरी समाचार प्रकाशित भएको भनी २०८१ साउन २३ गते उजुरी परेको	'समाचारमा पहिचान गोप्य राखेकी महिला र प्रेस काउन्सिलमा उजुरी गर्ने व्यक्ति एकै हुन् भन्ने आधार नभएकोले उजुरी दिने महिलाको खण्डन एवं प्रतिक्रियालाई स्थान दिइ समाचार वा खण्डन सम्प्रेषण गर्न नसकिएको भनी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१५	गुलाबजङ्ग शाह	जनआस्था डटकम, अनलाइनखबर डटकम, रिपब्लिका दैनिक डटकम, काठमाडौंमाटीडटकम, नारायणीअनलाइन डटकम, शुभयुग डटकम र Nagendra Upadhaya नामक फेसबुक पेज	'जनआस्थाले समाचार लेख्नासाथ एमालेका दुई नेतामाथि यौनकाण्डमा कारबाही', 'एमालेका कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही सिफारिस', 'यौनकाण्ड र भ्रष्टाचारमा मुछिएका एमालेका २ ठूला नेतालाई कारबाहीको सिफारिस', 'एमालेका कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही !' र 'एमालेमा कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही सिफारिस' शीर्षकमा प्रकाशित सामग्रीउपर २०८१ साउन २८ गते उजुरी परेको ।	सम्बन्धित सञ्चार माध्यमबाट खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गते फछ्यौंट ।
१६	पोषणराज केसी	एबीपीकाइमन्युज डटकम	'राप्ती सोनारी ६ मा नेपाली काङ्ग्रेसले गर्‍यो सार्वजनिक सम्पत्ति कब्जा सरकारी भवनमा पार्टीको झण्डा' शीर्षकमा कपोलकल्पित ढङ्गले तस्विरको दुरूपयोग सामग्री सम्प्रेषण गरेको भनी २०८१ भदौ ७ गते उजुरी परेको ।	सञ्चार माध्यमलाई सम्बन्धितको खण्डन सम्प्रेषण गरी जवाफ पेस गर्न निर्देशन दिइएकोमा निर्देशन पालना नगरी पटपटक सामग्री सम्प्रेषण गरिरहेको हुँदा २०८१ असोज २ गतेको निर्णयानुसार अवज्ञाकारी/कालोसूची राखी सूचीकरणबाट समेत हटाइएको हुँदा २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१७	रविप्रकाश सिंह	जनमुक्ति डटकम	'बझाङका ठेकेदार सिंहको स्काभेटर नेकपा बहुमत डडेल्धुराको कब्जामा' शीर्षकमा अनर्गल, भ्रामक, कपोलकल्पित विषयलाई लिइ झुठा समाचार प्रकाशन गरेको भनी २०८१ साउन २८ गते उजुरी परेको ।	नियमानुसार दर्ता/सूचीकरण नदेखिएपछि सम्प्रेषित सम्प्रेषण भएको सामग्री हटाउन र आगामी दिनमा दर्ता सूचीकरणपश्चात मात्र सामग्री सम्प्रेषण गर्न निर्देशन दिइ सचेत गराइ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्र्यौट
१८	ऐन महर	जनआस्था डटकम, अनलाइनखबर डटकम, रिपब्लिकाबैनिकडटकम, काठमाडौंमाटीडटकम, नारायणीअनलाइन डटकम, शुभयुग डटकम	'जनआस्थाले समाचार लेख्नासाथ एमालेका दुई नेतामाथि यौनकाण्डमा कारबाही', 'एमालेका कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही सिफारिस', 'यौनकाण्ड र भ्रष्टाचारमा मुछिएका एमालेका २ ठूला नेतालाई कारबाहीको सिफारिस', 'एमालेका कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही !' र 'एमालेमा कर्णाली अध्यक्ष शाह र केन्द्रीय सदस्य महरलाई कारबाही सिफारिस' शीर्षकमा प्रकाशित सामग्रीउपर २०८१ साउन २८ गते उजुरी परेको ।	सम्बन्धित सञ्चार माध्यमबाट खण्डनसहित पेस भएको जवाफे उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्र्यौट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१९	गोकर्णप्रसाद जोशी	नेपालप्रेस डटकम	'शर्मिला वाइबाकी 'बडीगार्ड' बाट कुटिएका चुडालको काउन्टर, मामादुर्गा प्रसाईंसहित दुई दर्जनविरुद्ध दिए उजुरी' शीर्षकमा प्रहरीमा उजुरी दर्ता गराएको भन्दै दर्ता नै नभएको उजुरी र सो घटनामा संलग्न नै नभएको अवस्थामा एकपक्षीय सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन ३२ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
२०	विमल श्रेष्ठ	युवा जागौं अभियान' र 'दियो खवर' नामक फेसबुक पेज	दिनहुँजसो सामाजिक सञ्जालमार्फत एकतर्फी पूर्वाग्रहीरूपमा मानहानी हुनेगरी अफवाह फैलाउने किसिमले आपत्तिजनक सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन २५ गते उजुरी दर्ता भएको ।	सम्प्रेषित सामग्री सञ्चार माध्यमअन्तर्गत रही दर्ता/सूचीकरण भएको नदेखिएका पेजहरूबाट सम्प्रेषण भएको देखिएको विषय उजुरीकर्तालाई जानकारी गराइएको हुँदा २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
२१	पुष्पबहादुर शाह	सुदूरभ्वाइस डटकम, सुदूरभ्वाइस टिभी (युटुब च्यानल)	'सांसद पुष्प शाह सम्पर्क विहीन, चित्रगुप्ता या बनबास कहाँ गए होलान ?' र 'सांसद शाहको समाचार प्रसारण हुँदा स्वकीय सचिवको माथागरम' शीर्षकमा व्यक्तिगत तथा राजनीतिक प्रतिष्ठामाथि आघात पुऱ्याउने गरी अपुष्ट, भ्रामक, तथ्यहीन समाचार सम्प्रेषण गरेर चरित्रहत्या गरेको भनी २०८१ भदौ २ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२२	गृह मन्त्रालय	एबिपीकाइम डटकम	एबीपीकाइम डटकम (abpcrime.com), धर्मराज मल्ल (आशिष मल्ल ठकुरी) र एबीपीकाइमकै लोगो राखिएको Tamachuli Television नामक फेसबुक पेजबाट 'बागेश्वरी मन्दिरमा प्रहरीको हस्तक्षेप असईको रजगज' शीर्षकमा व्यक्तिगत तथा सङ्गठनको छवि धुमिल तुल्याउने र चरित्रहत्या हुने किसिमबाट सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन १७ गते उजुरी दर्ता भएको ।	२०८१ भदौ ११ गतेको निर्णयानुसार उक्त साइटलाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार भइ निर्णय कार्यान्वयन भइसकेको हुँदा २०८१ कात्तिक २३ गतेको निर्णयानुसार फछ्यौंट ।
२३	रामप्रसाद जोशी	स्वास्थ्यलाइभ डटकम	'चोरीमा दोषी ठहर भएका जोशीले लेखाको उपसचिवमा नाम निकालेपछि...' शीर्षकमा कपोलकल्पित, भ्रामकरूपमा गलत तथा लाञ्छनायुक्त शब्दहरूको प्रयोग गरी सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन १३ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट निर्देशनबमोजिम विवादास्पद शब्द एवं तस्बिर हटाइ जानकारी गराएको सम्बन्धमा २०८१ असोज २ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई सचेत गराइ उजुरीकर्तालाई जानकारी गराइएकोमा 'धन्यवाद' भनी प्रतिक्रिया पेस भएको हुँदा २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२४	कृष्णप्रसाद पौडेल	रेडियोमन्जुश्री डटकम (*MANJUSHREE ONLINE*)	विभिन्न समयमा विभिन्न शीर्षक राखी अप्रमाणित, निहित स्वार्थ र चरित्रहत्या गर्न नियोजित ढङ्गले सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन २८ मा उजुरी परेको ।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार सचेत गराइ तामेलीमा ।
२५	राजकुमार अधिकारी	नव जनप्रहार साप्ताहिकको फेसबुक पेज	'पिकनिक आयोजना गरेर कौडा' शीर्षकमा फेसबुकको फोटो दुरूपयोग गरेर एकपक्षीयरूपमा भ्रम फैलाउने, चरित्र हत्या गर्ने नियतले बार्गेनिङ गरी सामग्री सम्प्रेषण गरेको भनी २०८१ साउन २४ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन प्रकाशन गरी सोसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।
२६	स्वतन्त्र नागरिक	नौलोप्रेसडटकम, लम्कीखबर डठकम, अख्वाँरी डटकम, बफादार मिडिया, न्यूज अफ कैलाली सेभेन डटकम, पश्चिमदर्पण डटकम, सुदूरचित्र डटकम	लामो समयदेखि सम्बन्धित निकायमा दर्ता नभइ विभिन्न सरकारी सङ्घसंस्थाबाट विज्ञापन लिने गरेको र समाचार प्रकाशन गर्ने गरेको भनी २०८१ भदौ ७ गते उजुरी परेको ।	नियमानुसार दर्ता तथा सूचीकरण भएको नदेखिएका वेबपोर्टललाई दर्ता/सूचीकरण गरी सोपश्चात् मात्र सामग्री सम्प्रेषण गर्न/गराउन निर्देशन एवं सचेत गराइएको हुँदा २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२७	नयाँ युगबोध दैनिक	मेरोदाङ एचडी डटकम, खोजरफ्तार डटकम	अनुमति नलिएरै हुबहु सामग्री प्रकाशन भइरहेको, अनुमति बिना सामग्री प्रकाशन नगर्न पनि सचेत गराइएपनि अटेरी गरिरहेको भनी २०८१ भदौ ७ मा उजुरी परेको ।	सम्बन्धित न्यूज पोर्टललाई अनुमति एवं स्वीकृतिबेगर अन्य सञ्चार माध्यमबाट सङ्कलन, सम्प्रेषण गरिएको सामग्री सामग्री सम्प्रेषण नगर्न/नगराउन सचेतगराइउजुरीकर्तालाई जानकारी गराइएको हुँदा २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्र्यौट ।
२८	पुरुषोत्तमनेपाल (बीमापोष्ट डटकम)	अर्थप्लस डटकम	'कौडीका शेयर, महंगो मूल्यमा सोझा लगानीकर्तालाई भिडाएर बाहिरिए ठूला माफिया, मै हुँ भन्ने लगानीकर्ताहरू हेरेको हेरै' शीर्षकमा विमापोष्टमा सम्प्रेषित सामग्री हुबहु सम्प्रेषण गरेको भनी २०८१ भदौ ९ गते उजुरी परेको ।	अन्य मिडियाले उत्पादन गरेका समाचार सामग्री सम्बन्धित मिडियाको अनुमति वा स्वीकृतिबेगर सम्प्रेषण नगर्न/नगराउन ध्यानाकर्षण एवं सचेत गराइएपछि२०८१मङ्सिर १४ गतेको निर्णयानुसार फछ्र्यौट ।
२९	रमेश श्रेष्ठ	जनआस्था डटकम	नेपालीलाई विदेश लैजानेबिच हानाथाप' शीर्षकमा दुबइमा कसैसँग द्वन्द्व नचर्किएको कोही व्यक्तिसँग रिसिबी नरहेको अवस्थामा आधारहीन समाचार सम्प्रेषण गरेको भनी २०८१ भदौ ९ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्र्यौट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३०	दर्शन बचत तथा सहकारी तथा ऋण सहकारी संस्था लि.	देशजन्युज डटकम	'कीर्तिपुरको दर्शन सहकारीमा पाँच अर्बको घोटाला: पीडितहरूले सामूहिक आत्मदाहको चेतावनीसहित प्रधानमन्त्रीलाई न्यायको माग' शीर्षकमा सम्प्रेषित सामग्रीउपर २०८१ भदौ ७ गते उजुरी परेको ।	नियमानुसार दर्ता/सूचीकरण भएपश्चात मात्रै सामग्री सम्प्रेषण गर्न अन्यथा पत्रकार आचारसंहिता एवं प्रचलित कानुनबमोजिम भइ जानेतर्फ निर्देशन एवं सचेत गराएपछि विवादित सामग्री हटाइ, पछि दर्ता/सूचीकरण भएको हुँदा २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।
३१	मेश केसी, सुदिप पाठक, विरेन्द्र केसी	शिलापत्र, रिपब्लिकादैनिक, राज्यदैनिक डटकम	'बलात्कार आरोपमा पकाउ परे एनआरएनए कतारका सदस्य के.सी', 'क्लब उद्घाटन हुन नपाउँदै कतारमा केसी बलात्कार काण्डमा पकाउ, गायक शिव परियार चकित', 'एनआरएन कतारका सदस्य एवं व्यवसायी रमेश केसी पकाउ' शीर्षकमा सम्प्रेषित सामग्रीउपर २०८१ भदौ ११ गते उजुरी परेको ।	सम्बन्धित सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।
३२	सन्तोष तामाङ	अनलाइन नेपाल डटकम	'इन्सपेक्टरदेखि एसपीसम्मको सरुवा तयारी, मापदण्ड संशोधन गर्न चलखेल' शीर्षकमा चरित्रहत्या गर्ने मनसाय राखी कपोलकल्पित, भ्रामक समाचार सम्प्रेषण गरेको भनी २०८१ भदौ ११ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३३	मिगी केसी, नरेशकुमार यादव, अरबिन्दकुमार कामती, कमल सेन	दृष्टिन्युज डटकम	'घुस खुवाउन रकम जोहो गर्दै' शीर्षकमा अपुष्ट स्रोतको हवाला दिदैं, मनोगत ढङ्गबाट कपोलकल्पित, भ्रामक, तथ्यहीन समाचार सम्प्रेषण गरी मानमर्दन तथा चरित्रहत्या गरेको भनी २०८१ भदौ १३ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार फछ्र्यौट ।
३४	दिपेशमान महर्जन	युथ्सअफवीरगञ्ज डटकम	'सघन सहरी कार्यालयले ठेक्का लगाएको काम समयमै नगरी नागरिकलाई सास्ती दिने पप्पुलाई के भन्ने ?' शीर्षकमा अत्यन्त अपमानजनक, आपत्तिजनक शब्दहरू प्रयोग बदनाम गर्ने मनसायले कपोलकल्पित समाचार सम्प्रेषण गरेको भनी २०८१ भदौ १८ गते उजुरी परेको ।	काउन्सिलको निर्देशनबमोजिम खण्डन सम्प्रेषण गरी जानकारी गराएकोले २०८१ मङ्सिर १४ गतेको निर्णयानुसार उजुरीकर्तालाई जानकारी गराइ तामेली ।
३५	श्रीधर ज्ञवाली	लोकान्तर डटकम	'बेथितिको अनुसन्धान गर्ने सतर्कतामै गडबडी: सचिवदेखि उपसचिवसम्मबाट गाडी दुरूपयोग !' शीर्षकमा व्यक्तिगतरूपमा लक्षित गरी बेइज्जती गर्ने मनसायका साथ गोपनीयता सम्बन्धी मौलिक हकमा गम्भीर आघात पर्ने गरी समाचार सम्प्रेषण गरेको भनी २०८१ असोज ९ गते उजुरी परेको ।	सञ्चार माध्यमबाट समाचार खण्डमै उजुरीकर्ताको प्रतिक्रियाको रूपमा खण्डन सम्प्रेषण गरेको विषय उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया पेस नभएपछि २०८१ मङ्सिर २६ गतेको निर्णयानुसार फछ्र्यौट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३६	शैलेन्द्रचन्द्र झा	मधेस लाइभ डटकम, न्युजटुडे दैनिक, कान्तिकेन्द्र दैनिक, कृष्णा दैनिक	"जग्गाधनीलाई जानकारी नै नदिइ ४ करोड बढीको जग्गा बिक्री", "वहालवालाको मिलेमतोमा करोडौँको जग्गा नामसारी", "किर्ते गरी जग्गा नामसारी गराएको आरोप" शीर्षकमा प्रकाशित सामग्रीउपर २०८१ असोज १५ मा उजुरी परेको ।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराएकोमा कुनै प्रतिक्रिया पेस नभएको सम्बन्धमा २०८१ मङ्सिर २६ गतेको निर्णयानुसार सञ्चार माध्यमहरूलाई अदालतमा विचाराधीन रहेको विषयमा सामग्री समाचार सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ फछ्यौंट ।
३७	चिरञ्जीवी खनाल	नेपाल दर्पण, रातो मिडियाका सामाजिक सञ्जाल	तथ्यहीन र आधारहीन मनगढन्ते सामग्री सम्प्रेषण गरेकोले कुनै मिडियाअन्तर्गत दर्ता/सूचीकरण भए नभएको जानकारी पाऊँ भनी २०८१ साउन १२ मा उजुरी परेको ।	दुवै फेसबुक पेज कुनै मिडियाअन्तर्गत दर्ता सूचीकृत भएको नदेखिएको हुँदा निवेदकलाई जानकारी गराइसकिएको विषय २०८१ मङ्सिर २६ गतेको निर्णयानुसार फछ्यौंट ।
३८	दृष्टि साप्ताहिक	कृष्णभण्डारी, थमप्रकाश छन्त्याल, नमबहादुर पुन, सुरेन्द्र तामाङ	सञ्चार माध्यमको परिचयपत्र, कार्यअनुभव पत्रलगायत नक्कली कागजपत्र बनाइ मिडियाको छाप र हस्ताक्षरसमेत नक्कली बनाइ अष्ट्रेलियाका लागि भिषा आवेदन गरेको विषय भारतको नयाँदिल्लीस्थित अष्ट्रेलियन दूतावासले जानकारी गराएको भनी २०८१ साउन २९ मा उजुरी निवेदन परेको ।	२०८१ असोज १८ गतेको निर्णयानुसार उजुरीकर्ताबाट पेस भएको निवेदनसहित सम्पूर्ण कागजात संलग्न गरी आवश्यक कारवाहीको लागि काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा लेखी पठाएको र सोको जानकारी उजुरीकर्तालाई गराइसकिएको हुँदा २०८१ मङ्सिर २६ गतेको निर्णयानुसार फछ्यौंट ।

क.सं	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
११२	मेलम्ची नगरपालिका आइतराम तामाङ (नगरप्रमुख)	nepalijanta.com	२०८२/०३/१५	३१४
११३	मेलम्ची नगरपालिका आइतराम तामाङ (नगरप्रमुख)	beemapost.com	२०८२/०३/१५	३१५

क.सं.	उजुरीकर्ता	विरूद्ध	उजुरी दर्ता मिति	फा नं.
११४	विश्व हिन्दु परिषद् नेपाल	various media	२०८२/०३/२३	३१६
११५	बेनामे	dodharachandanikhabar.com	२०८२/०३/१९	३१७
११६	तारा गुरूङ	Nawa Janaprahar Weekly	२०८२/०३/१५	३१८
		nepalimantv.com		
		Onlinenepal.com		
		onlinekhabar.com		
		galaxykhabar.com		
११७	नविना सिहं	nepalaaja.com	२०८२/०३/०३	३१९
११८	महिमानसिंह विष्ट	nayapatrika Daily	२०८२/०३/२४	३२०
११९	महिमानसिंह विष्ट	setopati.com	२०८२/०३/२४	३२१
१२०	महिमानसिंह विष्ट	onlinekhabar.com	२०८२/०३/२४	३२२
१२१	जित बहादुर लिम्बु	Tinjure Online TV	२०८२/०३/२४	३२३
१२२	सुरेन्द्र लामा	Himalaya TV	२०८२/०३/१५	३२४
१२३	खुमबहादुर केसी	bishwakhabar.com	२०८२/०३/२६	३२५
१२४	इसान बाल तथा महिला अस्पताल प्रालि	Yoho TV HD	२०८२/०३/२९	३२६
१२५	महेन्द्र सिंह थापा	DNA MEDIA	२०८२/०३/२९	३२७
१२६	सचिन कार्की	RSS	२०८२/०३/२९	३२८
१२७	दीप लामा	nepalface.com	२०८२/०३/३०	३२९
१२८	राजकुमार अधिकारी	nepalface.com	२०८२/०३/३०	३३०
१२९	वाङ्गेल लामा	nepalface.com	२०८२/०३/३०	३३१
१३०	राजेश श्रेष्ठ	nepalface.com	२०८२/०३/३०	३३२
१३१	मोहन मणि अधिकारी	onlinenepal.com	२०८२/०३/३१	३३३

क.सं.	उजुरीकर्ता	विरूद्ध	उजुरी दर्ता मिति	फा नं.
१३२	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	swasthyalive.com	२०८२/०३/२२	३३४
१३३	सेन्ट्रल मिडिया प्रा.लि.	abhaash.com	२०८२/०३/३२	३३५
१३४	सेन्ट्रल मिडिया प्रा.लि.	sajhaawaj.com	२०८२/०३/३२	३३६
१३५	खगेन्द्र कामी गजमेर	republicadainik.com	२०८२/०३/३२	३३७
१३६	बवी सिंह	Rajbiraj Daily	२०८२/०३/३२	३३८
१३७	युवान्तिका तामाङ शेर्पा	Odapalika.com	२०८२/०३/३२	३३९
१३८	विभिन्न व्यवसायी सङ्घ	karmacharipress.com	२०८२/०३/३२	३४०

२०८१/८२ मा प्रक्रियामा रहेका जनगुनासा

क.सं	गुनासोकर्ता/मार्फत	विरुद्ध	गुनासो परेको मिति	फाइल नं.
१	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-72144)	सगरमाथा टेलिभिजनका सर्लाही सम्वाददाता र विश्वदर्पण अनलाइनका रितिक अधिकारी	२०८१ पुस २१ गतेको गुनासो, काउन्सिलमा २०८१ फागुन ११ गते दर्ता	२
२	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-70382)	न्युजब्युरो जनकपुरधामका सम्पादक काशिन्द्र शर्मा	२०८१ पुस २१ गतेको गुनासो, काउन्सिलमा २०८१ फागुन ११ गते दर्ता	३
३	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-73623)	कमलामाइखबर डटकम र सञ्चालक/सम्पादक गौरब पहाडी	२०८१ पुस २१ गतेको गुनासो, काउन्सिलमा २०८१ फागुन ११ गते दर्ता	४
४	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-77375, HS-WEB-83424 / HS-WEB-79934)	विभिन्न युट्युब च्यानल, घटना र विचार डटकम र आधिखोलाएक्सप्रेस डटकम	२०८१ माघ २३ गते, २०८१ चैत ४ गते र २०८२ जेठ १२ गतेको गुनासो, काउन्सिलमा २०८२ जेठ १४ गते दर्ता	६

क.सं	गुनासोकर्ता/मार्फत	विरुद्ध	गुनासो परेको मिति	फाइल नं.
५	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-54933 र HS-WEB-56905)	खबरकुञ्ज डटकम, दिनेशखबर डटकमलगायत सामाजिक सञ्जाल	२०८० पुस ६ गते र मङ्सिर १५ गते को गुनासो, काउन्सिलमा २०८२ जेठ ३० गते पुनः प्राप्त भएको ।	७
६	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-77375	विभिन्न युट्युब च्यानल	२०८१ माघ २३ गतेको गुनासो, काउन्सिलमा २०८२ असार ३ गते दर्ता	८
७	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-77374)	भाग्य न्यौपाने र ब्ल्याकअनलाइन टिभीलगायत विभिन्न युट्युब च्यानल	२०८१ माघ २५ गतेको गुनासो, काउन्सिलमा २०८२ असार १८ गते दर्ता भएको ।	९
८	प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय (हेलो सरकार, टिकट नं. HS-WEB-84026-GO)	नेपालबहस डटकम	२०८२ जेठ २४ गतेको गुनासो, काउन्सिलमा २०८२ असार १८ गते दर्ता भएको ।	१०

२०८०/८१ मा प्रकियामा रहेका उजुरी विवरण

क.सं.	उजुरीकर्ता	विरूद्ध	उजुरी दर्ता मिति	फा नं.
१	इलाइट हिमालयन एडभेन्चर्स	द हिमालयन टाइम्स	२०८१/०२/१४	२९४
२	प्रकाश मानव सेवा सांस्कृतिक झाँकी केन्द्र	विश्वघटना डटकम	२०८१/०३/०६	३१६
३	ब्लु इनर्जी लिमिटेड	विभिन्न सञ्चार माध्यम	२०८१/०३/१३	३२०

२०८१/८२ मा मिडिया र उजुरीकर्ताबिच भएका छलफल

क.सं	उजुरी	छलफल मिति	कैफियत
१	क्याप्टेन रामेश्वर थापा, कैलास सिरोहियालगायत विरुद्ध सिधाकुरा डटकम	२०८१/०५/१२	छलफलमा सञ्चार माध्यमका सम्पादक र कार्यक्रम प्रस्तोता एवं सञ्चालकलाई थप बुझ्न काउन्सिलमा बोलाइ छलफल बोलाइ बुझ्ने कार्य भएको । अदालतबाट आदेश भएको अवस्थामा मिडियामा आएको सामग्री सङ्कलन गर्ने विषयमा छलफल भएको ।
२	प्रभा थापा विरुद्ध अखबारअनलाइन डटकम	२०८१/०९/०७	छलफलमा सञ्चार माध्यमका तर्फबाट सञ्चालक कमल फुयालले सामग्री हटाइएकोप्रति क्षमायाचना गर्दै आगामी दिनमा पत्रकार आचारसंहिताको पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाएको ।
३	रुकमती जागरी विरुद्ध जनता टाइम्स डटकम र खप्तडटिभी डटकम	२०८१/०९/०७	छलफलमा जनताटाइम्स डटकमका सञ्चालक गणेशबहादुर बस्नेत र खप्तडटिभी डटकमका सम्पादक गणेश बिकले सामग्री हटाइएकोप्रति क्षमायाचना गर्दै आगामी दिनमा पत्रकार आचारसंहिता र महिला उत्तरदायी सञ्चार निर्देशिकाको पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाएको ।
४	दिलकुमार शाही विरुद्ध नेपालीपेन डटकम	२०८२/०२/१९	छलफलमा नेपालीपेन डटकमका तर्फबाट प्रधान सम्पादक डा. दिपेश केसीले काउन्सिलबाट जारी निर्देशन र पत्रकार आचासंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाएको ।
५	विभिन्नउजुरी विरुद्ध परिवर्तनमिडिया डटकम	२०८२/०२/१९	छलफलमा परिवर्तन मिडिया डटकम सञ्चालक तथा सहसम्पादक पवित्रा लामाले डोमेल एक्सपायर भएकोमा अविलम्ब सञ्चालनमा ल्याइ काउन्सिलमा सूचीकरण गर्ने, काउन्सिलबाट जारी निर्देशन कार्यान्वयन गरी जानकारी गराउने एवं पत्रकार आचासंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको ।

खण्ड ३

अभिलेख

सञ्चार माध्यमको अभिलेख

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ मा स्थानीय अधिकारीले पत्रपत्रिका दर्ता गर्ने साथै सोको सूचना प्रेस रजिष्ट्रारलाई दिनुपर्ने र सोहीबमोजिम छ छैन प्रेस रजिष्ट्रारले हेरी उक्त नामसित मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी प्रेस रजिष्ट्रारले सिफारिस गर्ने, सिफारिसको आधारमा स्थानीय अधिकारीले सम्बन्धित दरखास्तवालालाई स्थायी दर्ता प्रमाणपत्र दिने व्यवस्था रहेको छ । सोही ऐनको दफा ३५ ले तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ । यसरी श्रेणी विभाजन गर्नुपर्दा तोकिएको अधिकारीले प्रेस काउन्सिलसँग परामर्श लिनुपर्नेछ' भन्ने व्यवस्था र प्रेस काउन्सिल ऐन, २०४८ को ७(घ) मा 'पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने', दफा १० ले नेपाल सरकारले काउन्सिलको परामर्श लिइ एक पत्रपत्रिका वितरण सम्परीक्षण समिति गठन गर्ने' भन्ने व्यवस्थाका आधार पत्रपत्रिकाको वर्गीकरण प्रयोजनार्थसमेत प्रेस काउन्सिल नेपालमा पत्रपत्रिका अभिलेखीकरण हुँदै आएको छ ।

राष्ट्रिय प्रसारण ऐन, २०४९ अनुसार नेपालभित्र कुनै ठाउँमा स्याटेलाइट, केबुल वा अन्य सञ्चार माध्यमद्वारा प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारसँग इजाजत लिएरमात्र प्रसारण गर्न सकिने व्यवस्था रहेको छ । विद्युतीय सञ्चार माध्यममध्ये टेलिभिजन तथा रेडियोको प्रसारण इजाजत प्रदान गर्ने कार्य हाल सूचना तथा प्रसारण विभागले गर्दैआएको छ । त्यसैगरी अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम अनलाइन सञ्चार माध्यमको दर्तासमेत सूचना तथा प्रसारण विभागमार्फत् हुँदै आएको छ भने निर्देशिकाअनुसार अनलाइन सञ्चार माध्यमको सूचीकरण प्रेस काउन्सिलमा हुने व्यवस्था रहेको छ । आ.व. २०८१/८२ सम्ममा दर्ता भएका सञ्चार माध्यमको विवरण यसप्रकार रहेको छ :

तालिका नं. १

दर्ता अभिलेख

क.सं	सञ्चार माध्यम	दर्ता अभिलेख (सूचना तथा प्रसारण विभाग)	प्रकाशन दर्ता अभिलेख (प्रेस काउन्सिल नेपाल)
१	पत्रपत्रिकाहरू		
	क) दैनिक	७७२	७५४
	ख) अर्धसाप्ताहिक	३८	३१

क.सं	सञ्चार माध्यम	दर्ता अभिलेख (सूचना तथा प्रसारण विभाग)	प्रकाशन दर्ता अभिलेख (प्रेस काउन्सिल नेपाल)
	ग) साप्ताहिक	२९९५	२९१४
	घ) पाक्षिक	४८५	४०२
	ङ) मासिक	२३९३	६२३
	च) द्वैमासिक	३९७	६७
	छ) त्रैमासिक	६६५	११२
	ज) अन्य	२९५	३८
	जम्मा	**८०४०**	४९४१
२	अनलाइन सञ्चार माध्यमहरू	यस आ.व.मा ४२८ नयाँ, १,२७२ नवीकरण भएको र हालसम्म ५१४४ अनलाइन दर्ता भएको ।	यस आ.व.मा ५०४ नयाँ, १,४८४ नवीकरण भएको र हालसम्म ५,१२६ अनलाइन दर्ता भएको ।
	पत्रकार परिचय पत्र (प्रेस प्रतिनिधि प्रमाणपत्र)	यस आ.व.मा १,४७४ नयाँ, ३,२९४ नवीकरण भएको र हालसम्म ३५५१३ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी भएको ।	
३	सञ्चालनका लागि इजाजत पत्र जारी भएको टेलिभिजनको सङ्ख्या	२४९	
४	सञ्चालनका लागि इजाजत पत्र जारी भएको रेडियोको सङ्ख्या	१२०४	

सूचना तथा प्रसारण विभागको अभिलेखअनुसार देशभरबाट आ.व. २०८१/८२ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या ८०४० रहेको छ । जसमा दैनिक ७७२, अर्धसाप्ताहिक ३८, साप्ताहिक २९९५, पाक्षिक ४८५, मासिक २,३९३, द्वैमासिक ३९७, त्रैमासिक ६६५ र अन्य २९५ रहेको छ । त्यस्तै प्रेस काउन्सिलको अभिलेखअनुसार आ.व. २०८१/८२ सम्ममा कुल ४,९४१ पत्रपत्रिका अभिलेखीकरण रहेको छ । जसमध्ये दैनिक ७५४, अर्धसाप्ताहिक ३१, साप्ताहिक २९१४, पाक्षिक ४०२, मासिक ६२३, द्वैमासिक ६७, त्रैमासिक ११२ र अन्य (चौमासिक, अर्धवार्षिक,

वार्षिक) ३८ पत्रपत्रिका रहेका छन् । सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालको अभिलेखमा पत्रपत्रिकाको अभिलेख विवरण फरक देखिनुको कारण विभागमा अस्थायी दर्ता र स्थायी दर्ता दुवै स्थितिका पत्रिकाको अभिलेख हुने गर्दछ भने काउन्सिलमा प्रकाशन हुने पत्रपत्रिकाले पत्रिकाको प्रकाशन प्रति अभिलेखीकरण हुने हुँदा तथ्याङ्कमा फरकपना देखिएको हो ।

अनलाइन सञ्चार माध्यम व्यवस्थित गर्न सर्वप्रथम प्रेस काउन्सिलले २०७० साउन १६ गते सार्वजनिक सूचना जारी गरी सूचीकरण गर्दै आएकोमा २०७३/१२/०७ मा अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ जारी भएको र पछि २०७४ सालमा पहिलो संशोधन भएबमोजिम अनलाइन सञ्चार माध्यम सूचना तथा प्रसारण विभागमा दर्ता हुने साथै पत्रकार आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा अनुगमन, नियमन एवं सूचीकरण गरी अभिलेखीकरण काउन्सिलले गर्दै आइरहेको छ । मिति २०७८ चैत ११ देखि नयाँ अनलाइन सूचीकरणपश्चात् पत्रकार आचारसंहिता अभिमुखीकरण कक्षा लिएरमात्र दर्ता भएका अनलाइनलाई सूचीकरणको प्रमाणपत्र उपलब्ध गराइँदै आएको छ । यस आ.व. को अन्तिमसम्म कुल ५१२६ अनलाइन सूचीकरण भएका छन् । यसमध्ये १०४ वटा अनलाइन सञ्चालक स्वयम्ले हटाउन आवेदन गरेको आधार र केही कारबाहीका आधारमा सूचीकरणको सूचीबाट हटाइ अद्यावधिक गरिएको छ ।

यस आर्थिक वर्षमा ५०४ वटा अनलाइन सञ्चार माध्यम सूचीकरण भएका छन् । जसमा कोशी प्रदेशबाट ५१, मधेश प्रदेशबाट ३७, बागमती प्रदेशमा २७१, गण्डकी प्रदेशबाट २२, लुम्बिनी प्रदेशबाट ५४, कर्णाली प्रदेशबाट २९ र सुदूरपश्चिम प्रदेशबाट ४० रहेका छन् । सूचीकरणका लागि दर्ता भए तापनि वार्षिक अद्यावधिकको सङ्ख्या भने कम रहेको छ । यस आ.व.सम्म सूचीकरण भएका अनलाइन सञ्चार माध्यममध्ये कुल १४८४ वटाले सूचीकरण अद्यावधिक गराएका छन् । प्रारम्भमा सूचीकरण भएका तर पछि साइट अद्यावधिक नरहेका, डोमेन रद्द भएका अथवा सञ्चालनको अवस्थामा नभएका साइटको सङ्ख्या पनि अधिक रहेको छ । (अनलाइन सूचीकरणसम्बन्धी विवरण प्रेस काउन्सिल नेपालको वेबसाइट www.presscouncilnepal.gov.np मा हेर्न सकिनेछ ।)

सबै प्रकारका टेलिभिजन र एफएम रेडियो सञ्चालनका लागि सूचना तथा प्रसारण विभागबाट इजाजत जारी गरिने व्यवस्था रहेको छ ।

प्रदेश र जिल्लाका आधारमा पत्रपत्रिका प्रकाशन दर्ता स्थिति

प्रदेशको आधारमा पत्रपत्रिका प्रकाशन दर्ता स्थितिलाई अध्ययन गर्दा सबैभन्दा बढी बाग्मती प्रदेशमा दर्ता भएको देखिन्छ। यो प्रदेशमा २७०९ (५४.८३%) पत्रपत्रिका दर्ता भएका छन् ।

यसैगरी मधेस प्रदेशमा ७६४ (१५.४६%) र कोशी प्रदेशमा ५४० (१०.९३%) पत्रपत्रिका दर्ता भइ क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । सबैभन्दा कम पत्रपत्रिका दर्ता भएको कर्णाली प्रदेश हो । यहाँ जम्मा ८७ (१.७६%) पत्रपत्रिकामात्र प्रकाशन भइ दर्ता छन् । त्यसैगरी लुम्बिनी प्रदेशमा ३११ (६.२९%), गण्डकी प्रदेशमा ३०५ (६.१७%) र सुदूरपश्चिम प्रदेशमा २२५ (४.५५%) पत्रपत्रिका दर्ता भएका छन् ।

जिल्लागत आधारमा प्रकाशन दर्ता भएका पत्रपत्रिकाको तथ्याङ्क हेर्दा अझै पनि मुगु र मनाङ गरी दुई जिल्लामा कुनै पनि पत्रिका प्रकाशन भइ दर्ता भएका छैनन् । भौगोलिक विकटता, पूर्वाधारको कमिले गर्दा यी जिल्लामा पत्रपत्रिका प्रकाशन दर्ता नभएको देखिन्छ ।

सबैभन्दा बढी पत्रपत्रिका दर्ता भइ प्रकाशन हुने जिल्ला काठमाडौँ हो । काउन्सिलको अभिलेखअनुसार यहाँ आ.व. २०८१/८२ सम्ममा कुल २०३५ वटा पत्रपत्रिका दर्ता भएका छन् । यो सङ्ख्या कुल पत्रपत्रिका दर्ता सङ्ख्याको ४१.१९% हुन आउँछ । काठमाडौँ जिल्लामा दर्ता भइ अभिलेख भएका पत्रपत्रिकामा दैनिक १७२ वटा, अर्धसाप्ताहिक ७ वटा, साप्ताहिक १०८० वटा, पाक्षिक २२६ वटा, मासिक ४३४ वटा, द्वैमासिक ३८, त्रैमासिक ५२ र अन्य २६ वटा रहेका छन् । यसैगरि बढी पत्रपत्रिकाहरू दर्ता गर्ने दोस्रो जिल्ला पर्सामा २५८ वटा पत्रपत्रिका दर्ता भएका छन् भने १८३ वटा पत्रपत्रिका दर्ता भएको धनुषा तेस्रो स्थानमा छन् । यस्तै ललितपुरमा १७८, मोरङमा १६८, कास्कीमा १२६, सुनसरीमा ११५, चितवनमा ११५ र रूपन्देहीमा १०५ वटा पत्रपत्रिका प्रकाशन भइ अभिलेख भएका छन् ।

यस आर्थिक वर्षमा काठमाडौँ जिल्लामा २ मासिक पत्रिका दर्ता भएका छन् । त्यस्तै कैलालीमा १ दैनिक र १ द्वैमासिक, बारामा १ वटा दैनिक, धनुषामा १ वटा दैनिक र रौतहटमा १ वटा दैनिक, मकवानपुरमा १ वटा मासिक, पर्सामा १ साप्ताहिक र सुनसरीमा १ साप्ताहिक गरी जम्मा १० वटा पत्रपत्रिका दर्ता भएका छन् ।

तालिका नं. २

प्रदेश र जिल्लाको आधारमा प्रकाशन दर्ता स्थिति

क. सं.	प्रदेश र जिल्ला	दैनिक	अर्ध साप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अन्य	जम्मा
१	**कोशी प्रदेश**	१०१	५	३४२	४५	२८	७	९	३	५४०
१	भोजपुर	०	०	४	०	०	०	०	०	४
२	धनकुटा	०	०	७	१	१	०	०	०	९
३	इलाम	४	०	१७	२	१	०	०	०	२४
४	झापा	२१	१	५८	२	७	२	१	१	९३
५	खोटाङ	१	०	८	८	१	०	१	०	१९
६	मोरङ	४२	०	९६	२०	६	१	२	१	१६८
७	ओखलढुंगा	०	०	६	१	१	०	१	०	९
८	पाँचथर	१	१	१६	०	२	१	०	०	२१
९	सङ्खुवासभा	०	०	१४	५	१	०	०	०	२०
१०	सोलुखुम्बु	०	०	२	०	०	०	०	०	२
११	सुनसरी	२३	२	७७	३	६	२	१	१	११५
१२	ताप्लेजुङ	१	१	६	१	०	०	१	०	१०
१३	तेह्रथुम	०	०	७	०	०	०	१	०	८
१४	उदयपुर	८	०	२४	२	२	१	१	०	३८
२	**मधेश प्रदेश**	१७०	२	५२२	४५	१९	३	३	०	७६४
१	बारा	१८	०	३९	२	१	०	१	०	६१
२	धनुषा	३५	०	१२२	१५	८	२	१	०	१८३
३	महोत्तरी	१०	०	२३	२	०	०	०	०	३५
४	पर्सा	५४	२	१७८	२२	२	०	०	०	२५८
५	रौतहट	१२	०	२५	०	०	०	०	०	३७
६	सप्तरी	२४	०	७१	२	५	०	०	०	१०२
७	सर्लाही	४	०	२९	१	२	०	१	०	३७
८	सिरहा	१३	०	३५	१	१	१	०	०	५१
३	**बाग्मती प्रदेश**	२४१	७	१५१६	२६८	५२३	४७	७३	३४	२७०९
१	भक्तपुर	६	०	४२	२	१४	०	६	१	७१
२	चितवन	१३	०	७८	७	११	२	१	३	११५
३	धादिङ	२	०	१५	०	२	०	०	०	१९

क. सं.	प्रदेश र जिल्ला	दैनिक	अर्ध साप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अन्य	जम्मा
४	दोलखा	१	०	८	०	०	०	०	०	९
५	काठमाडौँ	१७२	७	१०८०	२२६	४३४	३८	५२	२६	२०३५
६	काभ्रेपलाञ्चोक	४	०	४३	४	८	०	२	०	६१
७	ललितपुर	१९	०	९६	२१	३२	३	४	३	१७८
८	मकवानपुर	१२	०	७०	५	७	१	३	१	९९
९	नुवाकोट	३	०	१७	१	२	०	१	०	२४
१०	रामेछाप	२	०	१४	०	१	१	२	०	२०
११	रसुवा	०	०	२	०	१	१	०	०	४
१२	सिन्धुली	४	०	२४	०	२	०	०	०	३०
१३	सिन्धुपाल्चोक	३	०	२७	२	९	१	२	०	४४
४	**गण्डकी प्रदेश**	५९	०	१८८	२४	२१	३	९	१	३०५
१	बाग्लुङ	७	०	१७	२	१	०	०	०	२७
२	गोरखा	५	०	४	२	१	०	०	०	१२
३	कास्की	२६	०	६९	१४	११	२	३	१	१२६
४	लमजुङ	३	०	१४	१	०	०	०	०	१८
५	मनाङ	०	०	०	०	०	०	०	०	०
६	मुस्ताङ	०	०	२	०	०	०	०	०	२
७	म्यार्दी	२	०	१०	०	१	०	०	०	१३
८	नवलपरासी	२	०	१५	०	३	०	०	०	२०
९	पर्वत	४	०	१७	०	१	०	४	०	२६
१०	स्याङ्जा	१	०	१९	१	०	१	२	०	२४
११	तनहुँ	९	०	२१	४	३	०	०	०	३७
५	**लुम्बिनी प्रदेश**	७९	७	१७३	१५	२०	२	१५	०	३११
१	अर्घाखाँची	०	०	६	१	०	०	१	०	८
२	बाँके	३५	१	३८	०	०	०	१	०	७५
३	बर्दिया	६	०	१२	२	०	१	०	०	२१
४	दाङ	११	१	१६	०	१	१	५	०	३५
५	गुल्मी	०	०	६	१	०	०	१	०	८
६	कपिलवस्तु	१	०	११	०	१	०	१	०	१४
७	पाल्पा	२	१	१५	३	२	०	३	०	२६

क्र. सं.	प्रदेश र जिल्ला	दैनिक	अर्ध साप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अन्य	जम्मा
८	प्युठान	१	०	५	०	४	०	०	०	१०
९	रोल्पा	१	०	७	१	०	०	०	०	९
१०	रूपन्देही	२२	४	५७	७	१२	०	३	०	१०५
६	**कर्णाली प्रदेश**	३०	१	४५	१	९	०	१	०	८७
१	दैलेख	३	१	४	०	०	०	०	०	८
२	डोल्पा	०	०	१	०	०	०	०	०	१
३	हुम्ला	१	०	३	०	२	०	०	०	६
४	जाजरकोट	१	०	०	०	०	०	०	०	१
५	जुम्ला	३	०	५	०	१	०	०	०	९
६	कालिकोट	३	०	७	०	०	०	०	०	१०
७	मुगु	०	०	०	०	०	०	०	०	०
८	रुकुम	०	०	८	१	२	०	०	०	११
९	सल्यान	१	०	३	०	०	०	१	०	५
१०	सुर्खेत	१८	०	१४	०	४	०	०	०	३६
७	**सुदूरपश्चिम प्रदेश**	७४	९	१२८	४	३	५	२	०	२२५
१	अछाम	४	०	५	१	०	०	०	०	१०
२	बैतडी	१	०	५	०	०	०	०	०	६
३	बझाङ	१	१	४	०	०	१	०	०	७
४	बाजुरा	०	०	५	०	०	०	०	०	५
५	डडेल्धुरा	४	१	१३	०	०	०	०	०	१८
६	दार्चुला	३	१	४	०	०	०	०	०	८
७	डोटी	०	०	१२	०	०	०	०	०	१२
८	कैलाली	३१	४	४२	३	०	३	१	०	८४
९	कञ्चनपुर	३०	२	३८	०	३	१	१	०	७५
जम्मा		७५४	३१	२९१४	४०२	६२३	६७	११२	३८	४९४१

द्रष्टव्य : पूर्वीरुकुम र रुकुमपश्चिम एवं नवलपुर र परासी अलग-अलग प्रदेशमा नराखी नवलपरासी गण्डकी प्रदेशमा र रुकुमलाई कर्णाली प्रदेशमा राखी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

प्रकाशन अभिलेख

नेपालभर दर्ता भइ काउन्सिलको अभिलेखमा प्राप्त भएका कुल ४९४१ पत्रपत्रिकामध्ये यस आर्थिक वर्षमा ९५५ (१९.३३%) अखबारहरू प्रकाशित भएका छन् । यीमध्ये दैनिक २८८, अर्धसाप्ताहिक ३, साप्ताहिक ५४१, पाक्षिक १५, मासिक ११६, द्वैमासिक २२ र त्रैमासिक २७ र अन्य ३ वटा पत्रिका मात्र प्रकाशनमा रहेका छन् ।

पत्रपत्रिकाको नियमिततासम्बन्धी स्थिति

नेपालभर दर्ता भएका कुल अखबारमध्ये निकै कममात्र प्रकाशित भएका छन् । प्रकाशित मध्ये पनि सबै पत्रपत्रिका नियमित छैनन् । काउन्सिलको अभिलेखअनुसार दर्ता भएका कूल अखबारमध्ये ९५५ वटा पत्रिकाहरू प्रकाशित रहेका छन् जसमध्ये ७९३ नियमित र १६२ अनियमित छन् । दैनिकमा १८२ नियमित र ४६ अनियमित, अर्धसाप्ताहिकमा १ नियमित र २ अनियमित, साप्ताहिकमा ४८२ नियमित र ५९ अनियमित, पाक्षिकमा ११ नियमित र ४ अनियमित, मासिकमा ८४ नियमित र ३२ अनियमित, द्वैमासिकमा ७ नियमित र १५ अनियमित, त्रैमासिक २३ नियमित र ४ अनियमित र अन्यमा ३ नियमित रहेका छन् । प्रदेश र जिल्लागत आधारमा नियमित/अनियमितको स्थिति निम्नानुसार रहेको छ;

तालिका नं. ३

प्रदेश र जिल्लाको आधारमानियमित अनियमितताको स्थिति

क. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र.		अप्र.	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
कोशी प्रदेशको जम्मा		१७	३	८१	०	०	५	७३	८	२६१	०	०	४५	४	०	२४	१	१	५	१	१	७	०	०	३	९६	१३	४३१	५४०
१	भोजपुर	०	०	०	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	४	४
२	धनकुटा	०	०	०	०	०	०	०	१	६	०	०	१	०	०	१	०	०	०	०	०	०	०	०	०	०	१	८	९
३	इलाम	१	१	२	०	०	०	१	१	१५	०	०	२	१	०	०	०	०	०	०	०	०	०	०	०	३	२	१९	२४
४	झापा	४	०	१७	०	०	१	२०	१	३७	०	०	२	०	०	७	१	०	१	०	०	१	०	०	१	२५	१	६७	९३
५	खोटाङ	०	०	१	०	०	०	४	०	४	०	०	८	१	०	०	०	०	०	०	१	०	०	०	०	५	१	१३	१९
६	मोरङ	३	१	३८	०	०	०	१५	२	७९	०	०	२०	१	०	५	०	१	०	१	०	१	०	०	१	२०	४	१४४	१६८
७	ओखलढुंगा	०	०	०	०	०	०	०	०	६	०	०	१	०	०	१	०	०	०	०	०	१	०	०	०	०	०	९	९
८	पाँचथर	०	०	१	०	०	१	२	०	१४	०	०	०	१	०	१	०	०	१	०	०	०	०	०	०	३	०	१८	२१
९	संखुवासभा	०	०	०	०	०	०	५	०	९	०	०	५	०	०	१	०	०	०	०	०	०	०	०	०	५	०	१५	२०
१०	सोलुखुम्बु	०	०	०	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२	२
११	सुनसरी	५	०	१८	०	०	२	१६	२	५९	०	०	३	०	०	६	०	०	२	०	०	१	०	०	१	२१	२	९२	११५
१२	ताप्लेजुङ	०	१	०	०	०	१	०	०	६	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०	०	१	९	१०
१३	तेह्रथुम	०	०	०	०	०	०	०	०	७	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०	८	८
१४	उदयपुर	४	०	४	०	०	०	१०	१	१३	०	०	२	०	०	२	०	०	१	०	०	१	०	०	०	१४	१	२३	३८
मधेस प्रदेसको जम्मा		५४	२४	९२	०	०	२	१३६	१४	३७२	१	०	४४	५	१	१३	०	२	१	२	०	१	०	०	०	१९८	४१	५२५	७६४
१	बारा	४	४	१०	०	०	०	११	१	२७	१	०	१	०	०	१	०	०	०	१	०	०	०	०	०	१७	५	३९	६१
२	धनुषा	९	२	२४	०	०	०	२९	२	९१	०	०	१५	३	०	५	०	१	१	१	०	०	०	०	०	४२	५	१३६	१८३

क. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र.		अप्र.	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
३	महोत्तरी	५	१	४	०	०	०	३	४	१६	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	८	५	२२	३५
४	पर्सा	१६	५	३३	०	०	२	३५	४	१३९	०	०	२२	०	०	२	०	०	०	०	०	०	०	०	०	५१	९	१९८	२५८
५	रौतहट	२	४	६	०	०	०	३	२	१९	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	५	६	२५	३६
६	सप्तरी	१३	४	७	०	०	०	४५	१	२६	०	०	२	१	१	३	०	०	०	०	०	०	०	०	०	५९	६	३८	१०३
७	सर्लाही	१	०	३	०	०	०	४	०	२५	०	०	१	१	०	१	०	०	०	०	०	१	०	०	०	६	०	३१	३७
८	सिरहा	४	४	५	०	०	०	६	०	२९	०	०	१	०	०	१	०	१	०	०	०	०	०	०	०	१०	५	३६	५१
बागमती प्रदेसको जम्मा		३८	६	१९७	०	०	७	१७३	२५	१३१	८	४	२५६	७१	२८	४२	५	११	३१	१३	३	५७	३	०	३१	३११	७७	२३२१	२७०९
१	भक्तपुर	३	०	३	०	०	०	११	०	३१	०	०	२	२	०	१२	०	०	०	२	०	४	०	०	१	१८	०	५३	७१
२	चितवन	२	१	१०	०	०	०	९	१	६८	०	०	७	१	१	९	१	१	०	०	०	१	०	०	३	१३	४	९८	११५
३	धादिङ	१	०	१	०	०	०	३	०	१२	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	४	०	१५	१९
४	दोलखा	१	०	०	०	०	०	२	०	६	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	३	०	६	९
५	काठमाडौं	२०	४	१४८	०	०	७	९०	२१	९६९	७	४	२१५	६०	२४	३५०	४	९	२५	८	२	४२	३	०	२३	१९२	६४	१७७९	२०३५
६	काभ्रेपलाञ्चोक	०	०	४	०	०	०	१६	२	२५	०	०	४	१	१	६	०	०	०	१	०	१	०	०	०	१८	३	४०	६१
७	ललितपुर	०	०	१९	०	०	०	६	०	९०	०	०	२१	५	०	२७	०	१	२	०	०	४	०	०	३	११	१	१६६	१७८
८	मकवानपुर	४	१	७	०	०	०	११	०	५९	१	०	४	०	१	६	०	०	१	२	०	१	०	०	१	१८	२	७९	९९
९	नुवाकोट	०	०	३	०	०	०	४	०	१३	०	०	१	०	०	२	०	०	०	०	१	०	०	०	०	४	१	१९	२४
१०	रामेछाप	२	०	०	०	०	०	७	०	७	०	०	०	०	०	१	०	०	१	०	०	२	०	०	०	९	०	११	२०
११	रसुवा	०	०	०	०	०	०	०	०	२	०	०	०	०	०	१	०	०	१	०	०	०	०	०	०	०	०	४	४
१२	सिन्धुली	३	०	१	०	०	०	७	०	१७	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	१०	०	२०	३०
१३	सिन्धुपाल्चोक	२	०	१	०	०	०	७	१	१९	०	०	२	२	१	६	०	०	१	०	०	२	०	०	०	११	२	३१	४४

क्र. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.			प्र.			प्र.			प्र.			प्र.			प्र.			प्र.			प्र.			प्र.			
		ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	ति.	अति.	अप्र.	
गण्डकी प्रदेशको जम्मा		२०	२	३७	०	०	०	३७	६	१४५	०	०	२४	०	१	२०	०	०	३	२	०	७	०	०	१	५९	९	२३७	३०५
१	बागलुङ	३	०	४	०	०	०	५	०	१२	०	०	२	०	१	१	०	०	१	१	०	३	०	०	०	८	०	१९	२७
२	गोरखा	३	१	१	०	०	०	१	०	३	०	०	२	०	१	१	०	०	१	१	०	३	०	०	०	४	१	७	१२
३	कास्की	३	१	२२	०	०	०	३	१	६५	०	०	१४	०	१	१०	०	०	२	२	०	३	०	०	१	६	३	११७	१२६
४	लमजुङ	१	०	२	०	०	०	४	१	९	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	५	१	१२	१८
५	मनाङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
६	मुस्ताङ	०	०	०	०	०	०	१	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	२
७	म्याग्दी	२	०	०	०	०	०	५	०	५	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	७	०	६	१३
८	नवलपरासी	१	०	१	०	०	०	५	१	९	०	०	०	०	०	३	०	०	०	०	०	०	०	०	०	६	१	१३	२०
९	पर्वत	०	०	४	०	०	०	५	०	१२	०	०	०	०	०	१	०	०	०	१	०	३	०	०	०	६	०	२०	२६
१०	स्याङ्जा	०	०	१	०	०	०	२	१	१६	०	०	१	०	०	०	१	१	०	१	०	१	०	०	०	३	१	२०	२४
११	तनहुँ	७	०	२	०	०	०	६	१	१४	०	०	४	०	०	३	०	०	०	०	०	०	०	०	०	१३	१	२३	३७
लुम्बिनी प्रदेशको जम्मा		२०	३	५६	१	२	४	३२	३	१३८	२	०	१३	३	१	१६	०	०	२	४	०	११	०	०	०	६२	९	२४०	३११
१	अर्घाखाँची	०	०	०	०	०	०	६	०	१	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०	८	८
२	बाँके	८	१	२६	०	१	०	६	०	३२	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	१४	२	५९	७५
३	बर्दिया	२	०	४	०	०	०	३	०	९	१	०	१	०	०	०	०	०	१	०	०	०	०	०	०	६	०	१५	२१
४	दाङ	४	०	७	०	०	१	५	०	११	०	०	०	१	०	०	०	०	१	२	०	३	०	०	०	१२	०	२३	३५
५	गुल्मी	०	०	०	०	०	०	०	०	६	०	०	१	०	०	०	०	०	०	१	०	०	०	०	०	१	०	७	८
६	कपिलवस्तु	०	१	०	०	०	०	१	३	७	०	०	०	०	०	१	०	०	०	०	०	१	०	०	०	१	४	९	१४
७	पाल्पा	१	०	१	१	०	०	५	०	१०	१	०	२	१	०	१	०	०	१	१	०	२	०	०	०	१०	०	१६	२६

क. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र.		अप्र.		
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.			
८	प्युठान	०	०	१	०	०	०	३	०	२	०	०	०	०	१	३	०	०	०	०	०	०	०	०	०	३	१	६	१०
९	रोल्पा	०	०	१	०	०	०	५	०	२	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	५	०	४	९
१०	रूपन्देही	५	१	१६	०	१	३	४	०	५३	०	०	७	१	०	११	०	०	०	०	०	३	०	०	०	१०	२	९३	१०५
कर्णली प्रदेसको जम्मा		९	३	१८	०	०	१	९	०	३६	०	०	१	०	०	९	०	०	०	०	०	१	०	०	०	१८	३	६६	८७
१	दैलेख	१	०	२	०	०	१	१	०	३	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२	०	६	८
२	डोल्पा	०	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	१
३	हुम्ला	०	०	१	०	०	०	०	०	३	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	६	६
४	जाजरकोट	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	१
५	जुम्ला	०	०	३	०	०	०	२	०	३	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	२	०	७	९
६	कालिकोट	०	०	३	०	०	०	१	०	६	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	९	१०
७	मुगु	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
८	रुकुम	०	०	०	०	०	०	२	०	६	०	०	१	०	०	२	०	०	०	०	०	०	०	०	०	२	०	९	११
९	सल्यान	१	०	०	०	०	०	०	०	३	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	१	०	४	५
१०	सुर्खेत	६	३	९	०	०	०	२	०	१२	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०	८	३	२५	३६
सुदूरपश्चिम प्रदेसको जम्मा		२४	५	४५	०	०	९	२२	३	१०३	०	०	४	१	१	१	१	१	३	१	०	१	०	०	०	४९	१०	१६६	२२५
१	अछाम	१	२	१	०	०	०	०	०	५	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	१	२	७	१०
२	बैतडी	१	०	०	०	०	०	१	०	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२	०	४	६
३	बझाङ	०	१	०	०	०	१	०	०	४	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०	०	०	१	६	७
४	बाजुरा	०	०	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	५	५

क. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र.		अप्र.	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
५	डडेल्धुरा	२	०	२	०	०	१	३	०	१०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	५	०	१३	१८
६	दार्चुला	२	०	१	०	०	१	२	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	४	०	४	८
७	डोटी	०	०	०	०	०	०	१	०	११	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	११	१२
८	कैलाली	१२	१	१८	०	०	४	११	३	२८	०	०	३	०	०	०	१	१	१	१	०	०	०	०	०	२५	५	५४	८४
९	कञ्चनपुर	६	१	२३	०	०	२	४	०	३४	०	०	०	१	१	१	०	०	१	०	०	१	०	०	०	११	२	६२	७५
कूल जम्मा		१८२	४६	५२६	१	२	२८	४८२	५९	२३७३	११	४	३८७	८४	३२	५०७	७	१५	४५	२३	४	८५	३	०	३५	७९३	१६२	३९८६	४९४१

सङ्केत:

प्र.-प्रकाशित,अ.प्र.-अप्रकाशित,अ.सा.-अर्ध-साप्ताहिक,नि.- नियमित, अ.नि.-अनियमित

द्रष्टव्य :

पूर्वी रुकुम र पश्चिम रुकुम एवं नवलपुर र परासी अलग-अलग प्रदेशमा नराखी नवलपरासी गण्डकीमा र रुकुमलाई कर्णाली प्रदेशमा राखी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

आ.व. २०८१/८२ मा नियमानुसार दर्ता भइ काउन्सिलको अभिलेखमा प्राप्त पत्रिकाहरू

दैनिक

क.सं	पत्रिकाको नाम	जिल्ला
१.	ज्ञान खबर दैनिक	बारा
२	मामिला खबर दैनिक	धनुषा
३	अकम्प दैनिक	कैलाली
४	चन्द्रपुर दैनिक	रौतहट

साप्ताहिक

क.सं.	पत्रिकाको नाम	जिल्ला
१.	प्रदेश डायरी साप्ताहिक	सुनसरी
२	जनसवाल अभियान साप्ताहिक	पर्सा

मासिक

क.स	पत्रिकाको नाम	जिल्ला
१.	विश्वकोष मासिक	काठमाडौँ
२	स्टार टाइम्स मासिक	काठमाडौँ
३	थर्टी न्यूज मासिक	मकवानपुर

द्वैमासिक

क.स	पत्रिकाको नाम	जिल्ला
१.	माण्डव्य टाइम्स द्वैमासिक	कैलाली

पत्रपत्रिकाको डिजिटल अभिलेख

पत्रपत्रिकाहरूको डिजिटल हाजिरी एवं अभिलेख प्रणाली आचारसंहिता अनुगमन साथै अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यका साथ विकास गरेको प्रणाली हो । यसबाट प्रकाशकहरूले पत्रिका प्रकाशनपश्चात् प्रकाशित पत्रिकाको पिडिएफ बनाइ आफ्नो एकाउन्टमा अपलोड गरी हाजिरी गर्न र आफ्नो पत्रिकाको डिजिटल अभिलेख राख्न सक्नेछन् । यो प्रणाली आ.व. २०७६/७७ देखि अवलम्बन गरिएको छ ।

डिजिटल अभिलेख दर्ता

प्रेस काउन्सिल नेपालको पत्रपत्रिका व्यवस्थापन प्रणालीमा देशभरबाट आ.व. २०८१/८२ सम्ममा कुल १२८४ पत्रिका आबद्ध भएका छन् । जसमा दैनिक ३२५, अर्धसाप्ताहिक ४, साप्ताहिक ७०५, पाक्षिक १६, मासिक १६३, द्वैमासिक २५ र वार्षिक १ वटा रहेका छन् ।

प्रदेश र जिल्लाको आधारमा पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्ध पत्रपत्रिकाको स्थिति

देशभरबाट प्रकाशित १२८४ वटा पत्रपत्रिका डिजिटल अभिलेख प्रणालीमा अभिलेख भएका छन् । जसमा कोशी प्रदेशमा १६०, मधेश प्रदेशमा ३१४, बागमती प्रदेश ५००, गण्डकी प्रदेशमा ९२, लुम्बिनी प्रदेशमा ९८, कर्णाली प्रदेशमा ३१, सुदूरपश्चिम प्रदेशमा ८९ पत्रिकाहरू पत्रपत्रिका व्यवस्थापन प्रणालीमा अभिलेखीकरण भएका छन् ।

पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्ध पत्रपत्रिकाको विवरण

प्रदेशको नाम	जिल्लाको नाम	दैनिक	अर्धसाप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अधवार्षिक	वार्षिक	जम्मा
कोशी प्रदेशको जम्मा		३१	०	१११	०	११	४	३	०	०	१६०
कोशी	ताप्लेजुङ	१	०	३	०	१	०	०	०	०	५
	सुनसरी	९	०	२८	०	०	१	०	०	०	३८
	तेह्रथुम	०	०	०	०	१	०	०	०	०	१
	ओखलढुङ्गा	०	०	४	०	०	१	०	०	०	५
	सङ्खुवासभा	०	०	५	०	०	०	०	०	०	५
	पाँचथर	०	०	२	०	१	१	०	०	०	४
	खोटाङ	०	०	५	०	२	०	१	०	०	८

	सोलुखुम्बु	०	०	१	०	०	०	०	०	०	१
	झापा	८	०	२६	०	०	१	०	०	०	३५
	उदयपुर	४	०	१३	०	२	०	०	०	०	१९
	धनकुटा	०	०	४	०	०	०	०	०	०	४
	इलाम	२	०	२	०	१	०	०	०	०	५
	मोरङ	७	०	१८	०	३	०	२	०	०	३०
मधेस प्रदेशको जम्मा		११४	०	१८८	१	८	१	२	०	०	३१४
मधेस	सर्लाही	५	०	८	०	१	०	०	०	०	१४
	धनुषा	१२	०	३६	०	३	१	१	०	०	५३
	सिराहा	१६	०	१३	०	०	०	०	०	०	२९
	सप्तरी	२२	०	५१	०	३	०	०	०	०	७६
	महोत्तरी	७	०	८	०	०	०	०	०	०	१५
	रौतहट	८	०	९	०	१	०	०	०	०	१८
	बारा	१३	०	२०	१	०	०	१	०	०	३५
	पर्सा	३१	०	४३	०	०	०	०	०	०	७४
बागमती प्रदेशको जम्मा		५४	१	२५६	१३	१३२	१६	२७	०	०	५००
बागमती	सिन्धुली	३	०	९	०	०	०	०	०	०	१२
	चितवन	५	१	१३	०	२	०	०	०	०	२१
	काभ्रेपलान्चोक	०	०	२१	१	२	०	२	०	०	२६
	काठमाडौं	२४	०	१३९	११	१०६	१६	१६	०	०	३१२
	रामेछाप	२	०	९	०	०	०	१	०	०	१२
	मकवानपुर	५	०	१८	१	१	०	३	०	०	२८
	ललितपुर	२	०	११	०	१२	०	०	०	०	२५
	धादिङ	२	०	३	०	०	०	०	०	०	५
	सिन्धुपाल्चोक	५	०	१०	०	४	०	०	०	०	१९
	नुवाकोट	१	०	९	०	०	०	२	०	०	१२
	दोलखा	१	०	२	०	१	०	०	०	०	४
	भक्तपुर	४	०	१२	०	५	०	३	०	०	२४
गण्डकी प्रदेशको जम्मा		२७	०	५९	०	१	०	५	०	०	९२
	स्याङ्जा	०	०	३	०	०	०	१	०	०	४

गण्डकी	लम्जुङ्ग	१	०	६	०	०	०	०	०	०	७
	तनहुँ	८	०	९	०	०	०	०	०	०	१७
	कास्की	७	०	४	०	१	०	१	०	०	१३
	बाग्लुङ	३	०	७	०	०	०	०	०	०	१०
	गोरखा	३	०	३	०	०	०	०	०	०	६
	म्यार्दी	३	०	८	०	०	०	०	०	०	११
	नवलपुर	१	०	६	०	०	०	०	०	०	७
	पर्वत	१	०	११	०	०	०	३	०	०	१५
	मुस्ताङ्ग	०	०	२	०	०	०	०	०	०	२
लुम्बिनी प्रदेशको जम्मा		३४	३	४४	२	७	१	७	०	०	९८
लुम्बिनी	कपिलवस्तु	१	०	५	०	०	०	०	०	०	६
	बाँके	१५	१	७	०	०	०	०	०	०	२३
	बर्दिया	४	०	४	१	०	०	०	०	०	९
	गुल्मी	०	०	१	०	१	०	१	०	०	३
	रोल्पा	०	०	५	०	०	०	०	०	०	५
	दाङ	६	०	४	०	१	१	२	०	०	१४
	पाल्पा	१	१	५	१	१	०	३	०	०	१२
	प्युठान	०	०	३	०	१	०	०	०	०	४
	रूपन्देही	६	१	८	०	३	०	१	०	०	१९
	परासी	१	०	२	०	०	०	०	०	०	३
कर्णाली प्रदेशको जम्मा		१६	०	१४	०	१	०	०	०	०	३१
कर्णाली	मुगु	०	०	१	०	०	०	०	०	०	१
	डोल्पा	०	०	१	०	०	०	०	०	०	१
	जाजरकोट	२	०	०	०	०	०	०	०	०	२
	सल्यान	१	०	०	०	०	०	०	०	०	१
	जुम्ला	०	०	३	०	०	०	०	०	०	३
	दैलेख	१	०	३	०	०	०	०	०	०	४
	रुकुम पश्चिम	०	०	३	०	०	०	०	०	०	३
	सुर्खेत	९	०	१	०	१	०	०	०	०	११
	कालिकोट	३	०	२	०	०	०	०	०	०	५

सुदूरपश्चिम प्रदेशको जम्मा		४९	०	३२	०	२	३	१	०	१	८९
सुदूर पश्चिम	बझाङ्ग	०	०	२	०	०	०	०	०	०	२
	डोटी	१	०	१	०	०	०	०	०	०	२
	अछाम	३	०	१	०	०	१	०	०	०	५
	दार्चुला	३	०	४	०	०	०	०	०	०	७
	बैतडी	१	०	०	०	०	०	०	०	०	१
	कैलाली	२१	०	१५	०	०	२	१	०	०	३९
	डडेलधुरा	५	०	३	०	०	०	०	०	१	९
	कञ्चनपुर	१५	०	७	०	२	०	०	०	०	२४
कुल जम्मा		३२५	४	७०५	१६	१६३	२५	४५	०	१	१२८४

पत्रपत्रिकाको डिजिटल अभिलेखीकरणको नियमिततासम्बन्धी स्थिति

देशभरिबाट यस प्रणालीमा अभिलेखीकरण भएका १२८४ पत्रपत्रिकामध्ये ८६० पत्रपत्रिकाहरूले मात्र नियमित पिडिएफ अपलोड गर्नेगरेका छन् भने १११ पत्रपत्रिकाले नियमित अपलोड गरेका छैनन् । पिडिएफ प्रणालीमा अभिलेखीकरण गराउने पत्रपत्रिकामध्ये दैनिकमा १९०, अर्धसाप्ताहिक २, साप्ताहिक ५१९, पाक्षिक १४, मासिक ९८, द्वैमासिक १७, त्रैमासिक २० नियमित रहेको छन् भने दैनिक ४६, अर्धसाप्ताहिक १, साप्ताहिक ३२, पाक्षिक १, मासिक १५, द्वैमासिक २, त्रैमासिक १४ वटाले नियमित अभिलेखीकरण गराएका छैनन् ।

पत्रपत्रिकाको डिजिटल अभिलेखीकरणको नियमितता स्थिति

पत्रपत्रिका व्यवस्थापन प्रणाली (पिडिएफ)मा आबद्ध पत्रपत्रिकाको मिति २०८१ साउनदेखि २०८२ असारसम्मको प्रदेशगत अभिलेख

क. सं.	प्रदेशको नाम	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र	प्र		अप्र	प्र		अप्र	प्र		अप्र	प्र.		अप्र.	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
१	कोशी	१८	६	७	०	०	०	८६	३	२२	०	०	०	८	०	३	१	०	३	१	०	२	११४	९	३७	१६०
२	मधेश	६५	२२	२७	०	०	०	१४३	१३	३२	१	०	०	६	०	२	०	१	०	२	०	०	२१७	३६	६१	३१४
३	बागमती	४०	६	८	०	०	१	१७९	१२	६५	११	१	१	७८	१५	४०	१४	१	१	११	११	५	३३३	४६	१२१	५००
४	गण्डकी	१९	२	६	०	०	०	४४	२	१३	०	०	०	१	०	०	०	०	०	२	२	१	६६	६	२०	९२
५	लुम्बिनी	२२	३	९	२	१	०	३३	२	९	२	०	०	४	०	३	०	०	१	३	१	३	६६	७	२५	९८
६	कर्णाली	१३	१	२	०	०	०	११	०	३	०	०	०	०	०	१	०	०	०	०	०	०	२४	१	६	३१
७	सुदूर पश्चिम	१३	६	३०	०	०	०	२३	०	११	०	०	०	१	०	१	२	०	१	१	०	०	४०	६	४३	८९
जम्मा		१९०	४६	८९	२	१	१	५१९	३२	१५५	१४	१	१	९८	१५	५०	१७	२	६	२०	१४	११	८६०	१११	३१३	१२८४

बागमती प्रदेशमा सबैभन्दा बढी पत्रपत्रिकाको यस प्रणालीमा नियमितता देखिन्छ । जम्मा ५०० पत्रपत्रिकामध्ये ३३३ डिजिटल अभिलेखमा नियमित छन् भने ४६ पत्रपत्रिका अनियमित छन् । दैनिकमा ४० नियमित र ६ अनियमित, साप्ताहिकमा नियमित १७९ र १२ अनियमित, पाक्षिकमा ११ नियमित र १ अनियमित, मासिकमा ७८ नियमित र १५ अनियमित, द्वैमासिकमा १४ नियमित र १ अनियमित, त्रैमासिकमा ११ नियमित र ११ अनियमित रहेका छन् ।

मधेश प्रदेश दोस्रो बढी पत्रपत्रिकाको डिजिटल अभिलेखमा नियमित रहेको प्रदेश हो । उक्त प्रदेशबाट यस प्रणालीमा आबद्ध भएका ३१४ पत्रपत्रिकामध्ये २१७ पत्रपत्रिका नियमित छन् भने ३६ पत्रपत्रिका अनियमित छन् । कर्णाली प्रदेश सबैभन्दा कम नियमित पत्रपत्रिका अपलोड गर्ने प्रदेशको रूपमा रहेको छ । यस प्रदेशका ३१ पत्रपत्रिकाहरू मध्ये २४ वटा मात्रै नियमित छन् भने १ वटा पत्रपत्रिका अनियमित रहेका छन् । त्यसैगरी कोशी प्रदेशमा १६० पत्रिका प्रणालीमा आबद्ध रहेकोमा ११४ नियमित रहेका छन् भने ९ अनियमित छन् । लुम्बिनी प्रदेशमा ९८ पत्रिका आबद्ध रहेकोमा ६६ नियमित, ७ अनियमित रहेका छन् । गण्डकी प्रदेशमा ९२ आबद्ध रहेकोमा ६६ नियमित, ६ अनियमित रहेका छन् भने सुदूरपश्चिम प्रदेशमा ८९ आबद्ध रहेकोमा ४० नियमित र ६ अनियमित रहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा हार्डकपि र पिडिएफ प्रणालीमा तोकिएको समयभित्र अभिलेख भएका नियमित प्रकाशित पत्रपत्रिकाको विवरण काउन्सिलको वेबसाइटमा हेर्न सकिनेछ ।

खण्ड ४

वर्गीकरण र मिडिया प्रवर्धन

४.१ पत्रपत्रिकाको वर्गीकरण

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा पत्रपत्रिका वितरण सम्परीक्षण समितिको व्यवस्था गरिएको छ । उक्त दफामा प्रेस रजिष्ट्रार (महानिर्देशक, सूचना तथा प्रसारण विभाग)को अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस काउन्सिल नेपाल, लेखापरीक्षण सङ्घ, विज्ञापन सङ्घ वा व्यापारिक वा औद्योगिक सङ्घसंस्थाका एक/एक जना प्रतिनिधि र काउन्सिलले तोकेको अधिकृत सचिव रहने व्यवस्था गरिएको छ ।

समितिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११ मा उल्लेख गरिएको छ । यो दफामा पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन सङ्ख्या निर्धारण गर्ने, त्यसको अद्यावधिक अभिलेख राख्ने र पत्रपत्रिकाको प्रकाशन सङ्ख्या समेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने उल्लेख छ ।

वितरण सम्परीक्षण समितिले पत्रपत्रिकाको स्तर निर्धारण गरी प्रेस काउन्सिल नेपालसमक्ष पत्रपत्रिकाको वर्गीकरण मूल्याङ्कन प्रतिवेदन पेस गर्ने र काउन्सिलमार्फत नेपाल सरकारलाई जानकारी दिइ वर्गीकरण नतिजा सार्वजनिक गरिन्छ । यसरी सार्वजनिक भएको वर्गीकरण नतिजामा चित्त नबुझाउने पत्रपत्रिकाले पुनः मूल्याङ्कनको लागि पुनरावेदन गर्न पाउने र पुनरावलोकन समितिले पुनःमूल्याङ्कन गरी पुनरावलोकनसहितको अन्तिम नतिजा प्रकाशन गर्ने व्यवस्था रहेको छ ।

वितरण सम्परीक्षण समितिको उल्लिखित व्यवस्था तथा समितिले गर्नुपर्ने आफ्नो कामको जिम्मेवारीअनुसार आर्थिक वर्ष २०७८/७९ को पत्रपत्रिका वर्गीकरणको नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ । वितरण सम्परीक्षण समितिद्वारा दिइएको वर्गीकरण प्रतिवेदनको आधारमा काउन्सिलले आर्थिक वर्ष २०७८/७९ को पत्रपत्रिका वर्गीकरणसम्बन्धी प्रारम्भिक नतिजा २०८१/०४/१८ र २०८१/०६/२० गते पुनरावलोकनसहितको अन्तिम नतिजा प्रकाशन गरिएको थियो ।

वर्गीकरण गर्ने आधार

पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन, २०७५)को आधारमा आवेदन पर्न आएका पत्रपत्रिकाको वर्गीकरण मूल्याङ्कन गर्ने गरिन्छ । यसअनुसार पत्रपत्रिकाले राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीयस्तरको दावी गरी फाराम भर्ने गर्दछन् । उक्त मापदण्डमा साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको समेत

मापदण्डबमोजिम वर्गीकरण गरिने व्यवस्था गरिएकाले सोहीबमोजिम वर्गीकरण हुने गर्दछ । उक्त मापदण्डबमोजिम पत्रपत्रिकाहरूको तीन खण्डमा मूल्याङ्कन गरिन्छ ।

पहिलो – यो समूहअनुसार सचिवालयबाट पत्रपत्रिकाहरूले भरेको आवेदन फाराममा समावेश तथ्याङ्कअनुसार पत्रपत्रिकाको मूल्याङ्कन गर्ने कार्य गरिन्छ । यो ४० पूर्णाङ्कको हुन्छ । यसमा वितरण परिमाण, वितरण क्षेत्र, वर्गीकरण प्रक्रियामा सहभागिता तथा वर्गीकरणमा निरन्तरता र आवेदन दर्ताको लागि चाहिने न्यूनतम अङ्कभन्दा थप अङ्क पत्रपत्रिका प्रकाशित गरिएको र सोहीबमोजिमको अभिलेख पेस भएको भए सोकोसमेत मूल्याङ्कन गरी अङ्क प्रदान गरिन्छ । साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाहरूको हकमा यो समूहमा ३० पूर्णाङ्कमा मूल्याङ्कन गर्ने कार्य गरिन्छ ।

दोस्रो– यो समूहमा काउन्सिलबाट गठित पत्रकार आचारसंहिता अनुगमन उपसमितिबाट पत्रपत्रिकाको मूल्याङ्कन गरी पत्रकार आचारसंहिताबापतको अङ्क प्रदान गरिन्छ। पत्रपत्रिकाका विरुद्धमा काउन्सिलमा परेका उजुरीहरू र स्वअनुगमनका क्रममा पाइएका कैफियतलाई समेत मध्यनजर गरी यसबापतको अङ्क प्रदान गरिन्छ। २० पूर्णाङ्कमा यो समूहको मूल्याङ्कन गरी अङ्क प्रदान गरिन्छ ।

तेस्रो समूह– यो समूहमा विशेषज्ञद्वारा पत्रपत्रिकाको मूल्याङ्कन गरिन्छ । यस कार्यको लागि पत्रकारिताका अनुभवी, विषयवस्तुका ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषिसम्बद्ध सञ्चार विज्ञहरूको विशेषज्ञ सूची तयार गरिएको हुन्छ । सोही सूचीमा रहेका विशेषज्ञहरूबाट यो समूहको मूल्याङ्कन गराइन्छ । यस खण्डको पूर्णाङ्कभार ४० रहेको हुन्छ भने साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको हकमा पूर्णाङ्क भार ५० अङ्कको हुन्छ । विशेषज्ञहरूबाट पत्रपत्रिकाको मूल्याङ्कन गराउँदा साधारण वर्गीकरण सिफारिस मूल्याङ्कन र हुबहु (अतिसाभार) परीक्षणसहितको विशेष मूल्याङ्कन पनि गराइन्छ । हुबहु परीक्षण गराउँदा वर्गीकरण प्रक्रियामा समावेश भएका पत्रपत्रिका, नमूना विधिबाट छनोट गरिएका पत्रपत्रिका तथा वितरण सम्परीक्षण समितिले तोकेर दिएको आधारमा हुबहु परीक्षण मूल्याङ्कन गराइन्छ र बाँकी रहेका पत्रपत्रिकाहरूको साधारण वर्गीकरण सिफारिस मूल्याङ्कन गरिन्छ ।

यसरी तीन समूहको कुल जोडपछि १०० पूर्णाङ्कमा पत्रपत्रिका मूल्याङ्कन गर्दा प्राप्त भएको प्राप्ताङ्कको आधारमा पत्रपत्रिकाको स्तर निर्धारण हुन्छ । ६५ वा सोभन्दा माथि प्राप्ताङ्क भएमा "क" वर्ग, ५० देखि ६४ सम्म प्राप्ताङ्क भएमा "ख"

वर्ग, ३५ देखि ४९ सम्म प्राप्ताङ्क भएमा "ग" वर्ग र २५ देखि ३४ सम्म प्राप्ताङ्क भएमा "घ" वर्ग कायम गरी पत्रपत्रिकाको स्तर निर्धारण हुन्छ । तर, पत्रपत्रिका हुबहु ठहर भएको अवस्थामा, तोकिएका कागजातहरू निर्धारित समयमा पेस गर्न नसकेको अवस्थामा, पत्रपत्रिकाले न्यूनतमरूपमा पेस गर्नुपर्ने पत्रपत्रिकाको प्रकाशित अङ्कको अभिलेख नियमित नभएमा र पहिलोपटक वर्गीकरणको लागि आवेदन दिँदा पत्रपत्रिका प्रकाशनको स्थायी प्रमाणपत्र पेस गर्न नसकेका पत्रपत्रिकाहरू वर्गीकरणमा पर्दैनन् ।

वर्गीकरण सूचना

पत्रपत्रिकाको वर्गीकरणको लागि पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन-२०७५)बमोजिम वर्गीकरण गरिन्छ । आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरणको फाराम भर्न मिति २०८०/०८/०६ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी ३० दिन (मिति २०८०/०८/०६ गतेदेखि मिति २०८०/०९/०५ गतेसम्म) र दोब्बर दस्तुर थप ७ दिन (२०८०/०९/१२ गतेसम्म) समयावधि तोकी सूचना प्रकाशित गरिएको थियो । यसैगरी आ.व. २०८०/८१ को पत्रपत्रिका वर्गीकरणको फाराम भर्न मिति २०८१/०९/२९ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी ३० दिन (मिति २०८१/०९/२९ गतेदेखि मिति २०८१/१०/२९ गतेसम्म) र दोब्बर दस्तुर थप ७ दिन (२०८१/११/०६ गतेसम्म) दिनको समयावधि तोकी सूचना प्रकाशित गरिएको थियो । छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को नियम ४ बमोजिम प्रकाशनको स्थायी प्रमाणपत्र लिइ प्रचलित कानुनले तोकेको साइज र पृष्ठ सङ्ख्यामा नियमित प्रकाशन भएका पत्रपत्रिकाका प्रकाशकले आ.व. २०७९/८० र आ.व. २०८०/८१ को पत्रपत्रिका वर्गीकरण प्रकियामा समावेश हुन चाहेमा आफ्नो प्रकाशनसम्बन्धी विवरण भरी पत्रपत्रिका मूल्याङ्कन एवं वर्गीकरण प्रयोजनको लागि वितरण सम्परीक्षण समितिको सचिवालय, प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, काठमाडौँमा आवेदन फाराम दर्ता गराउन सूचनामार्फत जानकारी गराइएको थियो । आवेदन फाराम दर्ता गराउँदा तोकिएको शुल्कको अलवा आफ्नो प्रकाशनको काउन्सिलमा दर्ता भएको अभिलेख (अङ्कतालिका), कर्मचारीको तलब खुल्ने नियुक्तिपत्र, तलब भुक्तान गर्दा कट्टी गरिएको १ प्रतिशत सामाजिक सुरक्षा कर दाखिला भौचर, पत्रपत्रिका वा प्रकाशन संस्थाको करचुक्ता प्रमाणपत्र, कागज खरिद एवं पत्रिका छपाइको बिल, लेखापरीक्षकको पेसागत प्रमाणपत्र, पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्धतालगायतका कागजपत्रलाई अनिवार्य गरिएको थियो ।

वर्गीकरण फाराम दर्ता गराउँदा तोकिएबमोजिम पत्रपत्रिका काउन्सिलको अभिलेखमा पिडिएफसहित हुनुपर्ने व्यवस्था गरिएको थियो ।

वर्गीकरण दस्तुर

क्र.सं.	पत्रिकाको प्रकार	राष्ट्रियस्तर	प्रदेशस्तर	स्थानीयस्तर	
१	दैनिक समाचारपत्र	रु. ५,१००।-	रु.३,६००।-	रु. २,६००।-	साहित्यिक/भाषाभाषीका पत्रपत्रिकाको हकमा तोकिएका पत्रपत्रिकाको आधा शुल्क ।
२	अन्य पत्रिका (दैनिक बाहेक)	रु. ४,१००।-	रु.३,१००।-	रु. २,१००।-	

आ.व. २०७९/८० मा ८९४ वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए भने आ.व. २०८०/०८१ मा ८९९ वटा पत्रपत्रिकाले आवेदन फारम दर्ता गराएका छन् ।

आ.व. २०७८/७९ को पत्रपत्रिकाको वर्गीकरण

विद्युतीय सञ्चार माध्यम (रेडियो, टेलिभिजन र अनलाइन)सहित सामाजिक सञ्जालहरूको दिनानुदिन वृद्धि हुँदै गएकोले छापामाध्यमका रूपमा रहेका पत्रपत्रिकाको विस्तार र वितरण सङ्ख्या घट्दै गएको देखिएको छ । कतिपय प्रकाशकले राम्रो वर्गमा पर्नका निमित्त आवश्यक अङ्क पाउनका लागि धेरै मात्रामा वितरण भएको सङ्ख्या पत्रपत्रिका वर्गीकरण फाराममा उल्लेख गर्ने प्रवृत्ति बढेको छ । तर, सीमित स्रोतसाधनको कारण काउन्सिलले अनुगमन गरी वास्तविक वितरण सङ्ख्या एकीन गर्न कठिनाइ परिरहेको छ ।

आ.व. २०७८/७९ को पत्रपत्रिका वर्गीकरणका क्रममा प्रकाशक/सम्पादकले पेस गरेको विवरण, पत्रिकाको अनुगमन, निरीक्षण, मूल्याङ्कन, मापदण्ड र देहायको आधारमा वर्ग कायम गरिएको थियो;

(१) प्रकाशकले दाबा गरेअनुरूप नै प्रकाशन सङ्ख्या र वितरण क्षेत्रबापतको प्राप्ताङ्क गणना गरिएको थियो । केही जिल्लामा पत्रपत्रिकाको दाबी विवरण प्रमाणित गर्न प्रेस निरीक्षण र बजार अनुगमन गरिएको थियो ।

(२) विगतमा वर्गीकरणमा निरन्तर समावेश भएका पत्रिकालाई मापदण्डअनुसार निरन्तरताको अङ्क गणना गरिएको र न्यूनतम् प्रकाशित अङ्कभन्दा बढी

प्रकाशन गर्ने पत्रपत्रिकाको लागि थप अङ्कबापत अङ्क प्रदान गरी कुलअङ्क गणना गरिएको थियो ।

(३) पत्रपत्रिका मूल्याङ्कन गर्न विशेषज्ञको सूचीमा परिमार्जन गरी विशेषज्ञद्वारा पत्रपत्रिकाको मूल्याङ्कन वर्गीकरणको कार्य गरिएको थियो । यसका लागि पुराना र नयाँ विशेषज्ञलाई अभिमुखीकरण तालिम दिइएको थियो ।

(४) पत्रपत्रिका मूल्याङ्कन र वर्गीकरणका क्रममा मापदण्डअनुसार वितरण सङ्ख्या, क्षेत्र तोकिएभन्दा कम भइ माग दाबीबमोजिम वर्गीकरण प्रक्रिया अघि बढाउन नसकिनेको हकमा सोभन्दा तल्लोस्तर (राष्ट्रियस्तर भए प्रदेशस्तर वा स्थानीयस्तर र प्रदेशस्तर भए स्थानीयस्तर)मा वर्गीकरण गरिएको थियो ।

(५) पत्रपत्रिकालाई प्रचलित पत्रकार आचारसंहिताबापत उपलब्ध हुने प्राप्ताङ्क प्रदान गर्नका लागि प्रेस काउन्सिल नेपालअन्तर्गत रहेको पत्रकार आचारसंहिता अनुगमन उपसमितिले प्रत्येक पत्रपत्रिकाको अध्ययन गरी सिफारिस गरेको आधारमा पत्रकार आचारसंहिताबापतको अङ्क प्रदान गरिन्छ । पत्रपत्रिकाको वर्गीकरणको नतिजामा पत्रकार आचारसंहिता अनुगमन उपसमितिले प्रदान गरेबमोजिम पत्रकार आचारसंहिताको सोहीअनुसार अङ्क प्रदान गरिएको थियो ।

(६) मापदण्डअनुसार भौतिक पूर्वाधार विकासका दृष्टिले पछि परेका जिल्लाबाट प्रकाशन भएका र महिला, दलित, अपाङ्गता भएका व्यक्ति सम्पादक भएका तथा प्रकाशन हुने भाषाको आधारमासमेत अङ्कभारमा विशेष सुविधा पाउने व्यवस्था भएबमोजिम यस्तो सुविधाबापत पाउने अङ्कसहित मूल्याङ्कन गर्दा कायम हुनसक्ने वर्ग कायम गरी वर्गीकरण गरिएको थियो ।

(७) जिल्लागत सन्तुलन मिलाउँदा समानस्तर भएका पत्रपत्रिकालाई एउटै स्तर कायम गरिएको थियो ।

(८) आ.व. २०७८/७९ को पत्रपत्रिकाको वर्गीकरण नतिजा प्रकाशित गर्दा आ.व. २०७७/७८ को वर्गीकरण नतिजालाई समेत आधार बनाइएको थियो भने नयाँ निवेदनलाई विशेष रूपमा हेरी वर्गीकरण गरिएको थियो ।

पुनरावलोकनसहितको वर्गीकरण नतिजा

आ.व. २०७८/७९ को पत्रपत्रिका वर्गीकरणको प्रारम्भिक नतिजा मिति २०८१/०४/१८ गते प्रकाशित भएको थियो । यस नतिजाउपर चित्त नबुझ्नेले आधार

र प्रमाणसहित १५ दिनभित्र (सुरुको दस्तुरको २५ प्रतिशत) र दोब्बर दस्तुरसहित थप ७ दिनभित्र पुनर्योग/पुनःमूल्याङ्कनका लागि सूचना प्रकाशन गरिएको थियो । सोहीअनुरूप प्राप्त निवेदनलाई छानबिन गर्नका लागि प्रेस काउन्सिल नेपालद्वारा ३ (तीन) सदस्यीय पत्रपत्रिका वर्गीकरण पुनरावलोकन समिति गठन गरिएको थियो । यसै पुनरावलोकन समितिले दिएको प्रतिवेदनका आधारमा काउन्सिलद्वारा मिति २०८१/०६/२० गते आर्थिक वर्ष २०७८/७९ को पुनरावलोकनसहितको पत्रपत्रिका वर्गीकरणसम्बन्धी अन्तिम नतिजा प्रकाशन गरिएको थियो ।

आ.व. २०७८/७९ मा ४८ वटा नयाँ पत्रपत्रिकासहित वर्गीकरणका लागि ९०० वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए । अघिल्लो आ.व. २०७७/७८ मा ८७२ वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए । आ.व. २०७८/७९ मा जम्मा ८७५ वटा पत्रपत्रिका वर्गीकरणमा परेका थिए भने कागजात एवं अङ्क नपुग र हुबहु भइ २५ वटा पत्रपत्रिका वर्गीकरणमा परेका थिएनन् । आ.व. २०७८/०७९ मा वर्गीकरणमा परेका पत्रपत्रिकामध्ये "क" वर्गमा २९२ वटा, "ख" वर्गमा ४३२ वटा, "ग" १३७ वटा र "घ" १४ वटा थिए । यसैगरी वर्गीकरणमा परेका पत्रपत्रिकाको प्रकारअनुसार दैनिक २०० वटा, अर्धसाप्ताहिक २ वटा, साप्ताहिक ५१० वटा, पाक्षिक १३ वटा, मासिक ६९ वटा, द्वैमासिक ५ वटा, त्रैमासिक ८ वटा, साहित्यिक ५६ वटा र भाषाभाषी १२ वटा रहेका थिए ।

आ.व. २०७८/७९ को पुनरावलोकनसहितको अन्तिम नतिजा काउन्सिलको वेबसाइट www.presscouncilnepal.gov.np मा हेर्न सकिन्छ । साथै आ.व २०७८/७९ को पत्रपत्रिका वितरण सम्परीक्षण (वर्गीकरण) नतिजा अनुसूची १ मा उल्लेख छ ।

कार्यविधिको निर्माण

पत्रपत्रिका वर्गीकरणसम्बन्धी कार्यलाई अझ व्यवस्थित, वैज्ञानिक, वस्तुनिष्ठ, पारदर्शी एवं समयसापेक्ष बनाउन वितरण सम्परीक्षण कार्यविधिको मस्यौदा तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइसकिएको छ ।

प्रेस निरीक्षण तथा बजार अनुगमन

पत्रपत्रिकाको वर्गीकरणलाई वस्तुगत एवं मौलिक बनाइ वितरणको सङ्ख्या यकिन गर्नका लागि सम्बन्धित पत्रपत्रिका छापिने प्रेसको निरीक्षण र बजार अनुगमन

गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष २०७९/८० मा पनि केही जिल्लामा काउन्सिल र वितरण सम्परीक्षण समितिबाट पत्रपत्रिकाको बजार अनुगमन र प्रेस निरीक्षण गरिएको थियो । पत्रपत्रिकाको बजार अनुगमनका क्रममा सम्बन्धित पत्रिकाका सम्पादक, प्रकाशक, प्रेससँग सम्बन्धित व्यक्ति, बजार वितरक, जिल्ला हुलाक र जिल्लाका नेपाल पत्रकार महासङ्घका प्रतिनिधिसँग छलफल तथा विचारविमर्श गरिएको थियो । यसैगरी स्टेसनरी पसलहरूमा सम्पर्क गरिएको थियो । यो वर्षमा काठमाडौँ उपत्यकालगायत केही मोफसलका जिल्लामा बजार अनुगमन र प्रेस निरीक्षण गरिएको थियो । बजार अनुगमन र प्रेस निरीक्षणबाट देहायका निष्कर्ष प्राप्त भएका छन्;

(१) वर्गीकरणको प्रयोजनका लागि मात्र केही पत्रपत्रिकाको प्रकाशन हुने तथा यस्ता पत्रपत्रिका सम्बन्धित जिल्ला हुलाक कार्यालयमा एकमुष्ठ पत्रपत्रिका र बिलसहित भुक्तानीका लागि पेस गर्ने गरेको पाइएको छ । यसैगरी पत्रपत्रिकाका सञ्चालकहरूले प्रेस काउन्सिल नेपाल, विज्ञापन बोर्ड र विज्ञापन दाताहरूमा मात्र पत्रपत्रिका बाँड्ने गरेको पाइएको छ । बजारमा नदेखिने पत्रपत्रिकाहरू वर्गीकरणमा परेका छन् भने उजुरीसमेत पर्ने गरेको छ ।

(२) अधिकांश जिल्लाहरूमा काठमाडौँबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिका स्थानीय स्टेशनरी पसलमा देखिएनन्, कहीँ फाट्टफुट्ट देखिए । यी पत्रपत्रिकाले आफ्ना ग्राहक र ग्राहक बनेका कार्यालयमा आफैँ वितरण गर्ने गरेको पाइयो । राष्ट्रियस्तरका पत्रपत्रिका विगतको तुलनामा कम सङ्ख्यामा बजारमा आउने गरेको देखियो ।

(३) काठमाडौँबाट प्रकाशित हुने अधिकांश राष्ट्रियस्तरका साप्ताहिक पत्रपत्रिका बजारमा देखिएनन् । यसबाट पत्रपत्रिकाहरूको बजार सङ्कुचित हुँदै गइरहेको प्रष्ट हुन्छ ।

(४) स्थानीयस्तरबाट प्रकाशित अधिकांश दैनिकहरू बजार देखिए पनि स्थानीयस्तरबाट प्रकाशित साप्ताहिक तथा अन्य किसिमका पत्रपत्रिका बजारमा भेटिएनन् ।

(५) मौसमी पत्रपत्रिका पनि बजारमा फस्टाएको देखिए भने कुनै दिवस वा चाडपर्व वा निर्वाचनका समयमा प्रकाशित हुने पत्रपत्रिका पनि बजारमा प्रकाशित भएको पाइयो । यस्ता दिवस वा चाडपर्वहरू बितेपछि ती पत्रपत्रिका प्रकाशित नहुने र यी पत्रपत्रिका बिक्री वितरणका लागि नभइ केवल विज्ञापनका लागि प्रकाशित हुने गरेको पाइयो ।

(६) प्रायः सबै पत्रिपत्रिका अफसेट प्रेसमा छापिने गरेको र प्रमुख राष्ट्रिय पत्रपत्रिका वेब प्रेसमा छापिएको देखिए भने केही प्रदेश र स्थानीयस्तर दैनिकहरू पनि वेब प्रेसमा छापिएको देखियो । राष्ट्रियस्तरका पत्रपत्रिका मेटल प्लेट र अन्यस्तर अधिकांश पत्रपत्रिका पोलिप्लेटमा छापिने गरेको पाइयो ।

(७) सामाजिक सञ्जाल र अनलाइनको प्रयोगले गर्दा पत्रपत्रिकाको प्रकाशित सङ्ख्यामा कमी र बिक्री वितरणमा पनि कमी आएको देखियो ।

सम्पादक तथा प्रेस सञ्चालकसँग छलफल

पत्रपत्रिकाको प्रेस निरीक्षण र बजार अनुगमनका क्रममा पत्रपत्रिकाका सम्पादक तथा प्रेस सञ्चालकसँग पनि छलफल गरिएको थियो । छलफलका क्रममा प्रेस सञ्चालकहरूले पत्रपत्रिका सञ्चालक तथा प्रकाशकहरूले छपाइबापत प्रेसलाई तिर्नुपर्ने रकम नदिएको पनि गुनासो पाइयो । प्राप्त केही सुझावहरू देहायबमोजिम रहेका छन्;

(१) काउन्सिलले पत्रपत्रिका सम्परीक्षण/वर्गीकरणमा मापदण्ड र आवेदन दिने प्रक्रियालाई सरलीकरण बनाउनुपर्छ ।

(२) छापा पत्रकारिता विशेषतः साना मिडियाको अवस्था अत्यन्तै दयनीय बन्दै गइरहेकाले यिनीहरूको संरक्षणका लागि काउन्सिलले साना मिडियालाई संरक्षण गर्ने विशेष नीति बनाउनुपर्छ ।

(३) नेपालमा मिडियाको सङ्ख्या धेरै भएकाले मिडियामा पनि मर्जर प्रक्रियालाई प्रोत्साहन गर्ने नीति बनाउनुपर्छ ।

(४) पत्रकार र सञ्चारगृहलाई राज्यले सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनुपर्दछ ।

(५) स्थानीय विज्ञापनलाई स्थानीय पत्रपत्रिकामा नै प्राथमिकता दिइनुपर्दछ ।

(६) समानुपातिक विज्ञापन प्रणालीलाई कार्यान्वयन गर्नुपर्दछ ।

(७) सञ्चार क्षेत्रमा भएको बेथितिलाई प्रेस काउन्सिल नेपाल र अन्य सम्बन्धित निकायले नियामन गर्नुपर्छ ।

(८) विज्ञापनवापतको रकम वृद्धि गर्न काउन्सिलले पहल गर्नुपर्छ र काउन्सिलले समग्र सञ्चार जगतको अभिभावकको भूमिका निभाउन जरुरी छ ।

(९) विभिन्न जिल्ला र प्रदेशगतरूपमा वितरण सम्परीक्षण र वितरण सम्परीक्षणसम्बन्धी मापदण्डको प्रशिक्षणको आयोजना गर्नुपर्छ ।

निष्कर्ष

(१) पत्रपत्रिका धेरै सङ्ख्यामा प्रकाशित नहुने, प्रकाशित भए पनि बिक्री नहुने, बजारमा खास नदेखिने र लोक कल्याणकारी विज्ञापनको भुक्तानीका लागि मात्रै पत्रपत्रिका छपाइने प्रवृत्ति बढेको देखियो ।

(२) आर्थिक मन्दी र छपाइबापतको रकम पत्रपत्रिका सञ्चालकले नदिएका कारण केही प्रेसहरू बन्द भएको पनि पाइयो ।

(३) प्रायः साना लगानीका पत्रपत्रिका पोलि प्लेटमा छापिएको देखियो ।

(४) पत्रपत्रिकाहरू छापाखानालाई प्रकाशित गर्न जिम्मा दिइने, उनीहरूले नै सेटिङ गरेर प्रकाशित गरिदिने परिपाटीको विकास भएको छ । एउटै कम्प्युटर अपरेटरबाट धेरै पत्रिका सेटिङ गरेको पाइयो । यसले गर्दा पत्रपत्रिका कपिपेष्ट (हुबहु) हुने सम्भावना धेरै रहेको देखियो ।

(५) एकै प्रेसबाट धेरै पत्रपत्रिका प्रकाशन हुने गरेका देखिन्छन् । तर, प्रायः साप्ताहिक पत्रिका दिउँसो नै छापिने गरेको वा महिनामा एकैचोटी छापिने गरेको पाइयो ।

(६) प्रायः सबै मिडिया आर्थिक सङ्कटमा रहेका देखिन्छन् । विशेषतः साप्ताहिक, मासिक पत्रपत्रिकाको स्थिति अन्यन्तै नाजुक रहेको छ । दैनिक पत्रपत्रिका पनि धेरै कम मात्रामा मात्रै छापिने गरेको देखियो । साप्ताहिक र मासिक पत्रपत्रिकाहरू बजारमा देखिँदैनन् र बजारमा देखिए पनि बिक्री नहुने अवस्था रहेको छ ।

(७) सञ्चारगृह सञ्चालनार्थ दीर्घकालीन सोच र बजेट व्यवस्थापनको लागि स्थानीय तहबाट समेत व्यवस्थापन हुन नसक्दा सञ्चारगृहहरू एकपछि अर्को गर्दै बन्द हुन थालेको अवस्था छ ।

(८) सिजनल र चाडपर्वमा मात्रै प्रकाशित हुने पत्रपत्रिकाको सङ्ख्या पनि धेरै रहेका छन् ।

(९) प्रकाशित पत्रपत्रिका पनि छपाइको स्तरीयता देखिएन, सामग्रीमा मौलिकता छैन र श्रद्धाञ्जली एवं बधाइका विज्ञापनले पृष्ठ भरिने गरेका देखिन्छन् ।

(११) पत्रकार र प्रेस सञ्चालकले पेसा परिवर्तन गरेको पाइयो ।

४.२ प्रेस स्वतन्त्रता अनुगमन

पत्रकारले जिम्मेवारी वहन गर्ने क्रममा विभिन्न पक्षबाट हुने गरेका दुर्व्यवहार, धाकधम्की, यातनालगायतबाट टाढा राख्न र यस्ता घटना हुन गएमा न्याय दिलाउने उद्देश्यले प्रेस काउन्सिल नेपालले २०७७ साल भदौदेखि प्रेस स्वतन्त्रता अनुगमन सुरु गरेको थियो । अहिले पनि नियमितरूपमा उक्त कार्य हुँदै आएको छ । श्रमजीवी पत्रकारले पारिश्रमिक नपाउँदा, तोकिएभन्दा कम तलब पाउँदा, कानुनविपरीत जिम्मेवारीबाट हटाइँदा न्याय दिलाउन माग गर्दै काउन्सिलमा निवेदन आउने गरेको छ । काउन्सिलले दैनिक देखिएका र निवेदनमार्फत प्राप्त भएका प्रेस स्वतन्त्रता हनन र श्रमजीवी पत्रकार अन्यायमा परेका घटनाको अभिलेख राख्दै आएको छ । काउन्सिलले यसबारे विवरण पनि आवधिकरूपमा आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्दै आएको छ ।

वि.सं. २०८० साल चैतमा बसेको काउन्सिल बोर्ड बैठकले 'प्रेस स्वतन्त्रता अनुगमन कार्यविधि, २०८०' स्वीकृत गरेपछि सोही आधारमा अनुगमन र कारबाही हुँदै आएको छ । प्रेस स्वतन्त्रता तथा मिडिया प्रवर्धन महाशाखाअर्न्तगत रहेको प्रेस स्वतन्त्रता अनुगमन तथा कानुन शाखाले प्रेस स्वतन्त्रता हननविरुद्धका घटनालाई अनुगमन र आवश्यक कारबाही गर्दछ ।

यस शाखाले

- प्रेस स्वतन्त्रताको अवस्थाबारे अद्यावधिक विवरण राख्ने,
- प्रेस स्वतन्त्रता हननका घटनाहरूको अभिलेख गर्ने र निर्णयानुसार विवरण सार्वजनिक गर्ने,
- नियम, विनियम, कार्यविधि, मापदण्ड निर्माण जस्ता कार्यमा सघाउने,
- मुद्दामामिलासम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- देशभरका पत्रकार र सञ्चार माध्यमको अभिलेख राख्ने तथ्य सङ्कलन गर्ने,
- सञ्चार माध्यम र पत्रकारविरुद्ध विभिन्न अदालत, निकायमा परेका रिट उजुरी र फैसलाको अभिलेख राख्ने जस्ता कार्य गर्दै आएको छ ।

प्रेस स्वतन्त्रताको संरक्षण र श्रमजीवी पत्रकारको हितका साथै माथि उल्लिखित कार्य गर्न उपसमितिबाट नीति निर्माण हुँदैआएको छ ।

कार्यविधि

प्रेस स्वतन्त्रता अनुगमनसम्बन्धी कार्यविधि, २०८० हाल कार्यान्वयमा रहेको छ ।

शाखाद्वारा सम्पादित कार्य

नियमित अनुगमन

